साहित्यिक पत्रिका

# नवप्रज्ञापन

प्रकाशनारम्भ : २०५०, पूर्णाङ्क : ५९, माघ-चैत्र २०६९

**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**अतिथि सम्पादक**
डा. धनप्रसाद सुवेदी

**उप-सम्पादक**
यशु श्रेष्ठ

**व्यवस्थापक**
गणेशराज रिजाल

**विशेष सहयोगी**
निर्मोही व्यास
राममणि दुवाडी
हरि खनाल
बैरागी जेठा
पुष्करराज भट्ट
मोहनबहादुर कायस्थ
तेजप्रकाश श्रेष्ठ
केशव रूपाखेती
विद्याप्रसाद घिमिरे

मूल्य : रु. २५।-

**प्रतिनिधि**
रमेशमोहन अधिकारी
राममणि पोखरेल
शिरोमणि अर्याल
लक्ष्मी कणेल
गोविन्द ढकाल 'ढुङ्गेली'
शान्ता अजनवी
सुशील मुडभरी
अस्मिता शर्मा
भक्त कार्की
मिलन समीर
लीलाराज दाहाल
जनार्दन खनाल
शेखर कार्की
बाबुरामप्रसाद पौडेल

**आवरण**
वाई एस

**लेआउट**
डीएन्डडी कम्प्युटर
बागबजार

**मुद्रण**
समुन्द्र प्रिन्टर्स,
टेकु, काठमाडौं

**कार्यालय :** स्वाभिमानवस्ती डुमरवाना-७, बारा, फोन नं. : ९८४५०९४८५५
**काठमाडौं सम्पर्क :** पो.ब.नं. ९१०९, काठमाडौं, फो.न : ९८५११३८६२४
e-mail : nabapragyapan@gmail.com

## वरिष्ठ एवं आजीवन सदस्यहरू

| | |
|---|---|
| १. माया ठकुरी, धोबिघाट ललितपुर | २. विश्वराज अधिकारी, वीरगञ्ज पर्सा |
| ३. रुकु कार्की, हेटौंडा मकवानपुर | ४. रामप्रसाद अधिकारी, सिमरा बारा |
| ५. ध्रुवकुमार घिमिरे, निजगढ बारा | ६. वीणा पोखरेल, चावहिल काठमाडौं |
| ७. पीताम्बरा 'पीयूष', कलङ्की काठमाडौं | ८. ललिता दोषी, बुद्धनगर काठमाडौं |
| ९. डा. सुषमा आचार्य, मानभवन ललितपुर | १०. निर्दोषकुमार, स्वाभिमानबस्ती बारा |
| ११. भद्रकुमारी घले, मैतीदेवी काठमाडौं | १२. हरिप्रसाद पाण्डेय, बालाजु काठमाडौं |
| १३. वासुदेव अधिकारी, सुनौलाबजार धादिङ | १४. दीपेन्द्रसिंह थापा, महादेवस्थान धादिङ |
| १५. ईशा शाह, पकनाजोल काठमाडौं | १६. भगीरथ मिश्र, दमक झापा |
| १७. लक्ष्मी शर्मा, बालाजु काठमाडौं | १८. शर्मिला खड्का दाहाल, इटहरी सुनसरी |
| १९. अनन्तप्रसाद वाग्ले, बासडोल, काभ्रे | २०. छविरमण सिलवाल, मेथिनकोट काभ्रे |
| २१. अर्जुन पाण्डे, जीवनपुर, धादिङ | २२. कार्तिकेय घिमिरे, हरिवन, सर्लाही |
| २३. पाण्डवराज कार्की, हर्नामाडी मकवानपुर | २४. राजनप्रसाद सिलवाल, छत्रेदेउराली, धादिङ |
| २५. गंगा पौडेल, कपन काठमाडौं | २६. वासुदेव श्रेष्ठ, जीवनपुर धादिङ |

# अनुरोध

- भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा यथाशक्य योगदान गर्नु पत्रिकाको उद्देश्य हो ।
- साहित्यका विविध विधाका रचनाहरूलाई यहाँ स्थान दिइनेछ ।
- स्तरीय, मौलिक तथा अन्यत्र अप्रकाशित रचनाको सधैं स्वागत गरिन्छ ।
- रचना पठाउँदा कागजको एकापट्टि स्पष्टसँग लेखिएको वा टाइप गरिएको हुनुपर्ने छ ।
- शुद्धसँग प्रिती फन्टमा टाइप गरेर पठाएका रचना मात्र स्वीकार्य हुन सक्नेछन् ।
- रचनामा नाम, ठेगाना र परिचय स्पष्ट हुने गरी लेखिएको हुनुपर्नेछ ।
- प्रकाशनार्थ प्रेषित रचनाहरू चार अङ्कभित्र प्रकाशित नभए अन्यत्र पठाउन सकिनेछ ।
- रचना स्वीकृत-अस्वीकृत गर्ने तथा काँटछाँट गर्ने सम्पूर्ण अधिकार सम्पादक मण्डलमा निहीत रहने छ ।
- अस्वीकृत रचना फिर्ता नगरिने हुँदा एकप्रति आफूसँग राखेर मात्र पठाउन सूचित गरिन्छ ।
- प्रकाशित रचनामा व्यक्त विचारहरूप्रति लेखक स्वयं जिम्मेबार हुने भएकाले सिर्जनाप्रति गम्भीर हुन पत्रिका सपरिवार आग्रह गर्दछ ।
- पुस्तक समीक्षाका लागि दुई प्रति कृति अनिवार्य रुपमा पठाउनु पर्नेछ ।
- हाम्रो साहित्य कर्मप्रति तपाईं आश्वस्त हुनुभएको खण्डमा संरक्षक सदस्य, वरिष्ठ सदस्य, आजीवन सदस्य, वार्षिक सदस्य, प्रतिनिधि वा सहयोगी बनेर सहभागी बन्न सक्नुहुनेछ ।

# सम्पादकीय

हामी केवल लिइरहेछौं । के, किन र कसरी परवाह छैन । यही छ बिडम्बना !, कसले के दिँदैछ, किन दिँदैछ र कसरी दिँदैछ, लेखा जोखा हुनुपर्ने हो । विचार विमर्श गर्नुपर्ने हो । बडो अचम्मको स्थिति छ । आजसम्म हामीले आफूलाई माग्ने चिन्तनधाराबाट माथि उठाउनै सकेनौं । प्रयास पनि गरेनौं । मात्र माग्यौं र मागिरह्यौं । आँखा चिम्म पारेर । खोजेनौं आफूलाई । छामेनौं आफ्नोपन । मनमस्तिष्कको वरिपरि पुगेनौं कहिल्यै । छोपिएको वा सुषुप्त अवस्थाको साहस, उत्साह र उमङ्गलाई पाता कस्यौँ अनि थाल्यौँ हात पसार्न । अरूले जे दिएपनि हात थाप्यौं तर त्यसो गर्नु भन्दा पहिले हुन्छ किन हुन्छ भन्ने चिन्तन गरेनौं ।

त्यसो त त्यो काम अगुवाहरूको हो । बाटो देखाउनु पर्ने । आस्थामा विश्वास घोलेर पिलाउनु पर्ने । विचारको जङ्घार तर्न सिकाउनु पर्ने । बाटो हिँड्न नजाने ताते ताते गरेरै भए पनि हिँडन प्रेरित गर्नुपर्ने तर दुर्भाग्य हामीले त्यस्ता अगुवा पाउनै सकेनौं । जो आए, माग्ने चिन्तन लिएरै आए । जसले विचार अगाडि ल्यायो, त्यसमा पनि पराय रिझाउने र आफू निहुरिने भन्दा फरक आउनै सकेन । पराया संस्कृति, संस्कार, परम्परा, रीतिरिवाज, प्रचलन, सबैको हार्दिक स्वागत गर्‍यौँ । हाम्रो सबै नराम्रो भन्ने मान्यताले राज गर्‍यो । हिजोदेखि आजसम्मै जसका सिता खाई, उसैको गीत गाई भन्ने भनाइ चरितार्थ भएको छ । माग्नेले अरूले जे दिएपनि त स्वीकार गर्नै पर्‍यो । त्यसैले, बिना अवरोध धेरै कुरा अरूकै स्विकार्‍यौं । पितापुर्खाका त्याग, योगदान तथा मूल्यमान्यतालाई तिलाञ्जली दिई रहयौं । आत्मसम्मानमा चोट पुर्‍यायौं र त्यो क्रम वर्तमानमा पनि यथावत छ । आफूलाई खोतल्ने प्रयास कतैबाट भएन । सम्भवतः आवश्यक ठानेनौं । त्यसैले त नगरेका हौं । बेलायत, कार्ल मार्क्स, कैजर विलियम र नेपोलियन बोनापार्टहरू समेतले चिनेको पुर्खाहरूको ताकत तिनैका सन्तान हामीले कहिल्यै चिन्न सकेनौं । परख गर्दै गरेनौं । परायहरूले धेरै चिने । त्यसैले प्रयोग गरे । प्रयोग भयौँ, त्यो अर्को पाटो । तर उनीहरूले चिनेकै हो । त्यसो त नढाँटी भन्दा वर्तमानमा पनि त हामी प्रयोगै भइरहेका छौं । तर आजका हामी आफूसँग जे छ, त्यसलाई उपयोग गर्न सकिरहेका छैनौं । जे छैन, त्यसैमा चिन्तन गरिरहेछौं । ए बाबा ! भएको कुरा लिएर अगाडि बढे हुन्न ? भएको वस्तु बिक्री गरेर नभएको किन्दा भैहाल्छ नि । तर हामी केवल अरूको निम्ति भड्किरहेछौं ।

यो चाहीँ ध्रुव सत्य हो कि हामी हिँड्न खोजीरहेछौं । खोजी रहेको मात्र हैन, हिँडिरहेका पनि छौं तर गन्तव्यहीन हिँडाई । कहाँ पुग्ने हो । के गर्ने हो । कसरी गर्ने हो । कुनै मार्गचित्र छैन । तथापि पाइला बढाइरहेछौं । हिँडाइ आफ्नो तागत, हैसियत, औकात र उद्देश्यले नभै अरूको इसारामा भैरहेछ । यथार्थ  हो, आफ्नालाई विश्वासमा लिनुपर्छ भन्ने सोच हामीमा छँदैछैन । मात्र परायालाई स्वस्ती गरेर उसैको इसारामा निरन्तर चालिरहेछौं पाइला । किन गर्दैनौं आफैलाई र आफ्नालाई विश्वास ? छ त तपाईंसँग  गतिलो वा तार्किक उत्तर ? केवल प्रश्न छ । आस्था-विश्वास फतफती झरिरहेछन् कुहिएर अनि तपाई हामी हारिरहेछौं इतिहासको लामो कालखण्डदेखि ।

वर्तमान पनि हाम्रो हातमा छैन । प्रश्न नगर्नुहोला, उत्तर तपाईलाई थाहै छ । छैन भन्न पाउनुहुन्न । यदि भन्नु भयो भने तपाईंले आफूलाई चिन्नु भएको छैन वा जानीबुझी बुझ पचाउनु भएको छ । मेरो विचारमा तपाईंले झन्डा र डन्डालाई पाखामा राखेर एकछिनका निमित्त भएपनि स्वतन्त्र नागरिक वा नेपाली सम्झेर पाँच मिनेट ठन्डा दिमागले सोच्नु भयो भने सही उत्तर पाउनु हुनेछ । पाइन भन्नु भयो भने कि त आफैलाई ढाँट्दै हुनुहुन्छ वा बुझ पचाउँदै हुनुहुन्छ । भन्न पाउनुहुन्छ त्यो तपाईंको अधिकार हो । मेरो थप भनाइ केही छैन । यहाँको नैसर्गिक अधिकार हो तथापि आत्मसम्मानमा भने पक्कै चोट लगाउँदै हुनुहुन्छ, क्षमायाचनासहित यति चाहिँ भन्छु है, माफ गर्नुहोला ।

## slj tf÷uLt÷uhn÷xf0s'


केदार गुरुङ/४६
प्रवीण खालिङ/४६
कर्णदास लिम्बू/४७
विप्लव ढकाल/४७
वीरभद्र कार्की ढोली/४८
गोविन्द ढकाल ढुङ्गेली/४८
अर्जुन 'यावा'/४९
डिल्लीरमण नेपाल/४९
मञ्जु काँचुली/५०
राधा कार्की/५०
सन्ध्या पहाडी/५१
दीपेन्द्रसिंह थापा/५१
पिताम्वरा पियूष/५२
प्रमोद स्नेही/५२
सुनील पुरी/५२
पून्य गौतम विश्वास/५३
विद्याप्रसाद घिमिरे/५३


## n]v÷lgaGw


माधव काफ्ले/५
डिल्लीराम मिश्र श्रमजीवी/११


## cge'j / cge'l't


डा. जीवेन्द्र देव गिरीसँग– यशु श्रेष्ठ/४०


## ;dfnf]rgf÷;dLIff


डा. रामप्रसाद ज्ञवाली/१३
महेन्द्र भण्डारी/२१
कृष्ण बस्याल/३३
खिमानन्द पोखरेल/५४

· IgaGw

# देवकोटाको घोडा

**– माधव काफ्ले**

महाकवि देवकोटा नेपाली साहित्यका बिराट प्रतिभा हुन्-यसमा कुनै शङ्का छैन, बहुमुखी प्रतिभा हुन्- यसमा कुनै शङ्का छैन, नैसर्गिक प्रतिभा भएका जागरुक मानवतावादी बहुचर्चित साधक हुन्, मूर्धन्य स्रष्टा हुन्, सर्वप्रिय वाणीपुत्र हुन्- यसमा पनि कुनै शङ्का छैन । अब पनि देवकोटाको सर्वोपरि महत्व योगदानलाई शिरोधार्य गर्दै त्यही शैली, प्रस्तुति, प्रवृत्ति र प्रवाहमा आरोहित भएर छलाङ्ग मार्दै दिशा निर्देशन गरी नेपाली साहित्यलाई नयाँयुगमा प्रक्षेपण गर्न सकिन्छ भन्ने कुरामा चाहिं शङ्का मात्रै होइन पर्याप्त दुविधा पनि छ, अन्योल पनि छ ।

देवकोटाको उदय भएको पनि दिव्य एकसय वर्ष पुगिसकेको छ । अवशान भएको पनि आधा शताब्दीले सीमा काटिसकेको छ । सयवर्षको समावधिलाई हामी एक शताब्दी भन्ने गर्दछौं । नयाँ भाषामा शताब्दी भनिए पनि पहिले-पहिले यसलाई एउटा यग भनिन्थ्यो । मान्छेको आयु एकसय बीस वर्षसम्म हुन्छ भनिन्छ । हुन त सुनसरीका बीरनारायण चौधरीले यस प्रचलित सनातनी मान्यतालाई लोप्वा ख्वाउँदै डेढ बीस वर्ष अझ बढी बाँचेर इतिहास कोरे । पुस्ताकै हिसाबले हेर्ने हो भने सयवर्षभित्र तिन पुस्ताले भोटो फेर्न भ्याइसकेका हुन्छन् । देवकोटाको बहुचर्चित काव्य मुनामदन प्रकाशित भएको पनि पचहत्तर वर्ष बितिसक्यो । यस पचहत्तर वर्षीय मुसे दौडमा काँचा र कट्मिरै भए पनि देशमा परिवर्तनका हजारौं आरोह-अवरोह भए, गरिए । उपत्यकाका हरिया फाँट र मैतीदेवीका टारी खेतमा कँक्रिटका गगनचुम्बी महलहरू ढकमक्क भएर फुलिरहेकका छन् । वातावरणीय सौन्दर्य र स्वच्छतालाई बस्ती विकासको तीव्र र गन्तव्यहीन चापले घप्लक्क छोपी चारैतिर धुवाँ, धुलो, दुर्गन्ध र कोलाहलको अभिशाप ओढाइरहेको छ ।

हिजो सिंहदरवारको सेरोफेरोलाई काठमाडौं भनिन्थ्यो । बानेश्वर, कोटेश्वर, चाबहिल र कलङ्की एकादेशका कोप्चा भूभाग झैं ठानिन्थे । अहिले काँठ पनि काठमाडौं बनिरहेको छ । यही काँठ र कछाडका सेब्जिला, सिमसार पाखाहरू, पाटाहरू राज्यका सम्पूर्ण शक्ति, साधन, स्रोत, सोच र सम्भावनाहरूलाई समेटेर स्वप्न नगरीमा अनुवाद हुने दौडमा बुर्कुसी मारिरहेको छ । भौतिक उपलब्धिका विश्वव्यापी उलार र त्यसको तिलश्मी प्रवाह युक्त काँचो गन्धको गाढा प्रभाव अहिले चारैतिर फैलदैछ, फुल्दैछ र मग्मगाउँदैछ ।

देवकोटा युगद्रष्टा अद्धितीय साधक थिए । जुन युगमा उभिएर उनले नेपाली साहित्यलाई गतिशील तुल्याउँदै चेतनाको, शिल्पको, प्रस्तुतिको मनमोहक प्रवाह ल्याएर सवैलाई चकित तुल्याए, आधुनिकताको दुन्दुभी फुकेर नेपाली साहित्यलाई दिग्दिगान्तसम्म पुर्याउँदै परिचित गराउने र विश्व साहित्य सम्पदालाई नेपाली साहित्यमा भित्र्याएर साहित्यिक जागरण, विकास, गरिमा र महिमालाई सकेसम्म चुल्याए, आधुनिक कालखण्डको अगुवा व्यक्तिको रूपमा उभिएरवाणी रव्यञ्जनामा मौलिकताको

चहकिलो छाप छोड्दै बाटो देखाउने काम गरे, अर्ती, उपदेश र अध्यात्मवादी चिन्तनमा लफक्क भिजेको चिन्तनको ठाउँमा युगीन संचेतना, कला र सौन्दर्यका माध्यमबाट नेपाली साहित्यको स्तर जुरुक्कमाथि उचाले त्यो अँध्यारो युग थियो । त्यस युगमा युगनायकको भूमिकामा उनले गरेको योगदान आज पनि चिरस्मरणीय, वन्दनीय, प्रभावोत्पादक र प्रेरणादायी रहेको महसूस गरिँदैछ-अहिले पनि ।

तर आज युग फेरिइसकेको छ । मियो व्यक्तिकोरूपमा उभिएर उनले सुसुप्त अवस्थामा रहेको नेपाली साहित्यलाई अविस्मरणीय गुन लगाए पनि त्यो युग नेपाली साहितयको ढुङ्गेयुग थियो । अहिले हामी औद्योगिक युगमा प्रवेश गरि सकेका छौं । सोचका दृष्टिले, चिन्तनका दृष्टिले, खोज, अनुसन्धान, ज्ञान, विज्ञान र प्रविधिका दृष्टिले, शिक्षा र विकासका दृष्टिले अकल्पनीय रूपमा समय अगाडि बढिरहेको छ र समयको उत्ताल छालसँगसँगै मानिसहरू पनि समृद्धिको बहार ल्याउन अथक प्रयत्न गरिरहेका छन्, उल्लेखनीय उपलब्धि भित्र्याइरहेका छन् । भौतिक प्रगतिका जीवनदायिनी प्रवाहसँग तिरोहित हुँदै सुखको, समृद्धिको, भोग-ऐश्वर्यको सुखद परिकल्पनामा जिउ, ज्यान अर्पण गरिरहेका छन् ।

एउटै युगले सबै युगको सधैं प्रतिनिधित्व गरेको इतिहास कतै छैन । समयका प्रत्येक प्रगतिशील पदचापहरूमा चिरनूतनका सहस्र आभा सूर्यरश्मिको प्रचण्डधारलाई पछ्याउँदै सदैव अघि नै बढिरहेको हुन्छ । वर्तमानको कोसेढुङ्गामा बज्रन आए पछि विगत पानीभित्रको छुचुन्द्रो बन्दै लुप्त इतिहासको चिसो काम्लो ओढेर विस्मृतिको आरोहतर्फ धकेलिन पुग्दछ । अतीत अशक्त अँध्यारोको सेब्जिलो पाटो हो । वर्तमान आशाको, उर्जाको, जिज्ञाशाको, ज्ञानको भरोसाको, भविष्यको उज्यालो चहक हो । विगतबाट शिक्षा लिन सकिन्छ, प्रेरणा लिन सकिन्छ, अनुकरण होइन । नक्कलको तामझाममा अघिपछि लाग्दै जाने हो भने वर्तमालाई हामी नारकीय बनाउन पुग्दछौं । अतीतमा लिसो झैं टाँसिदै अगाडि बढ्न खोज्दा जहिले पनि शङ्का, अकर्मण्यता, आलस्य, त्रास र दुविधाका भास गन्तव्यभरि छरिएर जागरुक मानिसहरूलाई सदैव छिर्कनी लगाएर पछार्न खोजिरहेको हुन्छ । वर्तमानलाई डोर्‍याएर अगाडि बढ्नेहरू धेरै अगाडि पुग्न सकेका छन् प्रगतिको विश्वव्यापी चहक छर्न सक्षम भएकाहरूले वर्तमानको समुज्ज्वल आभा टिपेर नै मग्मगाउन सकेका हुन् । हुन पनि हो ।' प्रिजेन्ट अफ मस्ट इम्पोर्टेन्ट टाइम' भनेर विश्व विख्यात आख्यान शिल्पी लियो टाल्सटायले भनेका पनि छन् । अतीतको उपलब्धिले बाटोमात्र देखाएको छ(बाटो भन्दा बेसी केही देखाएर मान्छेलाई तृप्त पार्न खोजे पनि त्यसैमा निर्भर रहेर मानिसले कहाँ चित्त बुझाउन सकेको छ र ?) वर्तमानमा पुगेर कतै भर्पाई गर्न सकेको छैन । र पूर्णता पनि दिन सक्तैन । मानिसहरू विज्ञानको, विकासको, खोजको, आविष्कारको, विद्वताको, सञ्चारको सार्वभौम महत्व, प्रभाव र युगान्तकारी बलले गर्दा धर्ती चिरेर, आकाश च्यातेर, अन्तरिक्ष घुमेर, भूगोल नापेर, वायुमण्डल तौलेर गन्तव्य खोजिरहेका छन्, मुकाम खोजिरहेका छन्, नयाा स्वप्नलोक खोजिरहेका छन् र चन्द्र धरातलमा बसाइँ सर्ने तर्खर गरिरहेका छन् अनि आउने पुस्तालाई अझ सक्षम, शक्ति र समृद्धशाली बनाउन आतुर बनिरहेका छन्, उतसुक बनिरहेका छन् । हामी भने अझै पनि वर्तमानको उर्जाशील अकल्पनीय समृद्धिले नपुगी, नदेखी देवकोटाको घुँडो चुसेर ज्ञानको,

विद्वताको धङधङी मेटाउन खोजिरहेका छौं ।

देवकोटा अतीतका आलेख र नेपाली साहित्यका अजम्बरी सम्पदा हुन्, निधि हुन् । उनको औतारी व्यत्तित्व, कृतित्व र योगदानलाई हृदयङ्गम गरी उनी प्रति गहिरो आस्था र श्रद्धा निरन्तर प्रकट गर्न उनलाई विश्व विद्यालयहरूमा, पुस्तकालयहरूमा, शोध-अनुसन्धान केन्द्रहरूमा र विश्वका अन्य भाषा, साहित्य अर्थात अनुवादमा थाती राखी परिभाषा गर्ने, व्याख्या गर्ने, विश्लेषण गर्ने र रचनाको मानक स्तर र पृष्टभूमिको आधारमा निरपेक्ष मूल्याङ्कन गर्ने परिपाटी विकसित गर्न सके प्रभाव र आदरको अनुराग निकालेर सदैव घिसारिरहँदै उचालेर हिंड्नु भन्दा साँचो अर्थमा उनको बहुआयामिक व्यक्तित्व र कृतित्वको सही मूल्याङ्कन हुने थियो । फगत कोरा कल्पना र मनगढन्ते ठेट्ना निर्क्यौलको आधारमा प्रभावको अतिशयोक्ति खैंजडी ठोकेर चारैतिरबाट आफू अनुकुल तान्दै, च्यात्दै र चिथोर्दै यही गतिमा कागको पछाडि कान खोज्दै अन्धाधुन्ध दौडँदै जाने हो भने देवकोटाको असली योगदान र उपलब्धिहरू कुनै दिन भष्मिभूत हुन पुग्ने छन् । र ठुलो हुँ भनेर गजक्क फुल्दै जान थालेको नेपाली साहित्य सकसको भुँवरीमा फसेर सतचूर्ण हुन पुग्नेछ ।

अझै पनि नेपाली साहित्यमा महाकवि देवकोटालाई शीर्षस्थ व्यक्तिको रूपमा स्वीकार गरी उनको शैली र प्रवृत्तिको अनुसरण गर्दै धेरै कोणबाट अगाडि बढ्ने जमर्को प्रतिष्ठित व्यक्तिहरूबाट पनि गरिंदै छ । देवकोटाको योगदानको हड्डी पिंधेर आफ्ना सुसुपाल रचनाहरू चम्काउने संकीर्ण चिनतनको तुवाँलो अझै पनि बाक्लो भएर फिंजिइरहेको छ, सतहमा । आधुनिक कालखण्डका समस्त उपलब्धि हरूको आधार उनैलाई मानी उनको चेतनाधर्मीताको गहुँत छर्केर चोखिन खोज्नेहरू पनि निकै नै छन्-यहाँ । देवकोटालाई साछी राख्तै साहित्य विकास हुन्छ भनेर जतिसुकै टुप्पी ठड्याएर कुर्ले पनि त्यसको प्रभाव र औचित्य समाप्त भएको महसुस हैन कि घोषणा गर्ने वेला आएको छ । देवकोटा जति सर्वाधिक सफल हुन नसके पनि वर्तमान कालखण्डमा पनि धेरै साधनारत स्रष्टाहरूबाट उल्लेख्य योगदान भएको छ । जुन युगमा टेकेर देवकोटाले साधनाभ्यास गरे त्यस युगमा उनी नै सर्वेसर्वा सफल साधक बने । उनको चिरस्मरणीय योगदान पनि स्तुत्य रह्यो । तर अहिलेको भौतिकवादी विद्युतीय यान्त्रिक परिवेश, परिस्थिति र सन्दर्भमा त्यही शैली, त्यही प्रवृत्ति र त्यही सोच, चिन्तनलाई लिएर कुनै व्यक्ति नयाँ देवकोटा बनेर उदायो भने पनि ऊ किमार्थ सफल हुन सक्तैन । युगीन चेतना र युगाकांक्षा पनि साहित्यका गहना हुन् । सिर्जनाको कुनै प्रवाहमा कुनै पनि साधकको योगदान एकपटक निश्चित समयावधिसम्म मात्र सफल हुने गरेको छ । संस्कृत साहित्यका मूर्धन्य साधक हुन् कालिदास । समवर्ति साधकहरूले मनग्गे अभ्यास गरे पनि समतुल्य सिर्जना संस्कृतमा सधैं अभाव रहे । तर कुनै नैसर्गिक प्रतिभा भएको साधकले फेरि पनि कालिदासीय शैलीमा चमत्कृत सिर्जनाभ्यास गर्‍यो भने ऊ पूर्णतया असफल हुन पुग्नेछ । त्यस शैलीको चरमोत्कर्ष र अन्त्य कालिदासको अवशानसँगै समाप्त भइसकेको ठान्न सके युगले काँचुली फेरेर आँखा उघार्न सक्ने छ । त्यसको धङ्धङीलाई जगाएर पुनः मुख मिठ्याउँदै परीक्षण गर्नु भनेको नितान्त लिप्सा प्रेरित कथुरे गन्थन र कुत्सित अनुरागका अनियन्त्रित गाँठा बाहेक अरु के नै पौ हुन सक्छ र ?

साहित्यको रागात्मक मानवतावादी मूल्य र महिमाको स्थापना स-शक्तरूपमा देवकोटाले गरेका हुन् । कलालाई मानवीय

मनको उद्दाम क्रिया ठानदै वस्तु एवम् भावपरक सौन्दर्यका साथै अन्तरमनका जुगुप्साहरू उजागर गर्ने सन्दर्भमा कविताको अर्थ र उपयोगिता बुद्धिवादी सचेत वैज्ञानिक युगका निम्ति सर्व स्वीकार्य रूपमा स्थापित गर्ने प्रयत्न गरेका छन् । भाषालाई केवल अर्थगत संकेतकोरूपमा सम्प्रेषण गर्दै विशेषतः उनका विशिष्ट खाले निबन्ध र कवितामा भाषा अनुभूतिको समायोजनको प्रत्यक्ष उद् भव भएकाले व्यञ्जनात्मक वा संवेगात्मक सिप देखाउन सकेका हुनाले पनि उनलाई अधिक रुचाइएको हो । यद्यपि कविताका निम्ति भावुक र आवेगमय भाषा अनपेक्षित र त्रुटिपूर्ण अर्थात त्याजित ठानिने समालोचकीय सोच स्थापित भइ आए तापनि ज्ञान मूलक सत्य र इच्छा मूलक वर्णन भन्दा भिन्नरूपमा भावको सौन्दर्य प्रतिष्ठालाई चहकिलो पार्ने अभिव्यक्ति कलाको वैशिष्ठ्य उनले पर्याप्त देखाएका हुनाले पनि उनलाई विशिष्ठ साहित्यिक प्रतिभाका रूपमा स्वीकार गरिएको हो । विस्तृत-सूक्ष्म अनि अपेक्षाकृत प्रौढ र सतय निकट मानवीय जानकारी उनको तुलनामा समवर्ति अन्य स्रष्टाहरूले त्यति स-शक्तरूपमा त्यस कालखण्डमा तयति दिन नसकेका हुनाले पनि उनलाई अद्वितीय स्रष्टाका रूपमा मान्दै आइएको हो ।

सिर्जनामा सधैं नूतन सोच, प्रवृत्ति र नवीनतम शैली अपेक्षाकृत पूज्य, प्रेरणादायी र प्रभावशाली हुने गर्दछ। त्यसैले सिर्जनालाई ज्ञानको नूतनद्वार ठानिन्छ । सिर्जनालाई नयाँयुगमा प्रवेश गराउन स्रष्टाहरू अनेकानेक जोखिम उठाउँदै आएका छन् । परम्परा र आधुनिकतालाई छुट्याउने युगीन संचेतनाको माध्यमद्वारा नयाँ पिंढीका निमित्त जीवन उत्सर्ग गरेका जीवित इतिहासहरू पनि छन् । ऐन्द्रियिक माध्यमबाट चिन्तनको, चरित्रको, सोचको, दृष्टिकोणको परम सत्तातिर मानव आत्मालाई लैजान सक्ने साहित्य वा कलामा रहस्यमय आल्हादको जुन सामीप्य र गाढा संवेदना हुन्छ युगनायकहरूले अक्षरशः त्यसैलाई आदर्श वाणीका रूपमा अघि सारी सिर्जनालाई सर्वतोप्रिय बनाउँदै आएका छन् । मानव संस्कृति र मानव स्वभावको अभिव्यञ्जना साहित्य ठानिएको हुँदा स्रष्टाहरू सारस्वत स्फुरणका आधारमका बदलिएको परिस्थिति अनुसार सिर्जनरत हुने गर्दछन् । संसारको सौन्दर्य, गति र जीवन नै गतिमा निर्भर हुने गर्दछ । स्थिरताले त केवल खियामात्र उमारेर वस्तुको आकारलाईं कुरूप बनाउँदै क्रमशः समाप्तिको साँधतिर धकेलिरहने हनाले सिर्जनशील मानिसहरू चेतना, चातुर्य र प्रतिभाको बलले संसार हल्लाउने गर्दछन् । यस अर्थमा पनि सिर्जनालाई नयाा युगमा प्रवेश गराउन स्रष्टहरूले जोखिम उठाउनै पर्छ । भानुभक्तले यो साहसी काम गरे । संस्कृतको ख्याकलाई जनमासको मनबाट निकालेर बोलीमा, वाणीमा, भाषामा नेपालीपनको सुगन्ध भरेर अभिव्यक्ति कोशललाई तिखखर पारे । भानुभक्त जतिकै क्षमता, प्रतिभा मोतीराममा थियो । मोतीरामको द्वेषरहित सुकिलो कामले गर्दा नै उनी प्रकाशमा आएका हुन् । भानुभक्त कै प्रवृत्ति-बीर र भक्तिधारा समातेर लेख्न र लेखेर पनि सफल हुन सक्ने सामर्थ्य हुँदाहुँदै पनि मोतीरामले शृङ्गार तर्फ फड्को मार्दै नयाँयुगको दुन्दुभी फुके । र उनको त्यो युगान्तकारी कार्य नै नेपाली साहित्यको कलिलो इतिहासमा कोसेढुङ्गो सावित हुँदै माध्यमिककालको उज्यालो बोकेर स्थापित हुन पुग्यो ।

देवकोटा, सम, पौडेल, , कोइराला, भिक्षु, मैनाली, मल्ल, रिमाल आदि आधुनिक युगका अभियन्ताहरूको दिव्यसृष्टिले साहित्यलाई गतिशील तुल्याएर दिशा निर्देश गर्दै उधुम मच्चाइरहेको अवस्थामा यो जोखिम

मोहन कोइरालाले उठाउँदै अलग्गैधार बनाएर हिंडे । यद्यपि उनको तेजश्वी साधना र योगदानलाईजटिलताको पर्याय ठान्दै यहााका निकै सुपारे समालोचकहरूले बाँचुन्जेल उनलाई लखेटी, लखेटी लेत्थ्नु पारिरहे । तर उनी आफ्नो उद्देश्य र लक्ष्यमा दृढ चट्टान भैं महायान प्रस्थानको शाश्वत मार्ग नपक्रियुन्जेलसम्म निरन्तर लागिरहे । तत्पश्चात धेरैले उनको शैली अनुशरण गरी कवि, लेखकमा दरिए पनि । तर स्वयम् मोहन कोइरालाले भने कहिल्यै, कतै अरुको जुठो चाटेर छाक टार्ने, तृप्त हुने लालसा देखाएनन् । एक्लो वृहस्पतको रूपमा विशेषतः नेपाली कविता साहित्यलाई आफ्नो क्ष्मँ, च्ल्ँ र सैँर्च्वैं ब्ल्ले समृद्ध तुल्याउन उल्लेख्य योगदान दिइरहे । प्रयोगात्मक कलाले आवेगसमायोजनपूर्ण मनोव्यवस्थालाई परिस्कृत-परिमार्जित गर्ने मानवीय मनको गतिशील क्रिया ठान्दै कविताको अर्थ र उपयोगिता बुद्धिवादी वैज्ञानिक येगका निम्ति स्वीकाई रपमा स्थापित गर्न प्रयत्न गरिरहे । आइ.ए. रिचर्डसले भनेका पनि छन्-'विज्ञानले भाषाद्वारा तथ्यकथन गर्छ तर कविताको भाषा वस्तु, तथ्य वा सत्यको कथन वा अभ्युद्देश्यका निम्ति नभएर मनोभावहरूलाई जागृत गराउनमा सार्थक हुन्छ। कविताले तथ्य कथन गर्दैन र गर्न पनि हुन्न र यसले त अनुभूतिका निम्ति उपयुक्त मानसिक अभिवृतिको निर्माण गर्छ वा गर्नु पर्छ ।'

अहिले पनि सतहमा धेरै समालोचकहरू देवकोटाको सर्वोपरी योगदानद्वारा नै नेपाली साहित्य निर्देशित र विकसित छ भनिरहेका छन् र साहित्यको कुरा उठ्नासाथ किनारामा देवकोटालाई साछी राखी आफ्ना कमेरे किटानी फिरादहरू कोरिरहेका छन् । देवकोटाको योगदान अतुलनीय थियो, उम्दा थियो, उद्दाम थियो । तर यसको अर्थ देवकोटा बाहेक अरुले केही पनि गर्न नसकेको चाहिं पटक्कै होइन । त्यसताका पनि देवकोटा एक्लैले नेपाली साहित्यलाई हाँकेर हिंडेका पनि होइनन् । समर्पित भाव अरुमा भन्दा बेसी मानवीय मानसिक रागात्मक प्रभावको आधारमा सिर्जनालाई सुकिलो र सुरिलो बनाउने कलामा अविश्रान्त लागिरहेका हुन् । त्यति हो । नेपाली साहित्यलाई यहाँसम्म विकसित गराउँदै ल्याइपुर्‍याउन ज्ञात र अज्ञात, लिखतमा नआए, नदेखिए पनि असंख्य साधकहरूको अथक परिश्रम पनि निकै नै थियो । देवकोटा कै समकालीन स्रष्टाहरूबाट पनि उल्लेखय र समतुल्य धेरै कार्यहरू भएका छन् । तर देवकोटाको आकर्षक लेखन कला, मानवीय चरम संवेगको मनोहारी प्रस्तुति, तर्कयुक्त कथन र वेगवान वौद्धिक प्रवाह अनि साधारण पाठकहरू समेतको देवकोटा प्रति सहानुभूति र करुणा एकोहोरो भएको हुँदा अन्य प्रभावशाली स्रष्टा र उनीहरूको प्रभावशाली उपलब्धि हरू ओभ्फेलमा पर्न गएको ठानियो । देवकोटा साहित्यमा कर्णाली बनेर छडछडाइरहे । एउटा कर्णाली बन्न अर्थात बनाउन हजारौं अज्ञात, अनाम खोल्छी, छाँगा, छहरा र मुहानको जति महत्व र योगदान हुन्छ देवकोटालाई महाकवि बनाउनमा यहाँका सहस्र साधकहरू र परिवेशको पनि उत्तिकै हात छ । अंग्रेजीमा जेलुसी भनिन्छ नि ! हो, जेलुसी र प्रतिस्पर्धा विनाको साहित्य पनि त्यति तिखखर हुँदैन । प्रतिस्पर्धाले पनि देवकोटालाई खारेर स्पात बनाएको हो । समको योगदान पनि चानचुने योगदान होइन । देवकोटा कै समकक्षमा उभिएर नेपाली साहित्यलाई उनले पनि समृद्ध तुल्याउन जीवन उत्सर्ग गरेका छन् । उनी राणा खलकका भएर तत्कालीन परिवेशमा राणा भनेको चुसाहा, हृदयहीन पाषाण वर्गको पर्याय बनेका र नेपालमा परिवर्तनको चाहना र उलार तीव्र गतिमा सर्वत्र व्याप्त भएको हुँदा सर्व साधारणका दृष्टिमा उनी खरो ठानिन सकेनन् । जव कि उनको

सिर्जना देवकोटाको भन्दा कुनै हालत र अर्थमा कमजोर थिएनन् । यहाँ व्यक्ति भन्दा पनि विशेषतः थरको कारणले गर्दा उनी निछ्टिन पुगे । सवैको इर्ष्याको तारो बने । लेखनाथको परिमार्जन र लालित्ययुक्त लेखनलाई पनि स-श्रद्धा स्मरण गर्ने पर्छ । कविता र निबन्ध बाहेक अन्य विधामा पूर्णरूपमा देवकोटा सफल हुन सकेनन् । सुन्दरताका सामु हामीलाई हुने सन्तुष्टि एकान्वितिको अनुभूति हो, इन्द्रिय र मनको समन्विति अन्तःक्रीडा हो र वैज्ञानिकता र उपयोगिताको गाढा प्रभावबाट पूर्ण स्वतन्त्रता हो । यस अर्थमा जव कि लेखेजति सवै विधामा विश्वजनीय अनुभूतिद्वारा पनि ग्राह्य र सफल हुने विजय मल्ल, गोपाल प्रसाद रिमाल, विश्वेश्वर प्रसाद कोइराला, भिक्षु, गोठाले आदि थुप्रै लेखकहरू छन् । एकोहोरो सहानुभूति र श्रद्धा भनौं आग्रह राखेर देवकोटाको मात्रै मूल्याङ्कन गर्ने प्रवृत्तिले गर्दा अन्य सर्वाधिक जनप्रिय लेखकहरू प्रति उपेक्षा गरे झैं देखिइँदैछ । पछिल्ला दिनहरूमा पनि भूपी, पारिजात, कटुवाल, जनकलाल, कृष्णचन्द्र, ध.च.गोतामे, भैरव अर्याल, ताना सर्मा, बालकृष्ण पोखरेल आदि दर्जनौं स्रष्टा र त्यसपछि पनि सर्वाधिक सफल हुने अर्थात लेख्ने परशु प्रधान, मनु ब्राजाकी आदि लेखकहरूको लर्को लामो छ-जसले नेपाली साहित्यलाई गतिशील तुल्याएर दिशा निर्देश गर्ने काम गरीइ नयाँ निश्कलङ्क इतिहास निर्माण गरेका छन्, प्रेरणा र प्रयोगको दरो मियो पनि गाडेका छन् । आङ्गिक संरचना वा रूप स्वीकारेर प्राकृत-सहज रूपद्वारा आत्माका अभिव्यञ्जनामा विश्वास गर्दै साहित्यका विभिन्न आयामहरू, वादहरू, सिद्धान्तहरू, आन्दोलनहरूका माध्यमबाट पनि साहित्यलाई अझ स-शक्त र समृद्धशाली तुल्याएका छन् । भलै स्थिर गरेर कुनै पनि साधक अथवा आन्दोलन लामो समयसम्म साधनारत रही आफ्नो स्थापित मान्यता, मत प्रति अडिन सकेनन् । तर ती वाद, सिद्धान्त, प्रयोग र आन्दोलनहरूको उलारले निश्चय पनि सतहमा कुनै न कुनै किसिमको प्रभाव छोडेको छ र समर्पित साधकहरूलाई गहिरिएर सोच्न विवश पनि बनायो । असल र सफल लेखक हुनको लागि चिन्तन, अध्ययन, विद्वता, दृष्टिकोण, शिल्प र शैलीका दृष्टिले पनि संवेदनशील हुन, परिपक्क हुन र अझ अभ्यास र परिमार्जन गर्न जरुरी हुन्छ भन्ने पाठ पनि पढाउन खोज्यो । तत्व विनाको साहित्य र साहित्य विनाको तत्व बिचको अन्तरसम्बन्धलाई अझ दृढ र सर्वतोमुखी बनाउने धारणा विकसित गराइ लेखकहरूलाई जागरुक बनाउन उल्लेखनीय भूमिका खेलेको पनि देखिन्छ ।

देवकोटाको कालखण्डपछि नेपाली साहित्य अझ द्रुत गतिमा विकसित भएर पूर्णतातर्फ उन्मुख भएको हो पनि भन्न खोजिएको हैन । शिल्प, शैली, प्रस्तुति र अभिव्यक्तिकौशलका दृष्टिले हामी प्रारम्भिक अवस्थामा नै रुमल्लिइरहेका छौं भन्दै आधुनिक ज्ञान, चेतना र भौतिक उपलब्धि को युगान्तकारी प्रभावले नपुगेर देवकोटाको बूढो घुँडो चुस्तै अगाडि बढ्न खोज्दैछौं । नेपाली साहित्य देवकोटामय भएको देख्नु अभिशापित दुराग्रहमात्र हो । उनी खापाका देउता हुन् । खोपाबाट बाहिर निकालेर उनको योगदान चर्मचक्षुमा लेपन गरी हिनुहिनाउँदै बाचाल बनाउन खोज्नुको कुनै तुक र अर्थ छैन, हुँदैन पनि । फूल, अक्षता, धुप, बत्तीसम्म त गर्न सकिन्छ तर सास हालेर ब्युँताउनु भनेको तपसिलमा धेरै कुराहरू उब्जाउनु र त्यसको प्रत्यक्ष कालो असरलाई ग्रहण गरी साहित्यलाई दिनानुदिन अपाहिज, असक्षम र अन्यौल ग्रस्त बनाउँदै लैजानु पनि हो ।

अतीतको हल्लुँड चबाएर मासुको स्वाद सम्झन त सकिन्छ तर तृप्त हुन चाहिं कसरी सकिन्छ होला र, खै ? ●

# नेपाली लोककथाको सिर्जन परम्परा

– डिल्लीराम मिश्र श्रमजीवी

विशेषतः मौलिक रूपमा लोकमा प्रचलित र परम्परागतदेखि चल्दै आएको प्रचलित कथावस्तु नै लोककहानी वा लोककथा हो । नेपाली लोक जनजीवनमा सहज रूपमा प्राचीन कालदेखि चलिआएको कथा वा दन्त्यकथा नै लोककथाको सिर्जनापरम्परा हो । नेपाली लोककथाको इतिहास प्राचीन भन्दा पनि प्राचीन छ । लोक र कथा पृथक् शब्द योगबाट पर्यायवाची शृङ्खलामा लोककथाको अवधारणा विकसित भएको हो र यस परिवेश अन्तर्गत लोककहानी र लोककथाबिच विशेष अन्तर रहेको भने पाइँदैन । नेपाली लोक जनजीवनमा सुन्ने र सुनाउने प्रचलन नै लोककथा हो । प्रयोगगत दृष्टिले सत्यनारायणको कथा, महाभारतको कथा, रामायणको कथा र स्वस्थानी व्रतकथा एक अर्कोबाट सुन्नु र सुनाइनुको धार्मिक अभिप्राय कथ्यगत पक्ष हो । त्यसैले धार्मिक अभिप्रायले अनुष्ठानका साथ सुनाइने कहानीलाई कथा भनिन्छ । यस्तो अवस्थामा सुन्नेकर्ताले पनि धार्मिक अभिप्रायले अनुष्ठानका साथ सुनाइने कहानीलाई कथा भनिएको हो । यस्तो अवस्थामा सुन्नेकर्ताले पनि धार्मिक सन्तोष र धर्मलाभ समेत प्राप्त गर्दछ । आधुनिक कथाहरूको जनक र आदिम सभ्यताको अभिव्यक्ति नै लोककथा रहँदै आएको प्राक सन्दर्भमा धार्मिक अभिप्राय अनुष्ठानको प्रगति पक्षमा परम्परागत तथ्य संयोग रहेको छ। नेपाली लोककथामा पनि कुनै न कुनै रूपमा पुराणकथा र धर्मगाथाको निरन्तरतासँगै तत्कालीन अवस्था घटनाक्रम र विषयवस्तुको गाम्भीर्यतालाई विशेषत आत्मकेन्द्रीत गरेर पात्र-पात्रा र उपपात्रहरूको आधारमा असम्भवलाई सम्भव र अमूर्तलाई मूर्त रूपमा प्रस्तुत गर्नु पनि लोककथाको परिचयात्मक शृङ्खला हो । विषयवस्तुद्वारा लोक जनजीवनलाई मनोरञ्जन प्रदान गर्नु लोककथाको परम्परागत विशेषता पनि हो । लोककथामा मानव समाजको प्रतिच्छवि प्रभावकारी रूपमा प्रस्तुत हुने क्रमलाई परिचित गराउनु हो । लोकजीवन र लोककथा अनेकन् विधा उपविधा अन्तर्गत मौलिक परम्परामा भ्याङगिदै आएको शृङ्खलाबद्ध कहानीहरू नै लोककथा हुन् ।

नेपाली लोकजीवनमा प्रचलित लोककथाहरू वर्णनात्मक र अभिनयात्मक स्तरमा प्रस्तुत गरिन्छ । अभिनयात्मक लोककथा र लोक गाथाहरू लोकनाटक र गीतिकथाका रूपमा प्रख्यात मानिन्छन् भने वर्णनात्मक कथाहरू पनि लोककथागत र कथ्य कायकल्पमा आधारित छन् । कथागत उद्देशय र कथा विषयवस्तुको सिर्जनापरम्पराका आधारमा वस्तुत नेपाली जनमानसमा प्रचलित यावत लोककथाहरूलाई धार्मिक, उपदेशपरक र मनोरञ्जनात्मक शैलीमा प्रस्तुत गरिन्छ । पुराण, इतिहास र परम्परागत एवं रुढीवादी घटनाक्रमहरूलाई लोक जीवनको अभिरुचि अनुकूल कपोकल्पित तरिकाले एउटा निशिचत

उद्देश्य प्राप्तिका खातिर प्रगतिशील बाटोमा लोककथा उभिएको हुन्छ । कथातत्व र गुणात्मकताका आधारमा लोककथा परम्परागत रूपमा रचनाकार वा सिजनाकार अज्ञात नै रहने हुँदा यसमा देशकाल, परिस्थिति, गतिविधि र पात्र उपपात्रहरू प्रायः काल्पनिक र आश्चर्यजनक देखिन्छन् । लोककथाको आकार-प्रकार, हाउभाउ, रूपङ्ग, विशेषता र कर्ताको प्रस्तुतीकरणले लोककथाको स्वरूप कथाको मुल प्रवृत्तितर्फ उन्मुख रहन्छ । पाश्चात्य मनिषिहरूले मात्र हैन किन्तु नेपाली लोकसाहित्यको विवेचना शृङ्खलामा पनि लोककथालाई सिर्जना परम्परागत कथा, पौराणिक कथा, नीतिकथा, परिकथा र पशुपंक्षीका कथा जस्ता विधागत लोककथाले वर्गीकरणको प्रारूपलाई आत्मसात् गरेको छ । यसका अतिरिक्त नेपाली लोककथाको आत्मसिर्जनाभित्र धार्मिक एवं साँस्कृतिक ऐतिहासिक लोककथा, मानवी तथा अतिमानवी लोककथा र दैविक लोककथाहरू पनि पर्दछन् । नेपाली लोकजीवनमा धर्मको विशेष स्थान रहेको छ र वास्तवमा लोकजीवनको जनाधार नै धर्म हो । परम्परागत रूपमा धर्मप्रति नेपाली लोकजीवनको गहिरो प्रभाव परेको यथार्थ हो । त्यसैले पनि पुराणहरूमा समेथिटएका लोककथालाई नै पौराणिक लोककथा भनिएको हो । नेपाली लोककथाहरू मौखिक र लिखित दुबै रूपमा प्रचलित छन् ।

नेपाली लोककथाको परम्परागत सिर्जनाले समयको परिवर्तनलाई आत्मसात् गर्दै लोकगीत वा लोकजनजिब्रोलाई पनि छुन पुगेको छ । सत्रौं शताव्दीतिर नेपालका राजा महाराजाहरू तराईको जंगलमा शिकार खेल्नजाँदा एक महिलाले गाएको निम्तो छ देरादुन मलाई, जानु छ जोर मादल भिरेर प्रस्तुत गीतको बोलबाट राजा पनि बढो भावुक भएर उनले यसको अर्थ बुझ्ने हर प्रयास गरे तर बुझ्न सकेनन् ।

नेपाली लोककथा वा लोकजनजीवनमा आधारित प्रस्तुत लोकस्वरलहरीले सिकार खेल्न गएका राजालाई पनि अनौठो लागेछ, राजाले उक्त गीतको अर्थ नबुझ्केपछि साँझमा दरवारमा आएर आज मैले जंगलमा एउटा महिलाले गाएको यस्तो सुन्दर गीत सुने भनी आफ्ना गुरु पुरोहितहरूसँग यसको अर्थ खोज्न अनुरोध गरे अनुरूप यहाँ देरादुनको अर्थ स्वर्ग रहेछ र जोर मादलको अर्थ मानिस भएर जन्मेपछि उसले मृत्युसँगै स्वर्गमा दुईवटा मात्र कुरा लिएर जान्छ त्यो हो राम्रो काम र नराम्रो काम, जोर मादलको अर्थ असल कार्य र खराव कार्य रहेछ । गुरु पुरोहितहरूले यसको जवाफ दिएपछि राजालाई पनि आत्मसन्तुष्टि मिलेछ । यस ज्ञानतत्वबोधबाट तत्काल राजाले पनि आफ्नो शासकीय कार्यशैली र चिन्ततना परिवर्तन गरी स्वर्ग र नर्क यही रहेछ भन्ने महसुस गरेको बुझिन्छ ।

तथापि नेपाली लोकजीवनको सिर्जनापरम्परागत शृङ्खलामा महत्वपूर्ण र आवश्यक मानिएका नीतिप्रधान नेपाली लोककथाहरूको क्रममा कर्तव्यापालन, परोपकार, सत्य, न्याय त्याग, सन्तोष, सहनशीलता र बझनदार भापनालाई पहिलो प्रधानता प्रदान गरिएको हुन्छ । यसरी नै नीतिपरक नेपाली लोककथाहरू अन्तर्गत बुढाबुढीका अर्ती उपदेश एवं राजा महाराजाहरूद्वारा गरिने न्याय-निसाफ र व्यावहारिक शिक्षालाई विशेष महत्व दिएको पाइन्छ। त्यसैले यी लोककथाहरूले नेपाली लोकजनजीवनलाई नीतिनियमको पालना गरी समाजलाई यथार्थ बाटोमा डोहोऱ्याउने यस्ता लोककथाहरू चाणक्य नीतिदर्पण, नीतिरत्न मञ्जुषा, बुद्ध चाणक्य नीतिभाषा र बुद्धिचानक प्रमुख हुन् । ●

# बुद्धबोध : इतिहास र दर्शनको काव्यिक प्रतिबिम्बन

– डा. रामप्रसाद ज्ञवाली

१. विषयपरिचय

बुद्धबोध प्रख्यात जीवनीमा आधारित छन्दोबद्ध नेपाली महाकाव्य हो । यसका रचयिता नरेन्द्र पराशर हुन् । नरेन्द्र पराशर नेपाली पद्यकवितामा कलम चलाउने प्रतिभाशाली युवाकवि हुन् । २०२७ साल असोज १५ गते मोरङ जिल्लाको भ्ुर्किया-९ मा जन्मेका पराशरको थर गुरागाईं हो । नेपाल सरकारको वन मन्त्रालयअन्तर्गत सरकारी जागिर खाइरहेका यिनले फुर्सदको समयलाई साहित्यसेवामा लगाएको पाइन्छ । आफूले रचना गर्ने कविताकाव्यको विषयलाई गम्भीर रूपमा बुझेर अभिव्यक्त गर्नु उनको विशेष रचनाधर्मिता रहेको छ भने जीवनका भोगाइ, समाजशास्त्र, साहित्यशास्त्र र आध्यात्मिक धर्मग्रन्थका पुस्तकहरूको अध्ययन, मानवका प्रवृत्तिहरूको निरीक्षण तथा आफ्नो कल्पनाशक्तिद्वारा प्राक्कल्पना गरी कविताकाव्यमा कथ्यको अभिव्यक्ति दिनु यिनको विशेषता देखिन्छ । यिनी विशेषतः शृङ्गार, शान्त र वीररसका कवितामा खुलेका देखिन्छन् । स्वाभिमान र विनम्रता यिनका विशिष्ट वैयक्तिक गुण हुन् । यस्ता गुणको प्रभाव पनि यिनका कविताकाव्यमा पाइन्छ ।

कवि नरेन्द्र परासरका दुईवटा महाकाव्यहरू प्रकाशित छन्– १) गौरीशङ्कर (२०५८) र बुद्धबोध (२०६२) । यी दुई महाकाव्यले यिनको काव्यिक क्षमताको सङ्केत गर्छन् भने यिनमा प्रस्तुत भावको प्रवाहशीलताले स्वच्छन्द बग्न सक्ने यिनीभित्रको कविप्रतिभाको परिचय दिन्छ । २०५१ सालमा लेखिएको र २०५८ सालमा प्रकाशित यिनको पहिलो महकाव्य गौरीशङ्करमा पौराणिक विषयलाई आधुनिक विश्लेषण र नवीन कल्पना प्रदान गरिएको छ । प्रगतिशील वैचारिक आदर्शबाट उत्प्रेरित भई तयार पारिएको यस महाकाव्यमा देवीदेवताका आपसी द्वन्द्व, शिवपार्वतीको प्रेम, त्यस प्रेममा भएका बाधा र ती बाधामाथि गरिएको विजयका घटनावली प्रस्तुत गरिएका छन् (ज्ञवाली, २०६७ : १४१) । यसमा शिवले लगाउने छाला, बजाउने डमरु, घाँटीमा बेर्ने सर्पको माला, रुद्राक्षमाला, शरीरमा घस्ने खरानी लगायतका कुराहरू वर्गीय सङ्घर्षका क्रममा उत्पीडित वर्गबाट शिवले प्राप्त गरेका उपहारका रूपमा व्याख्या गरिएका छन् जुन महाकाव्यकारको नवीन कल्पनाका परिणाम देखिन्छन् । यसरी प्राचीन विषयलाई नयाँ कल्पनाका साथ प्रस्तुत गर्नु पनि उनको विशेषता देखिन्छ ।

नरेन्द्र पराशर पछिल्लो अवधिमा महाकाव्य लेख्ने युवामहाकाव्यकार हरूमध्ये एक हुन् । रामप्रसाद ज्ञवाली, चन्द्रप्रसाद न्यौपाने, भुवनहरि सिग्देल, बुनू लामिछाने जस्ता अन्य महाकाव्यकारले

जस्तै यिनले पनि समसामयिक नेपाली महाकाव्यधारामा मौलिक उपस्थिति देखाएका छन् । प्रचारप्रसारमा कम ध्यान दिने यिनी निरन्तर एकान्त काव्यसाधना गरिरहेका देखिन्छन् । प्रस्तुत समालोचना यिनको पछिल्लो महाकाव्य बुद्धबोध (२०६१) र यसमा अभिव्यक्त दार्शनिकतामाथि केन्द्रित रहेको छ ।

२. प्राचीन विषय र नयाँ प्रयोग-संरचनामा 'बुद्धबोध'

बुद्धबोध प्राचीन विषय र नयाँ प्रयोगको काव्यिक संरचनाका रूपमा आएको महाकाव्य हो । नेपाली महाकाव्यको परम्परामा पुराना बिम्ब र प्रतीकलाई नयाँ संरचना र कथ्यमा रूपान्तरण गर्ने प्रवृत्ति आधुनिक नेपाली महाकाव्य-लेखनको प्रारम्भदेखि नै देखा परेको हो । महाकवि देवकोटाको शाकुन्तल र प्रमिथस, सोमनाथ सिग्देलको आदर्शराघव, जगदीशसमशेर राणाको नरसिंह अवतार, भानुभक्त पोखरेलको मृत्यूञ्जय चन्द्रप्रसाद न्यौपानेको प्रत्याघात, शैलेन्दुप्रकाश नेपालको अनामिका, रमेशचन्द्र अधिकारीको सीतायन, आदि अनेक महाकाव्यहरू यसका साक्षी छन् । कवि नरेन्द्र पराशरको पहिलो महाकाव्य 'गौरीशङ्कर' पनि सोही परम्पराको थप पस्तुति थियो भने उनको दोस्रो महाकाव्य 'बुद्धबोध' पनि यसै परम्पराको नयाँ उपलब्धि हो । यो महाकाव्य कविमा परेको बुद्धदर्शन र बुद्धजीवनीको प्रभाव, प्रेरणा र श्रद्धाको काव्यात्मक रूपान्तरण हो । कविको रङमा रङ्गिएको बुद्धको जीवनी र दर्शनले यस महाकाव्यमा काव्यात्मक मिठास पनि उत्तिकै प्राप्त गरेको देखिन्छ । यसले प्राचीन समयको जीवनीमूलक आख्यानलाई नयाँ आँखा र आधुनिक मूल्याङ्कनका साथ प्रस्तुत गरेको छ । त्यसैले विषयको छनोटका दृष्टिले यो महाकाव्य प्राचीन छ भने प्रस्तुतिको मौलिकताले आधुनिक देखिन्छ ।

'बुद्धबोध' शान्तरसकेन्द्री महाकाव्य हो । कुल चौधवटा सर्गहरूमा रचित यस महाकाव्यमा सर्गलाई 'सोपान'को नाम दिइएको छ । उपजाति, इन्द्रबज्रा, वसन्ततिलका, शार्दूलविक्रीडित, अनुष्टुपूलगायत करिब एक दर्जन शास्त्रीय छन्दहरूको सफल प्रयोग गरिएको यस महाकाव्यमा ऐतिहासिकता, कल्पना र किंवदन्तीको त्रिआयामिक प्रस्तुति रहेको छ । सिङ्गो महाकाव्यमा मानवता, विश्वशान्ति, प्रेम, करुणा, दया, उदारता, समर्पण र सर्वसुखको भावलाई प्रमुख कथ्य बनाइएको छ । असहिष्णुता, क्रूरता, लालच, अन्धविश्वास, कुसंस्कार र सङ्कष्टबाट मुक्तिको आह्वान नै 'बुद्धबोध' महाकाव्यको मूल प्रस्तुति देखिन्छ ।

३. 'बुद्धबोध' : इतिहास र दर्शनको काव्यिक प्रतिबिम्बन

'बुद्धबोध' कवि नरेन्द्र पराशरबाट बुद्धको जीवन र उनको दर्शनको गम्भीर अध्ययनपछि तयार पारिएको महाकाव्य देखिन्छ । उनको महाकाव्ययात्रा हेर्दा उनीबाट लेखिएको पहिलो महाकाव्यको तुलनामा यो महाकाव्य भाव, भाषा र कलाका दृष्टिले परिष्कृत छ । यो उनको पहिलो महाकाव्यभन्दा बढी बौद्धिक, बढी अध्ययनशील र काव्यको मर्मप्रति बढी संवेदनशील स्रष्टाको अभिव्यक्तिका रूपमा देखा परेको छ । पहिलो महाकाव्य 'गौरीशङ्कर' उनीभित्रको प्रतिभाज्वारको असन्तुलित, असंयमित, अति भावुक र अटेरी उच्छाल तरङ्गहरूको अभिव्यक्ति थियो जसमा कविलाई कुद्नमै हतारो देखिन्छ, उच्छालिन र बहकिनमा नै बढी रमाइलो लागेको पाइन्छ तथा त्यसै प्रभाव

र रुचिका कारण भाषा र छन्दमर्यादाका हातखुट्टा भाँचिदा पनि उनले त्यसको हेक्का राखेको देखिन्न । तर यस महाकाव्यमा आइपुग्दा कवि भाषा र छन्दप्रयोगमा पनि सचेत बनेका छन् । 'गौरीशङ्कर'मा शिवपार्वतीका बारेमा गरिएको अध्ययन सामान्य किसिमको मात्र छ र शङ्करलाई ओढाइएको सर्वहारावर्गीय नेता चरित्रले काल्पनिक रूपान्तरणमात्र प्राप्त गरेको छ तथा त्यसले सर्वहारावर्गीय राज्यव्यवस्थाको निर्माणका लागि आधार तयार पार्न नसकेको अवस्था छ भने समापनका दृष्टिले पनि त्यो केही अस्पष्ट, कमजोर, रुमानी र काल्पनिक छ। त्यो मूलतः युवा कविभित्रको भावप्रबल प्रतिभाज्वारको कल्पनाप्रधान अभिव्यक्ति हो भने 'बुद्धबोध' बुद्धसम्बन्धी शास्त्र, बुद्धको जीवनी र उनीसँग सम्बन्धित तथ्यहरूको अध्ययन गरी योजनाबद्ध ढङ्गले तयार पारिएको बौद्धिक तथा तुलनात्मक रूपमा परिष्कृत कविप्रतिभाको अभिव्यक्ति देखिन्छ ।

'बुद्धबोध' महाकाव्यको विषयवस्तु बुद्धजीवनी र बुद्धदर्शन हो । त्यसमा पनि बुद्धको दर्शनका आलोकमा मानवीय मूल्यको खोजी गर्नु यस महाकाव्यको उद्देश्य देखिन्छ। त्यसैले दार्शनिकता यस महाकाव्यको विशेष पक्ष बनेको छ। यसमा बुद्धको जीवनयात्रा, प्रकृति-वर्णन, नगर-वर्णन, मार्ग-वर्णन र भेषभुषा-वर्णन जस्ता वर्णनको व्यापकता भएकाले वर्णनात्मकता पाइन्छ । शैली वर्णनात्मक भएका ठाउँमा पनि कोरा वर्णन नभई प्रणवता, स्वाभाविकता र सम्प्रेषणीयता भएकाले महाकाव्य राम्रो बनेको छ । कविको रचनाशैली स्वच्छन्दतावादी छ भने भाव मानवतावादी छ। कविले योजनाबद्ध रूपमा अलङ्कारहरूको प्रयोग जबर्जस्ती गरेका छैनन् तापनि यस महाकाव्यमा भावानुकूलका अलङ्कारहरू प्रशस्त रहेका छन् । एकातिर शब्दले शब्दनृत्य गर्न पाएका छन् भने अर्कातिर कथ्यले ध्वन्यात्मकता पनि पाएको छ। आख्यानमा मूर्तता, स्पष्टता र गतिशीलता छ भने विषयको प्रस्तुतिमा तथ्यपरकता र ऐतिहासिकताको निर्वाह पनि गरिएको छ ।

प्रस्तुत महाकाव्यले बुद्धलाई मात्र नभई राजा शुद्धोदनलाई पनि प्रजातान्त्रिक राजाका रूपमा प्रस्तुत गर्न खोजेको छ । यस किसिमको प्रस्तुतिमाथि केही प्रश्नहरू उठाउन सकिन्छ । कविले राजा शुद्धोदनको राज्यव्यवस्थालाई पूर्णन्यायिक भएको बताएका छन् र राज्यवासीहरू पूर्णरूपमा धनधान्यले परिपूर्ण, दुःखरहित, शोषणमुक्त थिए भनी वर्णन गरेका छन् । यस कुरालाई सत्य मान्दा दुःखी, गरिब र असहायहरूलाई देखेर बुद्धको मनमा करुणा पलाएको अनि वृद्ध, रोगी आदिलाई देखेर बुद्धमा वैराग्यभाव जन्मेको र यही करुणा र वैराग्यका कारण उनी दरबार छाडी मानवमुक्ति र शान्तिको खोजीमा हिंडेका थिए भन्ने ऐतिहासिक तथ्य गलत साबित हुन्छ । सबै प्रजा सुखी भएको राज्यका राजकुमारले दरबारकै वरिपरि घुम्न जाँदा अभाग र दुखले ग्रस्त प्रजाहरूलाई कसरी देख्न सके र तिनलाई दुःखबाट मुक्ति दिनुपर्छ भन्ने धारणा उनमा कसरी उत्पन्न भयो ? भन्ने प्रश्न उठन सक्छ र कविको व्याख्याले विश्वासको सङ्कट भोग्नुपर्ने हुन सक्छ । प्रस्तुत समालोचनाका सन्दर्भमा यो पक्ष गौण रहेको छ। यस पक्षलाई लिएर अलग्गै छलफल गर्न सकिन्छ। यहाँ यो प्रसङ्ग उल्लेख गर्नुको कारण के हो भने यो महाकाव्य तथ्यपरक र ऐतिहासिकतामा आधारित नै छ तापनि यसका ठाउँठाउँमा किंवदन्ती र अतिशयोक्तिमूलक अभिव्यक्ति भएकाले यो केही मात्रामा औपन्यासिक प्रकृतिको पनि बन्न गएको छ।

प्रस्तुत महाकाव्यमा कवि नरेन्द्र पराशर बुद्धलाई भगवानका रूपमा नभई महामानवका रूपमा चित्रण गर्छन् । यस क्रममा महामानव बुद्धप्रति न्याय गर्ने प्रयत्न गरिएको छ । बुद्धका सारगर्भित सन्देश र उनको जीवनयात्राका निष्कर्षलाई यथासम्भव स्पष्ट पार्ने काव्यिक प्रयत्न गरिएको छ । बुद्धका धारणाहरूलाई उद्धरण चिह्नभित्र श्लोकहरूमा रूपान्तरण गरी प्रस्तुत गरिएकाले पाठक स्वयंलाई बुद्धका धारणा आफ्नै क्षमताअनुरूप बुझ्ने अवसर मिल्छ । कविले बुद्धका दार्शनिक तथा व्यावहारिक धारणालाई आफ्नो धारणा बनाएर प्रस्तुत गर्ने सतही प्रयास गरेका छैनन् । यो उनको काव्यिक इमानदारी हो । नेपाली साहित्यमा बुद्धका सम्बन्धमा लेखिएका अनेक रचना छन् भने केही महाकाव्यात्मक रचना पनि छन् । उनका सम्बन्धमा रचिएका अन्य नेपाली महाकाव्यका तुलनामा यो महाकाव्य बढी संयमित, बढी व्यवस्थित, बढी तथ्यपरक र काव्यात्मक दृष्टिले पनि विशेष मूल्यवान् देखिन्छ ।

बुद्धबारे लेख्ने रुचि राख्नु एउटा कुरा हो र बुद्धप्रति न्याय गरेर लेख्नु अर्को कुरा हो । बुद्धसम्बन्धी रचना गर्नेले बुद्धदर्शनका सामयिक र युगीन सार खिच्न सकेमात्र उसको काव्यकृति सार्थक बन्न सक्छ । बुद्ध आफ्नो युगभन्दा सयौँ वर्षपछिसम्मको बोधक्षमता भएका दूरद्रष्टा र महामानव थिए । उनी त्यागका प्रतिमूर्ति, विषयवासनाप्रति अनासक्त, मानवजीवन र मानवअस्तित्वप्रति संवेदनशील र उत्पीडितका लागि करुणामूर्ति त थिए नै, साथमा विश्वमै सर्वाधिक उदार मानवहृदय भएका ज्योतिपुञ्ज पनि थिए । उनलाई एसियाका उज्ज्वल नक्षत्र भनेर मात्र पुग्दैन, विश्वकै महामानवमध्ये विशिष्ट महामानवका रूपमा मूल्याङ्कन गर्नुपर्छ । आज हामी जुनजुन राज्य व्यवस्थाका सम्बन्धमा प्रजातन्त्र र साम्यवादका कुरा गर्छौं, तिनको पृष्ठभूमिको रूपरेखा उनैले कोरेका थिए । वर्णभेद, जातिभेद, लिङ्गभेद, छुवाछुतजस्ता सामाजिक कुरीति, अन्धविश्वास र मानवद्वेषी समस्याहरूका विरुद्ध जुध्ने अगुवा क्रान्तिकारी बुद्ध नै थिए । उनी संसारमा संघीय व्यवस्थाको अवधारणा, सामूहिक नेतृत्वको अवधारणा र स्वतन्त्रताको महत्त्वलाई न्यायपूर्ण र यथार्थपरक ढङ्गले उद्घोष गर्ने अगुवा विचारक पनि थिए भने नारी-समानता र नारी-स्वतन्त्रताका लागि सिद्धान्त र व्यवहारद्वारा सन्देश दिने महापुरुष पनि थिए । यतिमात्र होइन, ती प्रथम उद्घोषक पनि बुद्ध नै थिए जसले भाग्यवादी सर्वेश्वरवादका विरुद्ध साङ्गठनिक अभियान छेडी मनलाई आध्यात्मिक उपज नभई भौतिक वस्तुका रूपमा व्याख्या गरे । उनको यस्तो व्याख्याले मानिसलाई ईश्वरको कठपुतली हो भन्ने धारणाबाट मुक्त गरेर सर्वप्रथम स्वयं शक्तिसम्पन्न बन्न अभिप्रेरित गर्‍यो । त्यसैले यस्ता महामानवको जीवनी र दर्शनलाई विषयवस्तु बनाएर साहित्यिक कृति रचना गर्ने प्रतिभाहरूले उनका उपर्युक्त विशिष्टताहरूका बारेमा यथार्थपरक ढङ्गले न्यायपूर्ण अभिव्यक्ति दिनुपर्छ । यद्यपि बुद्धदर्शन सम्पूर्णतः वैज्ञानिक छ भन्न सकिन्न तर बुद्धको युगसम्म देखा परेका विश्वदर्शनहरूमध्ये यो दर्शन नै सर्वाधिक वैज्ञानिक र मानवहितैषी थियो भन्ने कुरामा शङ्का छैन ।

महाकाव्यकार नरेन्द्र पराशरले प्रस्तुत महाकाव्यमा बुद्धलाई ऐतिहासिक तथ्यअनुकूल पारेर परम् त्यागी, परमार्थी र शान्तिका अग्रदूतको चरित्र प्रदान गरेका छन् । यसमा एकातिर बुद्धलाई जातिभेद, धर्मभेद र लिङ्गभेदका विरोधी तथा मानवएकताका अगुवा क्रान्तिकारीका रूपमा चित्रण गरिएको

छ भने अर्कातिर महिलाका परम् हितैषी र महिला मुक्ति आन्दोलनका सन्देशवाहकका रूपमा पनि प्रस्तुत गरिएको छ । उनलाई सामूहिक नेतृत्वको अवधारणा ल्याउने अगुवा र अग्रगामी नायकहरूमा प्रथम महापुरुष ठहऱ्याइएको छ । उनको समयभन्दा करिब २६ सय वर्षपछिको आजको समयमा जब नेपालीहरू जातीय हकअधिकारका लागि लड्दै छन् र लैङ्गिक उत्पीडनबाट मुक्तिका लागि नेपाली नारीहरू सङ्घर्षरत छन्, आश्चर्य लाग्छ बुद्धले यी कुरा उहिले कुनै न कुनै रूपमा उठाइसकेका थिए । यसप्रकार प्रस्तुत महाकाव्यले बुद्धलाई जातिवाद र लैङ्गिक उत्पीडनका विरोधी नेताका रूपमा चित्रण गर्छ र मानवतावादी पाठकलाई बुद्धप्रति अझ श्रद्धावान् बनाइदिन्छ ।

बुद्धबोध दर्शनलाई महत्त्व दिएर प्रस्तुत भएको महाकाव्य हो तर दर्शन अत्यन्त बौद्धिक, तार्किक र जटिल विषय हो । त्यसैले दर्शनलाई कवितामा उतार्नु कठिन कार्य हुन्छ । त्यसमाथि भिन्नभिन्न दर्शनलाई एउटै कृतिमा सरलतासाथ प्रस्तुत गर्नु त झन् चुनौतीपूर्ण हुन्छ । कवि पराशरले यस महाकाव्यमा दर्शन जस्तो विषयलाई बुझिने गरी प्रस्तुत गरेर आफ्नो अध्ययनलाई कवितामा उतार्ने क्षमताको राम्रो प्रदर्शन गरेका छन् । 'बुद्धबोध' महाकाव्य बौद्ध दर्शनमा केन्द्रित भएर लेखिए पनि यसभित्र प्रसङ्गात् वेदान्त, साङ्ख्य र योगदर्शन समेतको साङ्केतिक उपयोग गरिएको पाइन्छ । बुद्धलाई शिक्षा दिने हिन्दू आचार्यहरूले जीवनजगत्सम्बन्धी रहस्य बताउने क्रममा यी दर्शनहरू प्रस्तुत भएका छन् । यसै सन्दर्भमा प्रकृति र पुरुषको योगबाट जीवनजगत्को सृष्टि हुने र यिनको वियोगबाट सृष्टि रोकिने साङ्ख्यदर्शन (कपिल मुनिद्वारा प्रस्तुत दर्शन), एको ब्रह्मः द्वितीयो नास्ति, एकोकहम् बहुस्यामःको प्रतिपादन गर्ने सर्वेश्वरवादी वेदान्त दर्शन तथा योगश्चित्तवृत्तिनिरोधःको धारणा प्रस्तुत गर्ने योगदर्शनको सामान्य सङ्केत गरिएको छ । यी दर्शनहरू प्रस्तुत गरिएका ठाउँहरूमा कवि नरेन्द्र पराशरमाथि रहेको वेदान्त, साङ्ख्य र योगदर्शनको प्रभाव देख्न सकिन्छ ।

बौद्ध दर्शन अध्यात्मवाद र भौतिकवादको दोसाँधमा रहेको छ । यसले उक्त दुवै दर्शनका अतिवादका विरुद्धमा क्रान्तिकारी धारणा प्रस्तुत गरेको देखिन्छ । तृष्णाबाट मुक्ति र मानवता बुद्धदर्शनको केन्द्रीय सार हो भने दुःखनिरोध नै बुद्धदर्शनको मूल लक्ष्य हो । कुनै पनि दर्शनको लक्ष्य व्यक्ति र समाजलाई अप्ठेराहरूबाट मुक्त गर्दै जटिल मार्गबाट सहजतापूर्वक पार लगाउनु र न्यायका साथ व्यवस्थित गर्नु हो । दर्शन स्वचालित रोपवे होइन जसमा टाँसिएर गन्तव्यसम्म पुग्न सकियोस् । दर्शन त बाटो हो जसमा हिँडेर गन्तव्यसम्म पुग्न सकिन्छ । त्यसैले दर्शनमा टाँसिनु दर्शनको पालना गर्नु होइन; जडसूत्रवादी बन्नु हो । जो जो व्यक्ति वा संस्थाहरू दर्शनमा टाँसिएर अडिएका छन्, तिनीहरू रूढिवादी-जडवादी हुन् । त्यस्ताहरूबाट न त समाजले गति पाउन सक्छ न त जीवनले प्रेरणा नै पाउन सक्छ । यस तथ्यलाई बुद्धले उहिल्यै पत्ता लगाइसकेका थिए ।

बुद्धको दर्शन गतिशीलता र नित्य परिवर्तनको दर्शन हो । नराम्रो नगर्नु र राम्रोका लागि सदैव प्रयत्न गरिरहनु तथा चित्तलाई संयमित बनाई जीवनयात्रा गर्नु बुद्धदर्शनको सार हो । बुद्धसम्बन्धी रचना गर्नेहरूले यसतर्फ ध्यान दिनै पर्छ । कवि पराशरले पनि यी कुराहरूमा ध्यान दिएकै देखिन्छ । पूर्वप्रख्यात तथा सहजै प्राप्त विषयवस्तुमा काव्यरचना गर्न सजिलो अवश्य हुन्छ तर यस्तो काम

त्यत्तिकै चुनौतीको र जोखिमपूर्ण हुन्छ । विषय, घटनावली, पात्र, दर्शन आदि सामग्री पहिले नै प्राप्त भइसकेका हुनाले ती विषयको काव्यात्मक संयोजन गर्दा रचनाकारलाई अवश्य सजिलो हुन्छ तर त्यस्तो विषयमा रचना गर्दा उसले मौलिकता र निजत्वको समस्या भोग्ने सम्भावना पनि उत्तिकै हुन्छ । कलाको विशिष्टता सृजना राम्रो हुनुमा मात्र नभई कृतिकारको निजत्व प्रदर्शनमा समेत निर्भर हुन्छ । स्रष्टाले सृजनामा आफू उपस्थित हुनुको अस्तित्व देखाउनुपर्छ । त्यसका लागि उसले विषयलाई नयाँ स्वर र मौलिक स्वरूप दिई कृतिमा बिम्ब, प्रतीक, ध्वनि, अलङ्कार आदिको नवीनताका माध्यमबाट आफ्नो छुट्टै उपस्थिति र संलग्नता देखाउन सक्नुपर्छ । सृजनाको मौलिकता भनेकै त्यसमा स्रष्टाको मौलिक उपस्थिति स्पष्ट रूपमा देखिनु हो । पूर्वप्रख्यात विषयमा स्रष्टाको छुट्टै उपस्थिति देखाउन निकै कठिनाइ हुने भएकाले नै यस्तो विषयमा रचना गर्नु रचनाकारका लागि चुनौतीले भरिएको र जोखिमपूर्ण कार्य हुन्छ । यस महाकाव्यका सन्दर्भमा भन्दा कवि नरेन्द्र पराशरले यस्तो चुनौती पार गरेको देखिन्छ किनभने 'बुद्धबोध' महाकाव्यमा उनको निजी उपस्थिति पनि देख्न सकिन्छ ।

साहित्यकारका सामु अनेक चुनौतीहरू हुन्छन् । तीमध्ये सामाजिकताको निर्वाह र वैयक्तिकताको मूर्त उपस्थिति प्रमुख चुनौती मानिन्छन् । सामाजिकताको निर्वाह स्रष्टाको सामाजिक दायित्व हो भने वैयक्तिकताको उपस्थिति उसको पहिचान हो । सामाजिकता मान्छेको महत्त्वपूर्ण आवश्यकता हो भने वैयक्तिकता उसका निम्ति सबैभन्दा प्रिय रुचिको विषय हो । यी दुई पक्षबिच उच्च सन्तुलन भएमा कृतिले पूर्णता र सार्थकता पाउँछ । अभिव्यक्ति समाजसम्म फैलिन सकोस् र प्रतिभा वैयक्तिक अस्तित्व देखाउन सफल होओस्– तब नै कृतिको उचाइ बढ्छ । जसरी पातको आधार बिरुवा हो भने बिरुवाको आधार धर्ती हो, त्यसरी नै व्यक्तिको आधार समाज हो भने रचनाको आधार प्रतिभा हो । पातको भविष्य बिरुवामा आश्रित भएझैँ व्यक्तिको भविष्य समाजमा आश्रित हुन्छ । स्रष्टा पनि व्यक्ति नै हो र उसको व्यक्तित्व उसको निजत्वका साथमा समाजकै योगदान हो । त्यसैले जुनसुकै रचना गर्दा पनि त्यस रचनामा समाज हुनुपर्छ र समाजका लागि केही हुनुपर्छ । बुद्धदर्शन समाजका लागि अनुपम उपहार हो । त्यसले समाजहितका लागि चिन्तन गर्छ । सोही विषयलाई लिएर लेखिएकाले 'बुद्धबोध' महाकाव्य सामाजिक महत्त्वको र उपयोगी दुवै छ ।

बुद्धदर्शन अहिंसा र मानवताको दर्शन त हुँदै हो, साथमा न्याय र स्वतन्त्रताको दर्शन पनि हो । सबै प्राणीहरू न्याय र स्वतन्त्रता चाहन्छन् । स्वतन्त्रता प्रत्येक व्यक्तिका सर्वाधिक मूल्यवान् चहनाहरूमध्ये एक हो । सबैजना आफ्नो स्वतन्त्रताको रक्षा भएको देख्न र भोग्न चाहन्छन् । यद्यपि स्वतन्त्रताका कुरा सबैभन्दा बढी राजनीतिक सन्दर्भमा गर्ने गरिन्छ तर गहिरिएर हेर्ने हो भने व्यक्तिको सर्वोच्च स्वतन्त्रताको रक्षा साहित्यबाट जति मात्रामा हुन सक्छ त्यति मात्रामा अन्य कुनै कुराबाट हुन सक्दैन । निश्चय नै राजनीति पनि स्वतन्त्रताको दर्शन हुन सक्छ र हो पनि । तर राजनीतिक दर्शनले सदैव व्यक्ति-स्वतन्त्रतालाई दर्शन-बन्धनका चेपमा अँठ्याएर स्वतन्त्रताका कुरा गर्छ । दर्शन भन्नु नै कुनै न कुनै विचार-बन्धनको नाम हो । जुनसुकै दर्शनले पनि निजी रुचिको डोरीद्वारा व्यक्तिलाई बाँधेर हिँडाउन चाहन्छ । यद्यपि साहित्यिक शास्त्रीयताले पनि बन्धनरहित मुक्तिका कुरा गर्न सक्दैन । तर अन्य कुरा वा दर्शनका

तुलनामा यो बढी उदार र खुकुलो हुन्छ । व्यक्ति-स्वतन्त्रतालाई शालीन ढङ्गले रक्षा गर्नमा यसको जोडा छैन । यसै साहित्यिक स्वतन्त्रताको तात्पर्यमा के भन्न सकिन्छ भने इतिहासकारले निजी रुचिअनुकूल यथार्थभन्दा बाहिर गएर इतिहास लेख्दा अपराध ठानिन्छ भने साहित्यकारले त्यसो गरेमा त्यसमाथि आलोचना-समालोचनामात्र हुन सक्छ, अपराध लाग्दैन । कवि नरेन्द्र पराशरको महाकाव्य 'बुद्धबोध' मा देखा पर्ने केही अतिशयता, थपघट र पुग-नपुगलाई यसै तात्पर्यमा लिनु पर्छ ।

साहित्यले प्रकाश छर्छ । त्यस प्रकाशको सर्वश्रेष्ठ पुञ्ज महाकाव्य हो । साहित्यले छर्ने प्रकाशको तात्पर्य भूमि वा आकाशमा देखिने वस्तुहरू देखिन सक्नेसम्मको उज्यालो दिनुमात्र हो, प्रत्येक वस्तुलाई यहाँ यहाँ छ भन्दै हेर्न लगाउनु होइन । बत्ती बाल्दा कोठा प्रकाशित हुन्छ र आँखा हुनेले हेर्न चाहेमा रुचिपूर्वक दृष्टि दिँदा त्यहाँका सबै वस्तुहरू देख्न सक्छ । त्यस्तै साहित्यले जीवनजगत्लाई प्रकाशमा देखाउनेसम्म हो, इतिहासकारले झैँ तिथिमिति किटान गर्दै हिँड्ने होइन । रुचि राख्ने दृष्टि भएको पाठकले त्यस प्रकाशमा जीवनजगत्का यथार्थ देख्न सक्छ र तिनको मर्मबोध पनि गर्न सक्छ। प्रयत्नबिनै प्राप्त हुने वस्तुको हार्दिक महत्त्व कम भएझैँ पाठकीय प्रयत्नबिना बुझिने ठाडठाडो अभिव्यक्ति कम महत्त्वको हुन्छ । आफ्नो बुद्धि, युक्ति र अनुभवले कुनै कुरा प्राप्त गर्दा बच्चाहरू रमाएझैँ साहित्यिक प्रकाशमा जीवनको मर्म भेट्न पाउँदा पाठक चमत्कृत र आनन्दित हुन्छ । वास्तवमा त्यसरी पाइने आनन्द नै काव्यानन्द हो । कवि पराशरको 'बुद्धबोध' महाकाव्यले पाठकमनको कोठामा उज्यालो प्रकाश छर्छ तथा रुचि र क्षमता भएको पाठकले त्यस उज्यालोमा बुद्धदर्शन र काव्यबोधको आनन्द प्राप्त गर्न सक्छ। यही नै यस महाकाव्यको प्राप्ति पनि हो ।

विषय गम्भीर भए पनि अभिव्यक्ति सम्प्रेषणीय भयो भने त्यो अभिव्यक्ति प्रभावकारी र ग्राह्य बन्छ । 'बुद्धबोध' शान्तरसकेन्द्री महाकाव्य भए पनि र यसको दार्शनिकता गम्भीर भए पनि कविप्रतिभाको सन्तुलित अभिव्यक्तिकलाले यसलाई सहजबोध्य तुल्याएको छ । यसमा प्रसङ्गात् आएका शृङ्गार, करुण, वीर, रौद्ररसको प्रस्तुतिले पनि काव्यात्मक ओज बढाएका छन् । जब पाठकले तलको अभिव्यक्ति पढ्छ–

ढोका खुला यदि भए मनको सदैव<br>
सौन्दर्य आउँछ मिठो वनको सदैव<br>
(३/९)

सच्चा पाठक पाइए असलमा<br>
मुस्काउँछन् पुस्तक<br>
मिठा पुस्तक पाइए असलमा<br>
मुस्काउँछन् पाठक (८/२९)

तब उसलाई कविको गम्भीर जीवनबोध र यथार्थ वस्तुबोधको ज्ञान हुन्छ। त्यस्तै जब पाठक पढ्छ –

ओठमा मन छुने मृदु लाली<br>
वक्षमा रहर-का-फल पाली<br>
चक्षुमा गजब गाजलवाली<br>
बैंसका युवतिका मन जाली (८/८)

तब ऊ प्रणयरसात्मक शृङ्गारभावले रोमाञ्चित हुन्छ । प्रस्तुत महाकाव्यमा यस्ता श्लोकहरू बारम्बार आउँछन्; सोपान सोपानमा देखा पर्छन् । काव्यात्मक मूल्य रसाएको कविहृदयबाट निःसृत यस्ता श्लोकहरू नै यस महाकाव्यका काव्यिक प्राप्ति हुन् ।

## ४.मूल्याङ्कन

महाकाव्य कविताको सर्वोच्च रूप हो– आकारप्रकारमा पनि, अन्तर्वस्तुमा पनि र कलामा पनि । महाकाव्यले वस्तुविधान, , चरित्रविधान, , रसविधान, भाषाशिल्प, प्रबन्धन, उद्देश्यमा र आयाममा महान्ताको अभिव्यक्ति दिनुपर्छ (ज्ञवाली, २०६८ : १३) । पूर्वीय आचार्य भामह र पाश्चात्य आचार्य एरिस्टोटलले महाकाव्यलाई कविताविधाको समानाख्यानात्मक प्रबन्धकाव्य हो जसमा महान् कथावस्तु र महान् चरित्र विधान गरिएको हुन्छ भनेर चिनाएका छन् भने (ज्ञवाली, २०६८ : ३, १५) । सारभूत रूपमा महाकाव्य कविताविधाको सबैभन्दा विशाल त्यस्तो बृहत् तथा बृहत्तर उपविधागत भेद हो जसमा साङ्गीतिक भावप्रवाहमा कविताको प्राधान्य हुने गरी आख्यानका माध्यमबाट जीवनजगत्को विस्तृत कथालाई प्रायः सर्गबद्ध बृहत् भाषिक सूचनाद्वारा प्रस्तुत गरिन्छ (त्रिपाठी, २०४६ : ११२) । यस दृष्टिले हेर्दा बुद्धबोध महाकाव्य महान् चरित्र बुद्धको महान् जीवनरूपी कथायात्रालाई कलात्मक रूपमा प्रस्तुत गर्ने कृति भएकाले विधागत रूपमा महाकाव्य देखिन्छ । पूर्वीय आचार्यहरूले महाकाव्यमा वस्तु (कथानक), नेता (चरित्र) का साथै रससिद्धिको अनिवार्य आवश्यकतामाथि जोड दिएका छन् । यस दृष्टिले हेर्दा प्रस्तुत महाकाव्यमा शान्तरसको धारा प्रवाहित रहेको छ र रसात्मकता पनि सबल नै छ ।

बुद्धदर्शन प्रस्तुत महाकाव्यको दार्शनिक विषय हो भने मानवीय मूल्य यस महाकाव्यको प्रमुख चासोको विषय हो । बुद्धका गम्भीर र दार्शनिक मूलमन्त्रहरूलाई अटाउने प्रयत्न गरिएकाले यो महाकाव्य बौद्धिक प्रकृतिको छ तापनि बुझ्नका लागि जटिल भने छैन । यो पाठकका लागि चिन्तन गर्ने सामग्री दिने किसिमको, बोध्य, सरल र प्रवाहशील महाकाव्य हो किनभने यसको रसास्वादन गर्न पाठकले मस्तिष्कको शोषण भोग्नु पर्दैन । यसका श्लोकहरू कनीकुथी जबरजस्ती तयार पारिएका नभई प्रतिभाप्रवाहमा बगेर निर्मित छन् । यसरी बौद्धिक विषयलाई रागात्मक सम्प्रेषण दिन सक्नु कवि नरेन्द्र पराशरको प्राप्ति देखिन्छ । रचनाका लागि विषयको छनोट पनि महत्त्वपूर्ण हुन्छ । महान् साहित्यका लागि महान् विषयको छनोट गर्नु उचित मानिन्छ । यस दृष्टिले हेर्दा बुद्धको महान् जीवनदर्शन अशान्त वर्तमानका सन्दर्भमा महत्त्वको विषय हुन सक्ने भएकाले यस महाकाव्यको विषयछनोट पनि उचित देखिन्छ । समग्रमा भन्दा यो महाकाव्य पठनीय र मननीय छ ।

## सन्दर्भसूची


अवस्थी, महादेव २०६४, आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श, काठमाडौँ : इन्टलेक्चुअल्ज बुक प्यालेस ।

चामलिङ, गुमानसिंह २०४०, एरिस्टोटल र उनको काव्यशास्त्र, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

ज्ञवाली, रामप्रसाद २०६७, "नेपाली महाकाव्यमा वर्गीयता र वर्गद्वन्द्व", विद्यावारिधि शोधप्रबन्ध, काठमाडौँ : त्रिभुवन विश्वविद्यालय ।

........................, २०६८, महाकाव्य सिद्धान्त र नेपाली प्रयोग, काठमाडौँ : ऐरावती प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य २०४६, नेपाली कविता भाग ४, ललितपुर : साझा प्रकाशन ।

पराशर, नरेन्द्र २०५८, गौरीशङ्कर, काठमाडौँ : महाकाव्यकार स्वयम् ।

................., २०६२, बुद्धबोध, भक्तपुर : श्री अन्नपूर्ण बहुमुखी सहकारी प्रा.लि. ।

भामह, २०५९, काव्यालङ्कार, तृतीय संस्करण, वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

विश्वनाथ, १९९७, साहित्य दर्पण, दसौँ संस्करण, वाराणसी : चौखम्बा विद्या भवन ।

नेपाल, विनयकुमार शर्मा २०५९, नेपाली महाकवि र महाकाव्य, काठमाडौँ : भाभा प्रकाशन ।

# नेपाली साहित्यिक पत्रिकाको यात्रा

– महेन्द्र भण्डारी

१. विषय परिचय

प्रस्तुत शीर्षकले १ नेपाली साहित्यिक पत्रिका र २ तिनको यात्रा गरी दुई कुरालाई जनाउँछ। १ नेपाली साहित्यिक पत्रिका भन्नले नेपाली भाषामा प्रकाशित हुने कविता, गीत गजल, हाँस्यव्यङ्ग्य, लेख-निबन्ध, संस्मरण, कथा, लघुकथा, पर्यावलोकन अतीतका पानाजस्ता साहित्यिक विधालाई महत्त्व दिने पत्रिकाहरू भन्ने बुझिन्छ । यस्ता पत्रिकामा साहित्यिक तथा साहित्यतर विषयालाई प्रथमिकता दिइएको हुन्छ। २ नेपाली साहित्यिक पत्रिकाको प्रकाशनको सुरुवात वि.सं. १९४३ बाट भएको पाइन्छ । त्यसबेला साहित्यिक सामग्रीहरूलाई पाठकसमक्ष पुऱ्याउने माध्यम पत्रपत्रिका रूपमा प्रयोग गरिएको पाइन्छ । मोतीराम भट्टको सक्रियतामा प्रवासबाट निस्केको प्रथम नेपाली पत्रिका 'गोरखा भारत जीवन' र नेपाली भूमिबाट प्रकाशित प्रथम पत्रिका 'सुधासागर'बाट नेपाली पत्रकारिताको इतिहास सुरु भएको हो। एकसय वर्षभन्दा लामो प्रकाशन यात्रा पुरा गरिसकेको नेपाली पत्रकारिता जगत्ले नेपाली भाषा र साहित्यको क्षेत्रमा पुऱ्याएको टेवा अनुकरणीय रहेको छ। प्रस्तुत आलेख नेपाली साहित्यिक पत्रिकाको यात्रामा केन्द्रित रहेको छ। प्रस्तुत आलेखमा १९४३ देखि २०२७ सम्म प्रकाशित भएका पत्रिकाहरूको मात्र अध्ययन गरिएको छ।

२.साहित्यिक पत्रिकाको प्रकाशन पृष्ठभूमि

नेपाली साहित्यको विकासमा साहित्यिक पत्र-पत्रिकाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । देशको भाषिक विकास र साहित्यिक विकासको क्रमिकता तथा सम्बन्धित साहित्यिक सिर्जनाहरूले प्राप्त गरेको उत्कर्षतालाई पर्गेल्ने काम सर्वप्रथम पत्र-पत्रिकाहरूले नै गरेका छन् । भाषिक उत्पत्ति र विकासमा प्राचीन अभिलेखहरूको जुन भूमिका रहेको छ, त्यही भूमिका साहित्यिक रचनाहरूको उत्पत्तिमा पत्रपत्रिकाको रहेको छ। नेपाली साहित्यको प्राथमिक कालमा मुद्रणको असुविधाका कारण पत्र-पत्रिकाहरू प्रकाशित हुन सकेका थिएनन् । माध्यमिक कालले जब मुद्रण युग लिएर आयो, त्यसपछि मात्र पत्र-पत्रिकाहरूले बाहिर निस्कने अवसर प्राप्त गरे। यसरी प्राथमिक कालदेखि नै मुद्रण तथा प्रकाशनको आवश्यकता बोध गरिरहेको नेपाली साहित्यको इतिहासले माध्यमिक कालमा आएर मात्र प्रकाशनको नयाँ युगमा प्रवेश पाउन सफल भयो। त्यही समयमा नेपालीहरूमा पनि भर्खर साहित्यिक चेतना र जागरणको लहर आउन थालेको थियो। तत्कालीन समयमा नेपालमा पठन-पाठनको राम्रो सुविधा थिएन, त्यसैले पढ्न चाहने नेपालीहरू वनारस लगायतका ठाउँमा जाने गर्दथे । भारतमा गैसकेपछि उनीहरूले भारतका विभिन्न पत्र-पत्रिकाको प्रकाशन गरी भाषा र साहित्यको संवर्द्धनमा लागि परे । उनीहरूले पत्र-पत्रिका विना भाषा र साहित्यको विकास हुन सक्दैन भन्ने अनुभव गरी भाषा साहित्यप्रेमी नेपालीहरू पत्र-पत्रिकाहरूका

प्रकाशनतर्फ अग्रसर हुन थाले । फलतः नेपाली भाषाका पत्र-पत्रिकाहरूको प्रकाशन क्रम प्रारम्भ भयो । त्यसपछि मात्र नेपाली सर्जकहरूका साहित्यिक सिर्जना र भाषिक अन्वेषणहरूमा अन्वेषणमुलक लेखहरूले मुद्रित अवस्थामा बाहिर आउने मौका पाए । फलस्वरूप देशभित्र र देशबाहिर पनि साहित्यिक चहलपहल सुरु भयो र भाषा साहित्यका क्षेत्रमा नयाँ युगले पाइला चाल्न सुरु गर्‍यो र नयाँ युगको गतिसँगै पत्रपत्रिकाको गति पनि अगाडि बढ्न सुरु भयो । नेपाली भाषाका साहित्यिक पत्रिका प्रकाशनको पृष्ठ भूमिका केही बुँदाहरूलाई यस प्रकार देखाइन्छ :

- तत्कालीन भाषिक स्थितिमा प्रवासी नेपाली भाषीहरूले आफ्नो पहिचानको खोज गर्नु
- नेपाल तथा नेपाल बाहिर साहित्यिक गतिविधि सुरुवात हुनु
- समकालीन परिवार्तनकारी युवा पिँढीको जन्म हुनु
- मुद्रण युगको आरम्भ हुनु
- धार्मिक चेतना भन्दा वैयक्तिक चेतना र जागरणको लहर आउनु
- भाषा साहित्यप्रेमी नेपालीहरू पत्र-पत्रिकाहरूका प्रकाशनतर्फ अग्रसर हुनु
- देशभित्र र देशबाहिर पनि साहित्यिक चहलपहल सुरु हुनु
- भारतमा विज्ञानको उदय हुनु
- नेपालमा राणाहरूको जहानीया शासनका कारणले मनोरञ्जनका क्षेत्रका ढोकाहरू खुला गरि दिनु
- व्यवसाहिक रूपमा पत्रपत्रिकाको प्रकाशन हुनु
- युवा साहित्यकारहरूबाट साहित्य मुद्रणमा छापाखानाको आवश्यकता र प्रयोगबारे चासो देखाइनु
- नेपालमा वि.सं. १९०८ 'गिद्धे प्रेस, वि.सं. १९२०मा 'नेपाल मनोरञ्जन प्रेस, वि.सं. १९३३ मा 'नारायणहिटी छापाखाना तथा 'जङ्गी लिथोग्राफी छापाखाना', 'टाइम छापाखाना', 'गोरखापत्र छापाखाना' आदि जस्ता छापाखानाहरूको सुरुवात हुनु ।

यसरी प्रवासी भूमिबाट आरम्भ भएको नेपाली पत्र-पत्रिकाको प्रकाशनको परम्परा प्रवासका विभिन्न भू-भागहरूमा विस्तारित हुँदै १९५५ सालमा नेपालमा भित्रियो । त्यसपछि विभिन्न समयमा परिष्कृत र परिमार्जित हुँदै समय-समयमा नवीन मोडहरू लिदैं अहिलेसम्म अगाडि बढिरहेको छ ।

## ३ नेपालमा पत्र-पत्रिका प्रकाशनको थालनी

भारतका विभिन्न ठाउँहरूबाट प्रकाशित हुने पत्रिकाहरू मध्ये वि.सं. १९४३ मा वनारसबाट प्रकाशित भएको गोर्खा भारत जीवनबाट आरम्भ भएको नेपाली पत्र-पत्रिकाको परम्परा वि.सं. १९५५ सालमा नेपालमा भित्रियो । मोतीकृष्ण शर्माको सम्पादनमा १९५५ साल श्रावण महिनामा काठमाडौंबाट प्रकाशित सुधासागर (मासिक) पत्रिका नै नेपाल भित्रबाट प्रकाशित नेपाली पत्रिकाको इतिहासमा सबैभन्दा पहिलो पत्रिका हो । (देवकोटा, २०५१:२९) यस पत्रिकाको स्वरूप के के-कस्तो थियो ? भन्ने बारेमा अहिलेसम्म कुनै प्रमाण फेला परेको छैन । नेपाली भाषा र साहित्यको उन्नति गर्ने उद्देश्यबाट प्रकाशित यस पत्रिकामा कविता, कथाजस्ता साहित्यिक रचनाहरू प्रकाशित गरिन्थ्यो (देवकोटा, २०५१:२९)नेपालभित्र प्रकाशित पत्र-पत्रिकाको इतिहासमा यसैलाई आरम्भ विन्दुका रूपमा मानिएको छ । 'गोरखा भारत जीवन' पत्रिकाबाट सुरु भएको नेपाली पत्रिकाको प्रकाशनको यात्रालाई पत्रिकामा प्रकाशित विषयको क्षेत्रका आधारमा मूल रूपमा दुई भागमा विभानजन गरेर प्रस्तुत गर्न सकिन्छ । ती हुन्: क. २००७ साल पूर्वका

नेपाली पत्रपत्रिकाहरू र ख. २००७ पछिका नेपाली पत्रपत्रिकाहरू ।

क. २००७ साल पूर्वका नेपाली पत्र-पत्रिकाहरू

नेपाली साहित्यिक पत्रिकाहरूमा २००७ साल पूर्वका पत्रिकाहरूमा विषय वस्तुको सिमितता पाइन्छ । वि.सं. १९५५ बाट सुरू भएको नेपाली पत्रकारिताको विकासले २००७ साल सम्म आई पुग्दा विभिन्न समयमा हुने राजनीतिक परिवर्तन र जनतामा आएको चेतनशीलताले गर्दा विभिन्न नयाँनयाँ घुम्ती र मोड तथा प्रवृत्तिहरूलाई आत्मसात् गरेको छ । पं. नरदेव मोतीकृष्ण शर्माको सम्पादकत्त्वमा 'सुधा सागर' पत्रिका वि.सं. १९५५ मा प्रकाशित भएको थियो । वि.सं. १९५५ को श्रावण महिनादेखि 'पशुपत प्रेस'बाट प्रकाशित 'सुधासागर' अप्राप्य नै रहेकाले यसबारे थुप्रै किसिमका भ्रमहरू सिर्जिएका छन् र कसैकसैले यसको अस्तित्वमा समेत शङ्का व्यक्त गरेका छन् (देवकोटा, २०५१:२९)। 'सुधासागर' अप्राप्य रहेको आजको अवस्थामा वि.सं. १९५६ मा 'पाशुपत प्रेस'बाट प्रकाशित 'नलोपाख्यान' उपन्यासको भित्री आवरण पृष्ठमा छापिएको विज्ञापनले भने यसको अस्तित्व माथि शंङ्का गर्नुपर्ने स्थितिलाई समाप्त पारिदिएको छ । यो पत्रिका चाडै बन्द हुनुमा १. पाठक र ग्राहकको अभाव र २. आफूमाथि परेको आर्थिक भारलाई बहन गर्न नसक्नु नै मूल दुई कारणहरू रहेका छन् ।

'सुधासागर' प्रकाशन भएको ३ वर्षपछि अर्थात १९५८ साल वैशाख २४ गते सोमबार देखि पं. नरदेव मोतीकृष्ण कै सम्पादनमा ' गोरखापत्र' (साप्ताहिक) को प्रकाशन आरम्भ भयो (श्रेष्ठ र शर्मा, २०४९: १०६) । वास्तवमा 'गोरखापत्र' समाचारप्रधान पत्रिका भएतापनि यसले कविता, कथा, उपन्यास, जीवनी जस्ता साहित्यका विविध विधालाई प्रकाशित गरेको पाइन्छ । प्रारम्भमा साप्ताहिकरूपमा प्रकाशित भएको यो पत्रिका २००० साल असोज २ ९ देखि अर्धसाप्ताहिक, २००३ पौष ८ गते देखि त्रिसाप्ताहिक र २०१७ फागुन ८ गतेदेखि दैनिक पत्रिकाको रूपमा प्रकाशित भयो (भुषाल र अन्य, २०५०: १३)। कथा, कविता, लेख, रचना र धारावाहिकरूपमा उपन्याससमेत प्रकाशित गरेर यस पत्रिकाले सिङ्गो नेपाली साहित्यको विकासमा अत्यन्तै महत्त्वपूर्ण योगदान पुऱ्याएको छ (श्रेष्ठ र शर्मा, २०४९: १०६)।

राणा शासकहरूको निरङ्कुशताले गर्दा 'गोरखापत्र' (१९५८) को प्रकाशन पछि वि.सं. १९९१ को 'शारदा' प्रकाशनसम्मको बिचको अवधिमा नेपालमा अन्य नेपाली पत्रपत्रिका प्रकाशन भएको पाइँदैन बरु भारतका विभिन्न क्षेत्रमा बसोबास गरेका र भारतमा शिक्षा आर्जन गर्न गएका उत्साही नेपालीहरूको सक्रियतामा नेपाली पत्रपत्रिकाको प्रकाशनको लहर नै चलेको पाइन्छ । जसका कारण यस अवधिमा पत्र-पत्रिका प्रकाशनको परम्परा विदेशी भूमिमा नै बढी केन्द्रित भयो ।

वि.सं. १९५८ मा दार्जीलिङबाट गंगाप्रसाद प्रधानको सम्पादनमा 'गोर्खा खबर कागत' मासिकरूपमा प्रकाशित भएको पाइन्छ । यसमा मूलतः समाचार, सूचना तथा मनोरञ्जनात्मक कृतिहरू छापिएको पाइन्छ (सुन्दास, १९७८:७७)। यो पत्रिका ४० वर्ष चलेर बन्द भएको देखिन्छ । त्यसपछि वनारसबाट सदाशिव शर्माको सम्पादन र ढुण्डीराज ऋषिकेश उपाध्यायको प्रकाशनमा मासिक औपन्यासिक पत्रिका 'उपन्यास तरङ्गिणी' प्रकाशित भएको पाइन्छ । यो पत्रिका पनि आर्थिक संकटमा परेर अन्तमा बन्द भयो । त्यस्तैगरी वनारसमा अध्ययनरत नेपाली छात्रहरू सोमनाथ, चक्रपाणि, देवदत्त पराजुलीको सक्रियतामा र गंगाप्रसाद शर्माको म्यानेजरीमा बनारसवाट वि.सं. १९६३ मा 'सुन्दरी' मासिक पत्रिकाको प्रकाशन सुरु भयो । 'सुन्दरी खाली पद्यमय पत्रिका मात्र थिएन, त्यसमा सुन्दर

गद्यहरू पनि रहन्थे । सुन्दर गद्य र पद्य दुवैलाई सहजरूपमा आत्मसात गरी प्रकाशित गरिएको साहित्यिक पत्रिका 'सुन्दरी' मासिक पत्रिका आठ अङ्कसम्म प्रकाशित भएर बन्द भयो (सुन्दास, १९७८:७७)। छोटो समयमा बन्द हुन पुगे पनि 'सुन्दरी' पत्रिकाको साहित्यिक योगदान निकै महत्वपूर्ण रहेको पाइन्छ । भाषामा श्लीलता र अश्लीलताको प्रश्न पनि सुन्दरीबाट नै सुरु भएको पाइन्छ (श्रेष्ठ र शर्मा, २०४९: १०७)।

सुन्दरीपछि वि.सं. १९६५ कार्तिकमा मातृकाप्रसाद अधिकारीको सम्पादकत्त्वमा बनारसबाटै 'माधवी' मासिक पत्रिकाको प्रकाशन आरम्भ भयो (शर्मा, २०३७: ८९)। तत्कालीन समयमा आफ्नो सही नामबाट पत्रिका प्रकाशन गरी त्यसको माध्यमबाट राणा शासकहरूको आलोचना गर्नु भनेको सोझै मृत्युको मुखमा पर्नु सिवाय अरू केही नहुने ठानी राममणि आ.दी.ले मातृकाप्रसाद अधिकारीको छद्म नामबाट 'माधवी'को प्रकाशन गरेका थिए । यसै पत्रिकाको माध्यमबाट हलन्त बहिष्कार आन्दोलन चर्चाको शिखरमा पुग्यो । यस पत्रिकाले निबन्ध-प्रबन्ध जस्ता गद्य र विविध पद्य साहित्यको प्रकाशन गरेको देखिन्छ । जातीय नवजागरणको शंख फुक्ने 'माधवी'ले भाषिक स्तरीयताका निम्ति ठोस पाइला चालेको देखिन्छ (अधिकारी, ५५: ५) 'माधवी' पत्रिका हलन्त बहिष्कार र गद्यको सुधार र प्रसार गर्ने उद्देश्य लिएर प्रकाशित नेपाली पत्रिकाको इतिहासमा भाषिक आन्दोलन सञ्चालन गर्ने पहिलो पत्रिका थियो ।

यसपछि नेपाली भाषा र साहित्यमा समर्पित भई प्रकाशित हुने पत्रपत्रिका मध्ये चन्द्रशमशेरको स्तुति र प्रशंसा गर्दै वि.सं. १९७१ मा वनारसबाट 'चन्द्र' मासिक पत्रिका माधवप्रसादको सम्पादकत्त्वमा प्रकाशित भई भाषा साहित्य सेवाको नाममा देशबाहिर बसेर पनि चन्द्रशमशेरको चाकडी गरेको देखिन्छ । त्यसैगरी नेपाली साहित्यको श्रीवृद्धि गर्ने क्रममा प्रसिद्ध समालोचक सूर्यविक्रम ज्ञवालीको सम्पादकत्त्वमा बनारसबाटै वि.सं. १९७२ को असोज ११ गते 'गोर्खाली' साप्ताहिक पत्रिका प्रकाशित भयो । यो पत्रिका भाषा साहित्यको उत्थानमा निकै प्रयत्नशील रहेको देखिन्छ । नेपाली भाषाको विकासलाई अघि बढाउने उद्देश्य भएता पनि यो दुई वर्ष प्रकाशित भएर बन्द भयो । नेपाली साहित्यिक पत्रपत्रिकाको श्रृंखलामा वि.सं. १९७४ पुसमा खर्साङबाट पारशमणि प्रधानको सम्पादकत्त्वमा चन्द्रिका मासिक प्रकाशित भयो । त्यसपछि 'जन्मभूमि' १९७९, सम्पा. सूर्य विक्रम ज्ञवाली वनारस, ' गोर्खा संसार' १९८३ सम्पा. ठाकुर चन्दन सिंह, देहरादून, 'राजभक्ति' १९८३ सम्पा. शम्भुप्रसाद ढुङ्गेल वनारस, 'तरुण गोर्खा' १९८५ सम्पा. शेषमणि प्रधान कालिङपोङ, 'नेपाली साहित्य सम्मेलन' १९८९ सम्पा. पदमप्रसाद दार्जिलिङ्ग ' आदर्श' मासिक १९३०, सम्पा. शेषमणि प्रधान, आदि पत्रिकाहरूको मूल उद्देश्य नेपाली भाषा र साहित्यको प्रचार-प्रसार गर्नुमा नै केन्द्रित रहेको देखिन्छ

नेपालमा 'गोरखापत्र'को प्रकाशन पछि करिब तिन दशकको लामो अवधिसम्म कुनै पनि पत्र-पत्रिकाले जन्म लिन सकेन । वि.सं. १९९१ को फागुन महिनामा ऋद्धिबहादुर मल्लको सम्पादकत्त्वमा काठमाडौंको ' जोर गणेश छापाखाना' बाट मुद्रित भएर ' शारदा' पत्रिका निस्कन थाल्यो, जुन पत्रिका नेपाली साहित्यिक पत्र-पत्रिकाको इतिहासमा माध्यमिक काल र आधुनिक कालको सीमास्तम्भको रूपमा रही आधुनिकताको सिंढी उक्लिने सौभाग्य प्राप्त गर्न पुग्छ ।

वि.सं. १९९१ साल फागुनदेखि काठमाडौंबाट ऋद्धिबहादुर मल्लको सम्पादनमा प्रकाशित हुन थालेको 'शारदा' मासिकको नेपाली साहित्यप्रतिको देन ऐतिहासिक एवं अभूतपूर्ण रहेको मानिन्छ । राणा शासनकालमा

जन्मिएको यस पत्रिकालाई आर्थिकरूपमा सरकारी सहयोग प्राप्त भएकाले शासक स्तुतिलाई पनि यसले महत्व दिनु परे तापनि नेपाली भाषा र साहित्यको क्षेत्रमा यसले जुन किसिमको योगदान पुऱ्यायो, त्यसको ऐतिहासिक महत्त्व रहेको छ । जम्मा १८० अंक प्रकाशित गर्न सफल रहेको यस पत्रिकाले विजयाङ्क, नारी अङ्क, मोहन अङ्कलगायतका विभिन्न विशेषाङ्कहरू प्रकाशित गर्नुका साथै महिलाहरूका रचनाहरूलाई महत्त्वका साथ प्रकाशित गर्ने काम पनि गऱ्यो वि.सं. १९९१ सालमा प्रकाशित भएर लामो समयसम्म चल्न सफल भएको 'शारदा' पत्रिकाबाट नै नेपाली साहित्यका विविध विधामा पूर्णरूपमा आधुनिकताको थालनी हुन्छ । यो पत्रिका ख्यातिप्राप्त रचनाकारहरूका रचनाहरू प्रकाशित गर्दै वि.सं. २००० सम्म नियमितरूपमा प्रकाशित भयो । त्यसपछि निस्कँदै बन्द हुँदै २०१८ सालमा आफ्नो अन्तिम अङ्क प्रकाशन गऱ्यो ।

'शारदा' प्रकाशन भएको केही समयपछि नेपाल भित्रबाटै अनेकौं पत्रपत्रिकाहरू प्रकाशित भएका छन् । वि.सं. १९९२ भाद्र १ गतेदेखि सूर्यभक्त जोशीको सम्पादकत्वमा पाक्षिकरूपमा 'उद्योग' पत्रिका प्रकाशित भयो (श्रेष्ठ र शर्मा, २०४९ः १०७)। मूलतः उद्योग विषयलाई प्राथमिकता दिने लक्ष्य राखिएतापनि उद्योगप्रति जन अभिरूचिको अभावमा साहित्यिक सामग्रीहरू पनि प्राथमिकता दिन थाल्यो र वर्ष ३ संख्या १ बाट मासिकरूपमा प्रकाशित हुन थाल्यो । यो पत्रिका २००८ सालमा बन्द भयो ।

यसै अवधिमा भारतमा प्रवासी नेपालीहरूले केही पत्रिकाहरू प्रकाशित गरेका छन् । ती पत्रिकाहरू मध्ये केही हुनः मणिसिंह गुरुङको सम्पादनमा 'गोर्खा सेवक' (१९९२) साप्ताहिक सिलाङ, काशीबहादुर श्रेष्ठको सम्पादनमा 'उदय' (१९९३) बनारस, महाकवि लक्ष्मीप्रसाद देवकोटाको सम्पादनमा 'युगवाणी' (२००४) साप्ताहिक, बनारस, के.डी. प्रधानको सम्पादनमा 'नेवुला' (१९९३) मासिक दार्जिलिङ, एस.पी. प्रधानको सम्पादनमा ' उत्थान' (२००४) कोलकाता, 'गोर्खासंसार' (२००१) सिंगापुर, कमलकुमार शर्माको सम्पादनमा 'हाम्रो कथा' (२००६) मासिक दार्जिलिङ जस्ता पत्र-पत्रिकाले नेपाली पत्रकारिताको विकासमा देश बाहिरबाट सक्दो योगदान पुऱ्याएको देखिन्छ ।

साहित्य विकासको यस अवधिमा नेपाली साहित्य परिषद्द्वारा हृदय चन्द्रसिंह प्रधानको सम्पादनमा 'साहित्यस्रोत' (२००४) काठमाडौबाट प्रकाशित भयो। यो पत्रिका २ वर्ष ९ महिना मै बन्द भयो (देवकोटा ३३)। २००७ सालसम्म नेपालबाट नै देखा पर्ने अन्य नेपाली पत्र-पत्रिकाहरूमा 'घरेलु इलम पत्रिका' (२००४) सम्पादक भीमनिधि तिवारी रही काठमाडौंबाट प्रकाशित भयो । यस पत्रिकाले व्यावसायिक ज्ञान र शिक्षा प्रदान गर्ने महत्त्वपूर्ण कार्य गरेको देखिन्छ । यस्तै ' आँखा' (२००५) देवप्रसाद रिमालको सम्पादनमा मासिकरूपमा प्रकाशित भयो। यसले विद्यालयमा पढ्ने पढाउने विद्यार्थी र शिक्षकहरूका साहित्यिक रचना प्रकाशित गर्ने महत्त्वपूर्ण काम गरी नेपाली साहित्यको श्रीवृद्धि गर्ने काममा सक्दो योगदान दिएको छ। यसैगरी 'पुरुषार्थ' (२००६) साहित्यिक पत्रिका बुद्धिसागर पराजुली र अरुको सम्पादनमा मासिकरूपमा काठमाडौंबाट प्रकाशित हुन्छ (पन्त १२)। यस काल खण्डमा प्रकाशित पत्रपत्रिकाका विशेषताहरू यसक्रममा प्रस्तुत गरिन्छ :

- चेतनाको कमी र राणाशासकहरूको दमनले गर्दा पत्रपत्रिकाहरू स्वतन्त्ररूपमा प्रकाशित हुन नसक्नु ।
- जनचेतना विस्तार हुने डरले राणाहरूले पत्र-पत्रिका प्रकाशनमा हस्तक्षेप गर्नु,
- निजी स्तरका प्रेसको अभाव हुनु, प्रकाशित भएका पत्र-पत्रिकालाई

आफ्नो अधिनमा लिएर सञ्चालन गर्नु जस्ता क्रियाकलापले गर्दा नेपाली भाषाका पत्र-पत्रिकाहरू स्वदेशमा भन्दा विदेशमा नै बढी केन्द्रित हुनु

- साहित्यिक पत्रिकामा साहित्य सँगसँगै समाचार, सूचना तथा मनोरञ्जनात्मक रचनाहरूले पनि महत्त्व पाउनु
- तत्कालीन समयमा पत्रपत्रिकाहरूले आर्थिक र पाठकको अभाव तथा विषयगत स्वतन्त्रता नपाउनु
- राणाहरूको समयमा पनि कतिपय पत्रिकाहरूले राणाहरूकै स्वस्ति गाउँदै आफूलाई नेपाली भाषा साहित्यको सेवामा समर्पित गराए भने कतिले छद्‌म नामबाट नै पत्रिका प्रकाशित गर्ने हिम्मत देखाउनु
- कतिपय पत्रिकाहरूले त राणाहरूको एकतन्त्रीय शासन पद्धतिलाई खुलेरै विरोध गर्नु
- नेपाल भित्र भन्दा प्रवासमा नेपाली साहित्यिक पत्र-पत्रिकाको केन्द्र बन्नु
- पत्रपत्रिकामा मनोरञ्जनका तन्त्रमन्त्र, झारफुक, चाकडी, चाप्लुसी र अश्लीलता जस्ता विषयलाई महत्त्व दिनु १९९१ देखि भने आधुनिक विषयलाई पनि महत्त्व दिनु
- १९९१को 'शारदा' पत्रिकाले साहित्य सिर्जनामा पूर्वीय र पाश्चात्य दुवै खाले मान्यतालाई आत्मसात गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय विषयलाई भित्र्याउनु
- यस्ता पत्रपत्रिकामा कथा, कविता, निबन्ध, समालोचना जस्ता साहित्यिक विधाहरूले महत्त्व पाउनु

ख. २००७ देखि २०२७ सम्मका नेपाली पत्रपत्रिकाहरू

२००७ देखि २०२७ सम्मका नेपाली पत्रपत्रिकाहरूलाई मूल रूपमा अ. २००७ देखि २०१७ सम्मका पत्रपत्रिकाहरू र आ. २०१७ देखि २०२७ सम्मका पत्रपत्रिकाहरू गरी दुई दशकमा विभाजन गरेर अध्ययन गरिएको छ । यस अवधिमा नेपाली राजनीतिमा दुई ठूला घटना घटेका छन् । ती घटनाले नेपाली पत्रपत्रिकालाई पनि असर परेको पाइन्छ ।

अ. २००७ देखि २०१७ सम्मका पत्रपत्रिकाहरू

नेपाली पत्रपत्रिकामा २००७ देखि २०१७ सम्मको समयावधिलाई पहिलो स्वतन्त्रताको बिहानीका रूपमा लिइएको पाइन्छ । वि.सं. २००७ सालको जनक्रान्तिले नेपालमा १०४ वर्षको निरकुंश राणाशासनको अन्त्य गरेर देशमा प्रजातन्त्रको लहर फैलियो । प्रजातन्त्रको उदयसँगै जनमानसमा उकुसमुकुस भएर बसेका भावनाहरू सल्बलाउन थाले र पत्रपत्रिकाको चाप पनि क्रमशः बढ्न थाल्यो राजनैतिक क्षेत्रमा आएको यसप्रकारको परिवर्तनले गर्दा जनचेतनाको अभिवृद्धि गर्ने खालका समाचारप्रधान पत्रिकाहरूको प्रकाशनमा पनि तीव्रता आयो । यसले गर्दा दैनिक, साप्ताहिक, अर्धसाप्ताहिकजस्ता पत्रिकाहरू धमाधम प्रकाशित हुन थाले । त्यसैले यो समयावधि नेपाली पत्रकारिताको इतिहासमा एउटा महत्त्वपूर्ण समयका रूपमा देखा पऱ्यो । प्रजातन्त्रको उदयपश्चात देशका विभिन्न भागहरूमा विभिन्न किसिमका सामाजिक संघसंस्थाहरू खुल्न थाले । नेपाल सांस्कृतिक संघ, नेपाल सांस्कृतिक परिषद्, प्रगतिशील लेखक संघ, नेपाल महिला संघ जस्ता सामाजिक संघसंस्थाहरू पनि क्रमिकरूपमा पत्रकारितातर्फ प्रवेश गर्न थाले । यसप्रकारको परिस्थितिले गर्दा पत्रकारिताको विकासका निम्ति संस्थागत तथा सांगठनिक प्रयासहरू पनि हुन थाले ।

२००७ सालमा राजनैतिक परिवतर्वनसँगै २००७ साल फागुन ८ गतेदेखि सिद्धिचरण श्रेष्ठको सम्पादनमा काठमाडौंबाट 'आवाज' दैनिक पत्रिकाको प्रकाशनारम्भ

भयो । यही 'आवाज' पत्रिका नै नेपाली पत्रकारिताको इतिहासमा प्रथम दैनिक पत्रिका बन्न पुग्यो । मूलतः समाचार प्रधान पत्रिकाको रूपमा प्रकाशित यो पत्रिका २००८ पौषसम्म मात्र सञ्चालित भई बन्द हुन पुग्यो ।

यसै श्रृखंलामा २०१७ सालसम्ममा देखा परेका महत्त्वपूर्ण दैनिक पत्रिकाहरूमा पशुपतिदेव पाण्डेको सम्पादनमा प्रकाशित 'समाज' (२०११), विन्दुनाथ प्याकुरेलको सम्पादनमा प्रकाशित 'हालखबर'(२०१३) मणिकलाल श्रेष्ठको सम्पादनमा प्रकाशित 'समय' (२०१३), डिल्लीबहादुर श्रेष्ठको सम्पादनमा प्रकाशित गोरेटो (२०१४), ध्रुवचन्द्र गौतमको सम्पादनमा प्रकाशित 'कल्पना' (२०१४), पञ्चलाल श्रेष्ठको सम्पादनमा प्रकाशित 'ममता' (२०१६) आदि रहेका छन् । यी पत्रिकाहरू मुलतः समाचारप्रधान भएता पनि नेपाली भाषा र साहित्यको क्षेत्रमा केही न केही मात्रामा सहयोग पुऱ्याएका छन् । जुन किसिमको उत्साहका साथ पत्रिकाहरू प्रकाशित भए, त्यस अनुरूप स्थायी रूपमा प्रकाशित हुन भने सकेनन् (देवकोटा ५७८)।

यस अवधिमा प्रकाशित अर्ध साप्ताहिक पत्रिकाहरू खासै धेरै छैनन् मुख्य अर्धसाप्ताहिक पत्रिकाहरूमा भोजबहादुर सिंहको सम्पादनमा प्रकाशित 'खसोखास' (२००९), कृष्णबहादुर ठकुरीको सम्पादनमा प्रकाशित 'हाम्रो नेपाल' (२०१३), आदि रहेका छन् । यी पत्रिकाहरूको पनि प्रमुख उद्देश्य साहित्यको सेवा गर्ने नभएर जनचेतनाको अभिवृद्धि गर्नका लागि तथ्यमूलक समाचार प्रवाह गर्नु रहेको पाइन्छ ।

यस समयावधिमा साप्ताहिक पत्रपत्रिकाको प्रकाशनमा भने उल्लेख्य प्रगति भएको छ । नेपालमा प्रजातन्त्रको स्थापना हुनु भन्दा तिन दिन पूर्व अथवा २००७ साल फागुन ४ गतेका दिन हृदय चन्द्रसिंह प्रधानको सम्पादनमा काठमाडौबाट 'जागरण' साप्ताहिक पत्रिकाको प्रकाशन आरम्भ भयो । प्रजातन्त्र रक्षाको लागि जनचेतना अभिवृद्धि गर्ने मूल लक्ष्यका साथ प्रकाशित भएको यो पत्रिका मूलतः समाचार प्रधान पत्रिका नै हो । यस अवधिमा प्रकाशित अन्य साप्ताहिक पत्रिकाहरूमा भोजबहादुर न्यौपानेको सम्पादनमा 'तरङ्ग' (२००८), इश्वरानन्द श्रेष्ठाचार्यको सम्पादनमा 'राँको' (२००८), नारायणप्रसाद बाँस्कोटाको सम्पादनमा 'झिल्को' (२००९), विजय मल्लको सम्पादनमा 'आलोक' (२००९), रामचन्द्र उपाध्यायको सम्पादनमा 'राष्ट्रवाणी' (२००९) जगतचन्द्र मोहनको सम्पादनमा ' हलचल' (२०१०), गोपालप्रसादको सम्पादनमा 'यूगदूत' (२०११), शंङकरप्रसादको सम्पादनमा 'नेपाल पुकार' (२०१०, मणिराज उपाध्यायको सम्पादनमा 'प्रहरी' (२०११), मदन शर्माको सम्पादनमा 'छात्र सन्देश' (२०१२), बुद्धिराज शर्माको सम्पादनमा 'नेपाल सन्देश' (२०१२), केदारनाथ शर्माको सम्पादनमा 'इन्साफ' (२०१३), देवीप्रसाद अधिकारीको सम्पादनमा 'नवयुग' (२०१४), काजीमान कन्दङ्वाको सम्पादनमा 'जनकल्याण' (२०१५), गोविन्द वियोगीको सम्पादनमा 'लोकदूत' (२०१५), केशवप्रसाद आचार्यको सम्पादनमा 'राजदूत' (२०१६) आदि देखा परेका छन् । यी सबै पत्रिकाहरूको उद्देश्य जनताहरूमा चेतनाको विकास गर्ने र तथ्यमूलक समाचार सम्प्रेषण गरी स्थापित प्रजातन्त्रको रक्षा गर्नु रहेको थियो ।

यो दश वर्षको अवधिमा विभिन्न पाक्षिक पत्रिकाहरू पनि प्रकाशित भएका छन् । तारिणीप्रसाद कोइरालाको सम्पादनमा 'झङ्कार'(२००९), विजयराज शर्माको सम्पादनमा 'प्रेरणा'(२०१३) रेडियो नेपालको सम्पादनमा 'रेडियो दर्पण'(२०१४), सत्यमोहन जोशीको सम्पादनमा 'निर्माण'(२०१६) आदि पत्रिकाहरू प्रकाशित भएका छन् ।

यस समयका मासिक पत्रिकाहरूमा

कुमारी कामाक्षीको सम्पादनमा 'महिला' (२००८), शान्ति निकुञ्ज स्कूलको सम्पादकत्त्वमा 'इन्द्रधनु' (२००८), शारदाप्रसाद उपाध्यायको सम्पादकत्वमा 'जागृति' (२००९), श्रीमती कान्तिदेवीको सम्पादकत्त्वमा 'प्रतिभा' (२००९), योगी नरहरिनाथको सम्पादकत्त्वमा 'संस्कृत सन्देश'(२०१०), नारायण प्रसादबाँस्कोटाको सम्पादकत्त्वमा 'प्रगति' (२०१०), कृष्णकुमार वर्माको सम्पादकत्त्वमा 'छात्रवाणी'(२०१३), ईश्वर बरालको सम्पादकत्त्वमा इन्द्रेणी(२०१३), कृष्णराज अर्याल र अन्यको सम्पादकत्त्वमा 'नवीन शिक्षा' (२०१४), बासुपासाको सम्पादकत्त्वमा 'किसान' (२०१४), शिवगोपाल रिसालको सम्पादकत्त्वमा 'सिर्जना' (२०१६), आदि देखापर्छन । त्यसैगरी श्यामप्रसाद शर्माको सम्पादनमा २००८ सालमा वीरगञ्जबाट प्रकाशित 'सेवा', श्री आचार्य र लक्ष्मण शास्त्रीको सम्पादनमा विराटनगरबाट प्रकाशित 'आदर्शवाणी' (२००९), अम्बरध्वज खाँतीको सम्पादनमा पाल्पाबाट प्रकाशित 'नयाँ किरण' (२०१४) पनि यस समयका राजधानी बाहिरबाट प्रकाशित मासिक पत्रिका हुन् ।

यस समयमा प्रकाशित केही द्वैमासिक पत्रिकाहरूमा धर्मराज थापाको सम्पादकत्त्वमा २०१० सालमा 'डाँफेचरी' नेपाली लोकसाहित्य प्रधान प्रथम पत्रिका हो । लोक गीत लोक-संस्कृतिको विकासमा यसको महत्वपूर्ण योगदान रहेको छ । त्यस्तै गरेर पुष्करशमशेर र अन्यको सम्पादनमा प्रकाशित 'जनसाहित्य' (२०११), श्यामप्रसाद शर्माको सम्पादनमा 'साहित्य' (२०१६) जग्रेन्द्रबहादुर थपलियाको सम्पादनमा प्रकाशित 'दर्पण' (२०१७) कुमुदेशप्रसाद शर्माको सम्पादनमा प्रकाशित 'इन्दु' (२०१७), बासुदेव रिमालको सम्पादनमा प्रकाशित रूपरेखा (२०१७) आदि पर्दछन् । राष्ट्रिय पुस्तकालयद्वारा बासुदेव रिमालको सम्पादनमा काठमाडौंबाट प्रकाशित रूपरेखा प्रारम्भमा द्वैमासिक र पछि गएर मासिक पत्रिकाको रूपमा प्रकाशित भएको हो । यसलाई १९९१ मा प्रकाशित 'शारदा' पछिको युगवाहक पत्रिकाको रूपमा लिन सकिन्छ । पत्रिका ३३८ अङ्क, प्रकाशित गर्न सफल यो उत्तम कुवँरको निधनपश्चात ढल् मलाउन थाल्यो र प्रकाशनसमेत बन्द हुन पुग्यो । त्यसैगरी चुडामणि रेग्मी र अन्यको सम्पादनमा विराटनगरबाट प्रकाशित 'छहारी' (२०१५) पनि पूर्वाञ्चलको साहित्यिक पत्रकारिताको क्षेत्रमा देखापरेको अर्को द्वैमासिक पत्रिका हो ।

यस दशकमा प्रकाशित त्रैमासिक पत्रिकाहरू पनि प्रकाशित भएका छन् । शशिकला शर्माको सम्पादनमा काठमाडौंबाट प्रकाशित 'स्वास्नी मान्छे' (२०१५) ले नेपाली समाजमा पिछडिएका महिला वर्गलाई महत्त्वका साथ स्थान दिनुका साथै महिला जागरणका क्षेत्रमा पनि महत्त्वपूर्ण भूमिका खेलेको छ । त्यसैगरी मदन पुरस्कार गुठीको मुखपत्रका रूपमा २०१६ सालमा काठमाडौंबाट प्रकाशित नेपाली त्रैमासिक पत्रिका पनि लामो सयमसम्म साहित्यको सेवामा समर्पित पत्रिका हो । केवल साहित्यका सेवामा मात्र केन्द्रित नरहेर मदन पुरस्कार गुठीको समाचार, सूचना र अन्य विविध विषयमा समेत जमघट गर्ने उद्देश्यले प्रकाशित भएको यस पत्रिकामा अनुसन्धानात्मक लेख रचनाहरू पनि प्रकाशित भएकाले नेपाली भाषा र साहित्यिका विद्यार्थीहरूका लागि यो पत्रिका सहयोगी बनेको छ । प्रहरी प्रधान कार्यालय काठमाडौंबाट प्रकाशित 'प्रहरी' (२०१६) प्रारम्भमा साहित्यिक पत्रिकाको रूपमा देखापरे पनि पछि साहित्येतर बन्दै भयो । यसै अवधिमा २०१२ सालदेखि वनारसबाट प्रकाशित हुँदै आएको 'नौलो पाइला' पनि २०१४ सालदेखि बालकृष्ण समको सम्पादनमा काठमाडौबाट प्रकाशित त्रैमासिक पत्रिका हो । यसैक्रममा रामहरि जोशीको सम्पादनमा २०१७ साल भदौमा महोत्तरीबाट प्रकाशित 'जनविकास' अर्ध साप्ताहिक, चतुर्भुज कोइराला र अन्यको

सम्पादनमा २०१४ सालमा पाल्पाबाट प्रकाशित 'उपहार' वार्षिक जस्ता पत्रिकाहरूले पनि साहित्यको सेवा गर्न सफल भएका छन् । यस दशकका पत्रिकाका विशेषतालाई यस प्रकार देखाइन्छः

- २००७ सालको परिवर्तनले चेतनाको ढोका खोल्नाले पुरानो चेतनाको सीमा भत्कनु र पत्रिकाको प्रकाशन तीव्र गतिमा हुनु
- राजनैतिक परिवर्तनले देशमा स्वतन्त्रता प्रदान गर्नाले विभिन्न क्षेत्रका ढोका खुल्नु
- पत्रपत्रिकाले व्यापक विषयलाई समेट्नु
- वैयक्तिक तथा संस्थागत रूपमा पत्रपत्रिकाको प्रकाशन आरम्भ हुनु
- अनुसन्धान, लोकासाहित्य, सिर्जनात्मक र समचार मूलक विषयले समान रूपमा स्थान पाउनु
- राजधानी बहेक देश भित्रका विभिन्न ठाउँ र देशबाहिरका विभिन्न ठाउँबाट पत्रपत्रिकाको प्रकाशनको लहर चल्नु
- दैनिक, साप्ताहिक, अर्धसाप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिहक जस्ता पत्रिकाहरू धमाधम प्रकाशिन हुनु
- नेपाल सांस्कृतिक संघ, नेपाल सांस्कृतिक परिषद्, प्रगतिशील लेखक संघ, नेपाल महिला संघ जस्ता सामाजिक संघसंस्थाहरू पनि क्रमिकरूपमा पत्रकारितातर्फ प्रवेश गर्न थाल्नु ।

आ. २०१७ देखि २०२७ सम्मका पत्रपत्रिकाहरू

नेपाली पत्रपत्रिकामा २०१७ देखि २०४६ सम्मको समयावधिलाई अन्धकारको रातको रूपमा लिइएको पाइन्छ । वि.सं. २०१७ सालमा नेपालमा आएको राजनैतिक परिवर्तनले नेपाली साहित्य र पत्र-पत्रिकाको क्षेत्रमा पनि परिवर्तन ल्यायो । २०१७ साल पौष १ गते राजा महेन्द्रबाट दलहरूमाथि प्रतिबन्ध लगाई निर्दलीय पञ्चायती व्यवस्थाको घोषणा गरेपछि राजनैतिक क्षेत्रमा ठुलो परिवर्तन आएको थियो । दलगत नेतृत्व गर्ने व्यक्तिहरू सरकारी नियन्त्रणमा जेल परे भने कतिपय व्यक्तिहरू देश छाडेर विदेशतिर पलायन हुनुपर्ने बाध्यता पर्‍यो । यसको प्रभाव पत्र-पत्रिका प्रकाशनका क्षेत्रमा पनि पर्न थाल्यो । राजनैतिक विचार दृष्टिकोणबाट प्रभावित पत्र-पत्रिकाहरू अवरूद्ध हुन पुगे । यसले गर्दा पत्रपत्रिका प्रकाशनका क्षेत्रमा केही शिथिलता देखा पर्न थाल्यो भने प्रकाशित भएका पत्रिकाले पनि पञ्चायती व्यवस्थाको विरूद्धमा स्वतन्त्रता प्राप्त गर्न सकेनन्, फलस्वरूप पत्र-पत्रिकाहरूको विकासका लागि सरकारी स्तरबाट विभिन्न समिति र बोर्डहरू स्थापना हुन थाले । साप्ताहिक, अर्धसाप्ताहिक, त्रि-साप्ताहिक हुँदै २०१७ साल फागुन ७ गतेदेखि दैनिक पत्रिकाको रूपमा प्रकाशित 'गोरखापत्र' लाई विकसित र आत्मनिर्भर बनाउने उद्देश्यले २०१७ साल चैत २१ गते गोरखापत्र विकास वोर्डको स्थापना गरियो । यसै वर्ष चैत ६ गते गोरखापत्र कर्पोरेसन ऐन, २०१९ जारी गरियो । सोही बमोजिम २०२० साल असार ५ गतेदेखि गोरखापत्र अस्तित्वमा आयो । यसपछि समसामयिक परिस्थितिअनुसार क्रमशः दैनिकदेखि वार्षिकसम्मका पत्रिकाहरू प्रकाशित हुन थाले । सरकारी संरक्षणमा रहेका संघ-सङ्गठनहरूबाट पनि पत्रिकाहरू प्रकाशित हुन थाले र ती पत्रिकाहरूले साहित्यको क्षेत्रमा देखापरेका विविध प्रवृत्तिहरूलाई आत्मसात् गर्दै अगाडि बढ्न थालेको देखिन्छ ।

२०१७ सालको परिवर्तन पछिको कठीन राजनैतिक परिवेशमा मूलतः समाचार सम्प्रेषणलाई नै उद्देश्यका रूपमा लिएर प्रकाशित भएकाले साहित्यिक पत्रकारिताको इतिहासमा दैनिक पत्रिकाको स्थान भने गौंण रह्यो । यहाँ साहित्यिक पत्रकारितातर्फ नै अध्ययन बढी केन्द्रित हुनाले दैनिक पत्रिकाहरूका बारेमा विस्तृत अध्ययन नगरी केहीको नाम मात्र उल्लेख गरिएको छ । यसैक्रममा मणिकलाल

श्रेष्ठको सम्पादनमा काठमाडौंबाट प्रकाशित 'समय' २०२० मूलतः समाचारप्रधान दैनिक पत्रिका हो । मदनमणि दीक्षितको सम्पादनमा काठमाडौबाट प्रकाशित 'मातृभूमि' (२०२१), कमलप्रसाद घिमिरेको सम्पादनमा ललितपुरबाट प्रकाशित 'नयाँ नेपाल' (२०२२), विराटनगरबाट प्रकाशित 'निर्माण' (२०१९), वीरगञ्जबाट प्रकाशित जनजीवन (२०२२), भैरहवाबाट प्रकाशित 'दैनिक निर्णय' (२०२३) जस्ता दैनिक पत्रिकाहरू पनि स्थानीय समाचारको सम्प्रेषण गर्ने समाचार प्रधान पत्रिका हुन् ।

यस समयावधिमा साप्ताहिक पत्र-पत्रिकाहरू प्रकाशनको क्रमपनि नियमितरूपमा नै अगाडि बढेको देखिन्छ। जनचेतनाको अभिवृद्धि गरी सरकारी अत्याचारको विरूद्धमा जनमत तयार पार्ने खालका राजनैतिक दृष्टिकोणबाट सञ्चालित पत्रिकाहरू पनि देखापरे । यसप्रकारका पत्रिकाहरू सरकारी स्तरबाट दमनको सिकार समेत बन्न पुगे । विजयकुमार उपाध्यायको सम्पादनमा काठमाडौंबाट प्रकाशित 'प्रवर्तक' (२०१८) श्रीदान खालिङको सम्पादनमा प्रकाशित 'मातृभूमि' (२०१९) जस्ता पत्रिकाहरू प्रकाशित भएको पाइन्छ । यसै अवधिमा प्रकाशित छलफल, दृष्टि, विमर्शजस्ता साप्ताहिक पत्रिकाहरू सरकारी क्षेत्रमा अनियमितता र शोषणका विरूद्धमा समाचार सम्प्रेषण गरी सरकारको विरूद्धमा जनमत तयार गर्ने तर्फ बढी केन्द्रित भए । यस समयमा प्रकाशित अन्य केही साप्ताहिक पत्रिकाहरूमा 'नयाँ सन्देश', 'जनआवाज', ' लोकमत', 'विगुल', 'घरेलु उद्योग पत्रिका', 'मुहान', 'राष्ट्रियता', 'साप्ताहिक समाचार', ' किसान', 'मार्ग', 'हिमचुली', 'देशान्तर', 'युवक', 'नारायणी', 'लुम्बिनी', 'भेरी', 'पाल्पा', 'जनता साप्ताहिक', आदि पर्दछन ।

यस अवधिमा देशका विभिन्न भागबाट पाक्षिक पत्रिकाहरू पनि प्रकाशित भएका छन् । पशुपति पराजुलीको सम्पादनमा प्रकाशित 'कोशी अञ्चल' (२०२१), विष्णु नवीनको सम्पादनमा प्रकाशित 'मेची' (२०२१), शिशुप्रसाद देवकोटाको सम्पादनमा राजविराजबाट प्रकाशित 'सगरमाथा' (२०२१), बब्रुवाहन सिंहको सम्पादनमा नेपालगञ्जबाट प्रकाशित 'भेरी' (२०२१), गोकर्णदेव पाण्डे र अन्यको सम्पादनमा काठमाडौंबाट प्रकाशित 'प्रतिध्वनि' (२०२१) जस्ता पाक्षिक पत्रिकाहरूको देशका विभिन्न भागमा छरिएका साहित्यिक प्रतिभाहरूलाई प्रेरणा प्रदान गरेका छन् ।

मासिक पत्रिका प्रकाशनका क्षेत्रमा यस अवधिमा थुप्रै पत्रिकाहरू प्रकाशित भएका छन् । यस समयमा प्रकाशित केही मासिक पत्रिकाहरूमा सुरेन्द्रराज शर्माको सम्पादनमा प्रकाशित 'शिक्षा समाचार' (२०१८), 'निर्देशन' (२०१८), रामलोचनसिंहको सम्पादनमा प्रकाशित 'राप्ती सन्देश' (२०१९) र शिशुप्रसाद दवकोटाको सम्पादननमा प्रकाशित 'खुड्किलो' (२०१९), सत्यमोहन जोशीको सम्पादनमा प्रकाशित 'युवक' (२०२०), मरिचमान सिंहको सम्पादनमा प्रकाशित 'राप्ती दर्पण' (२०२१), विमला मास्केको सम्पादनमा प्रकाशित ' महिला बोल्छिन' (२०२१), प्रेमकुमार कसजूको सम्पादनमा प्रकाशित बालक (२०२२), शान्तलाल सुलामीको सम्पादनमा प्रकाशित ' नवकुञ्ज' (२०२२), गोपालप्रसाद भट्टराईको सम्पादनमा प्रकाशित 'मधुपर्क' (२०२५) आदि देखापर्दछन् । यी पत्रिकाहरूमध्ये गोरखापत्र संस्थानबाट २०२५ सालमा प्रकाशित 'मधुपर्क' एक महत्त्वपूर्ण साहित्यिक पत्रिका हो । कविता, कथा, समालोचनालगायतका हरेक साहित्यिक विधामा त्यत्तिकै प्राथमिकताका साथ स्थान दिने मधुपर्कले सुरुको अवस्थामा कायम राखेको स्तरीय साहित्यिक पनलाई पछिसम्म बचाइराख्न भने सफल भएन ।

द्वैमासिक पत्रिका प्रकाशनका क्षेत्रमा रोचक घिमिरे र रमेश बाँस्कोटाको सम्पादनमा

काठमाडौंबाट प्रकाशित 'रचना' पत्रिका नेपाली साहित्यिक पत्र-कारिताको इतिहासमा एक उल्लेख्य पत्रिका हो । यो पत्रिका प्रारम्भमा चौमासिक त्यसपछि त्रैमासिक हुँदै द्वैमासिक भएर प्रकाशित हुन थाल्यो । त्यसैगरी नरेन्द्रराज शर्माको सम्पादनमा २०२७ सालमा प्रकाशित 'अभिव्यक्ति' द्वैमासिक पत्रिकाले पनि नेपाली साहित्यमा देखापरेका समकालीन प्रवृत्तिहरूको आत्मसात गर्दै नवीन प्रतिभाहरूलाई साहित्यप्रति प्रेरित गऱ्यो । अन्य द्वैमासिक पत्रिकाहरूमा किरण खरेलको सम्पादनमा प्रकाशित 'आचल' (२०१८), गोविन्दप्रसाद लोहनीको सम्पादनमा प्रकाशित 'बगैंचा' (२०१८), ठाकुरप्रसाद पराजुलीको सम्पादनमा प्रकाशित 'सिंहनाद' (२०१९), चेतनाथ शर्मा आचार्यको सम्पादनमा प्रकाशित 'अरुणोदय' (२०२०), बालकृष्ण पोखरेल र गङ्गाप्रसाद प्रधानको सम्पादनमा प्रकाशित 'फूलपाती' (२०२१), द्वारिकाप्रसाद श्रेष्ठको सम्पादनमा प्रकाशित 'सामग्री' (२०२७), रामचन्द्र भट्टराईको सम्पादनमा प्रकाशित 'सुस्केरा'(२०२७) आदि रहेका छन् ।

त्रैमासिक पत्रिका प्रकाशनका क्षेत्रमा लैनसिंह बाङ्देल, चूडानाथ भट्टराय, सत्यमोहन जोशी र केदारमान व्यथित समेतको सम्पादन मण्डलीबाट २०१९ सालमा प्रकाशित 'हिमाली' यस समयको एउटा साहित्यिक पत्रिका हो । त्यस्तै नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित सिद्धिचरण श्रेष्ठको सम्पादित कविता प्रधान त्रैमासिक 'कविता' (२०२१) पनि नेपाली साहित्यिक पत्रकारिताका फाँटमा देखा परेको एउटा उल्लेख्य पत्रिका हो । यसैगरी यसै प्रतिष्ठानद्वारा रत्नध्वज जोशीको सम्पादनमा प्रकाशित 'प्रज्ञा' (२०२७) पनि यस समयको महत्त्वपूर्ण साहित्यिक पत्रिका हो । उल्लिखित पत्रिकाहरूका अतिरिक्त नेपाली साहित्यको विकासमा निरन्तरता थप्ने अन्य द्वैमासिक र त्रैमासिक पत्रिकाहरूमा भिखारी शर्माको सम्पादनमा 'आनन्द' (२०१९त्रै.), के.पी. शैलको सम्पादनमा 'इन्दु' (२०१७ द्वै.) भरतप्रसाद धितालको सम्पादनमा कृषि (२०१७ त्रै.) देवदास राईको सम्पादनमा 'जागृति' (२०१७ द्वै.), रामलाल अधिकारीको सम्पादनमा 'बाटुली' (२०२५ द्वै.), जुजुभाइ बज्राचार्यको सम्पादनमा 'आनन्द' (२०२६ द्वै.), लीलासिंह कर्माको सम्पादनमा 'उषा' (२०२६द्वै.), टी.आर. विश्वकर्माको सम्पादनमा 'जनदुत' (२०२७द्वै.), हिमाल भत्त प्रधानाङ्गको सम्पादनमा 'प्रिया' (२०२७द्वै.), रामचन्द्र भट्टराईको सम्पादनमा 'सुस्केरा' (२०२७द्वै.), जर्नादन मल्लको सम्पादनमा 'सृजना'(२०२२त्रै.), पुरुषोत्तम बस्नेत र अन्यको सम्पादनमा 'मुकुट'(२०२१त्रै.), भवानीप्रसाद घिमिरेको सम्पादनमा 'भानु' (२०२०त्रै.), श्री गौतम बज्राचार्य र अन्यको सम्पादनमा 'पूर्णिमा'(२०२१त्रै.), निर्मलकुमार रिमाल र अन्यको सम्पादनमा 'प्रवाह'(२०२१), पुस्कर लोहनीको सम्पादनमा 'नँया कविता' (२०२१त्रै.), माधवओम श्रेष्ठको सम्पादनमा 'सगुन'(२०२२त्रै.), केदार शर्मा ढकालको सम्पादनमा 'साहित्यधारा'(२०२२त्रै.), अन्नतमणि दीक्षितको सम्पादनमा 'वन' (२०२३त्रै.), प्रेमप्रकाश विष्टको सम्पादनमा 'लालिगुँरास' (२०२३त्रै.), हेमराज शर्मा र अन्यको सम्पादनमा 'कपिलवस्तु'(२०२५त्रै.), दिल साहनीको सम्पादनमा 'कथामञ्च' (२०२६त्रै.), अगमसिंह गिरी र अन्यको सम्पादनमा 'अस्तित्व'(२०२७त्रै.), विजय थापाको सम्पादनमा 'कलाकार'(२०२७त्रै.) लक्ष्मण श्रीमलको साम्पादनमा 'घुम्टो' (२०२७त्रै.) बालकृष्ण पोखरेलको सम्पादनमा 'थुम्को' (२०२७ त्रै.) आदि पर्दछन् ।

यसै अवधिमा चौमासिक र अर्धवार्षिक पत्रिकाहरू पनि देखापरे र पुष्करप्रसाद लामिछानेको सम्पादनमा २०२३ सालमा प्रकाशित 'हाम्रो संस्कृति' त्यस्तै माधवप्रसाद देवकोटाको सम्पादनमा 'आलोक' (२०१८),

यस समयको अर्धवार्षिक पत्रिका हो । यस अवधिमा विभिन्न सङ्घ-संस्था, विद्यालय आदिबाट संस्थागतरूपमा प्रकाशित मुखपत्र र अन्य वार्षिक पत्रिकाहरू पनि देखापरे । यस अवधिमा देखापरेका केही वार्षिक पत्रिकाहरूमा स्याङ्जा छात्रमण्डलद्वारा प्रकाशित 'कल्याणी' (२०१९), पीताम्बर शर्मा र अन्यको सम्पादनमा प्रकाशित 'भानु उदय' (२०१९), गजाधर पौडेल र अन्यको सम्पादनमा दाङबाट प्रकाशित ' मानसप्रभा' (२०२०), मोहनबहादुर मल्लको सम्पादनमा पर्वतबाट प्रकाशित 'पर्वतमाला' (२०२०) आदि रहेका छन् । यी पत्र-पत्रिकाहरूले पनि आ-आफ्ना क्षेत्रका साहित्यिक प्रतिभाहरूलाई अगाडि बढाउन सहयोग पुऱ्याएका छन् ।

• नेपालको राजनीतिक क्षेत्रमा ठुलो परिवर्तन आउनु

• २०१७ सालमा नेपालमा आएको राजनैतिक परिवर्तनले नेपाली साहित्य र पत्र-पत्रिकाको क्षेत्रमा पनि परिवर्तन ल्याउनु

• राजनैतिक परिवर्तनले देशमा निरङ्कुशताको आरम्भले पत्रपत्रिकाको विषय सङ्कुचित हुनु

• समय समयमा जनजागृति फैलाउने खालका र सामाजिक तथा राजनैतिक परिवर्तनप्रति लक्षित साहित्यिक रचनासमेत प्रंकाशित हुनु यस्त पत्रिकाहरूले सरकारको विरूद्धमा समाचार, तथा लेखरचनाहरू प्रकाशित गरेकाले नै पटकपटक सरकारवाट प्रतिबन्धित समेत हुन पुग्नु

• दलगत नेतृत्व गर्ने व्यक्तिहरू सरकारी नियन्त्रणमा जेल पनु र कतिपय व्यक्तिहरू देश छाडेर विदेशतिर पलायन हुनाले यसको प्रभाव पत्र-पत्रिका प्रकाशनका क्षेत्रमा पनि पर्नु

• राजनैतिक विचार दृष्टिकोणबाट प्रभावित पत्र-पत्रिकाहरू अवरूद्ध हुन पुग्नु ।

• पत्रपत्रिका प्रकाशनका क्षेत्रमा केही शिथिलता देखा पर्न थाल्नु र प्रकाशित भएका पत्रिकाले पनि पञ्चायती व्यवस्थाको विरूद्धमा स्वतन्त्रता प्राप्त गर्न नसक्नु फलस्वरूप पत्र-पत्रिकाहरूको विकासका लागि सरकारी स्तरबाट विभिन्न समिति र बोर्डहरू स्थापना हुन थाल्नु

• कठीन राजनैतिक परिवेशमा मूलतः सरकारी समाचार सम्प्रेषणलाई नै उद्देश्यका रूपमा लिएर प्रकाशित भएकाले साहित्यिक पत्रकारिताको इतिहासमा दैनिक पत्रिकाको स्थान भने गौंण रहनु र पत्रिकाहरू साहित्यको क्षेत्रमा देखापरेका विविध प्रवृत्तिहरूलाई आत्मसात् गर्दै अगाडि बढ्न थाल्नु

सन्दर्भ-विवरण


गौरापिप्ली भवनाथ. २०६२. नेपाली साहित्यमा धरती पत्रिकाको योगदान, त्रि.वि. स्नातकोत्तर अप्रकाशित शोधपत्र, ।

दीक्षित कमलमणि. २०१४ यस्तो पनि, काठमाडौंः जगदम्बा प्रकाशन, ।

देवकोटा ग्रीष्मबहादुर.२०५१. नेपाली छापाखाना र पत्रपत्रिकाको इतिहास, काठमाडौं ।

पन्त जनकराज. २०५०. नेपाली साहित्यमा बगर पत्रिकाको योगदान, त्रि.वि स्नातकोत्तर अप्रकाशित शोधपत्र ।

पोखरेल भरतकुमार. २०५४. नेपाली साहित्यमा तन्नेरी पत्रिकाको योगदान, त्रि.वि. स्नतकोत्तर अप्रकाशित शोधपत्र ।

भुसाल ऋषिराज र अन्य. २०५० पत्रकारिताको रूपरेखा बुटवलः विद्यार्थी पुस्तकपसल ।

रेग्मी शिव. २०४९ 'साहित्यिक पत्रकारिताको इतिहास र वर्तमान अवस्थामा भोग्नुपरको कठिनाइहरू', मधुपर्क ।

लक्खी देवी सुन्दास. ई. १९७८, भारतमा नेपाली पत्र-पत्रिकाको अठासियौं वर्ष, अकादमी निबन्धावली ।

सुवेदी राजेन्द्र. २०६३. नेपाली निबन्ध भाग ३, चौ. सं. काठमाडौं : पाठ्य रामग्री पसल ।

शर्मा शरदचन्द्र. २०३७. नेपाली साहित्यको इतिहास, काठमाडौंः पाठ्यक्रम विकास केन्द्र ।

शर्मा तारानाथ. २०५१. नेपाली साहित्यको इतिहास, काठमाडौं : अक्षर प्रकाशन ।

श्रेष्ठ दयाराम र शर्मा मोहनराज. २०४९. नेपाली साहित्यको संक्षिप्त इतिहास, चौ. सं. काठमाडौं :साझा प्रकाशन ।


●

# परिश्रमीको साहित्य निरूपणलाई नियाल्दा

**– कृष्ण बस्याल**

१.विषय प्रवेश ः

डा. घनश्याम न्यौपाने परिश्रमी नेपाली साहित्यको धरातलमा स्रष्टा र द्रष्टा दुबै क्षेत्रमा उत्तिकै चर्चित व्यक्तित्व हुन् । वि.सं. २०१५ साल असार १४ गते गण्डकी अञ्चल स्याङ्जा जिल्लाको श्रीकृष्ण गण्डकी गाविस बलाम नित्य डाँडामा पिता रुक्माङ्गद न्यौपाने र माता तारादेवी न्यौपानेका एक मात्र पुत्रका रूपमा उनको जन्म भएको हो । नेपाली विषयमा एम.ए. र संस्कृत साहित्यमा आचार्य गरेका परिश्रमीले नेपाली तथा हिन्दी गजलहरूको विश्लेषणात्मक अध्ययन शीर्षकमा विद्यावारिधि उपाधि समेत हासिल गरेका छन् । गजल विधामा विशेष दख्खल भएका परिश्रमी सृजना तथा समालोचना दुबै क्षेत्रमा उत्तिकै सशक्त रूपमा कलम चलाउँछन् । नेपाली गजल साहित्यका क्षेत्रमा गजल विशेषज्ञ, गजलका शल्यचिकित्सक, नेपाली गजलका दुष्यन्त कुमार, गजल गुरु जस्ता विशेषणले उनी चर्चित छन् । परीश्रमीले गजलश्री, गजलज्ञानमणि जस्ता उपाधिका अतिरिक्त छन्दबादी समाज नेपालद्वारा गजल विद्वत शिरोमणिको उपाधि समेत प्राप्त गरेका छन् । प्राध्यापन पेसामा आबद्ध परिश्रमी गजल विषयमा विद्यावारिधि उपाधि हासिल गर्ने पहिलो नेपाली व्यक्ति हुन् । परिश्रमीमा हालसम्म अन्त्यमा खण्डकाव्य (२०३६), यो मौसम गजल सङ्ग्रह (२०५०), घामको छहारीमा गजल सङ्ग्रह (२०५३), साहित्य सन्दर्भ समालोचना सङ्ग्रह (२०५५), जुनुमामा बाल गजल सङ्ग्रह (२०६०), जून चुहेको रात गजल सङ्ग्रह (२०६०), राम्रा चाचा मिठा पापा बाल गजल सङ्ग्रह (२०६३), गजल भूमिकावली, भूमिका सङ्ग्रह(२०६३) गजल सौन्दर्य मीमांसा, अनुसन्धानात्मक सैद्धान्तिक समालोचना (२०६४), साहित्य निरूपण समालोचना सङ्ग्रह (२०६९) जस्ता कृतिहरू प्रकाशित छन् । पाठ्यक्रमसँग सम्बन्धित भएर लेखेका उनका थुप्रै पाठ्यपुस्तक तथा व्याकरणका पुस्तकहरू पनि प्रकाशित छन् । नेपाली वाङ्मयका क्षेत्रमा देवी पन्थीसँग संयुक्त रूपमा मिश्रणवादको पवर्तन गरी परिश्रमीले त्यसको आधारभूमि तथा सैद्धान्तिक धरातल समेत तयार गरेका छन् । गजलका विशेषज्ञ तथा गजलबारे सैद्धान्तिक व्याख्या विश्लेषण गर्ने परिश्रमीका फुटकर लेख रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा पनि प्रकाशित भएका देखिन्छन् । यस आलेखमा परिश्रमीका विभिन्न समयमा फुटकर रूपमा पत्रपत्रिकाहरूमा प्रकाशित चौध वटा समालोचनाहरूको सङ्ग्रहको रूपमा रहेको साहित्य निरूपण २०६९ को समीक्षात्मक रूपमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

२ विवेच्य कृतिका समालोचनाहरू

डा घनश्याम न्योपाने परिश्रमीको प्रस्तुत साहित्य निरूपण २०६९ समालोचनात्मक कृतिमा विश्लेषण मूलक चौधवटा गहकिला आलेखहरू सङ्गृहीत छन् । शब्दार्थ प्रकाशन काठमाडौँले प्रकाशित गरेको प्रस्तुत कृति अन्तर्गतको पहिलो समालोचनात्मक सामग्रीका रूपमा मोतीराम भट्टका गजलहरूको अध्ययन र विश्लेषण गरेको छ । मोतीराम भट्ट नेपाली साहित्य इतिहासमा माध्यमिक कालका प्रर्वतक हुन् । भक्तिधारा परम्पराको नेपाली साहित्य धरातलमा युगान्तकारी परिवर्तन ल्याई शृङ्गारिकता थप्दै भट्टले सिङ्गो युगको प्रतिनिधित्व गरेको देखिन्छ । प्रस्तुत समालोचनामा परिश्रमीले गजल विधाको परिचय दिँदै भट्टका ३३ वटा गजलहरूको विश्लेषणात्मक अध्ययन गरेका छन् । मोतीराम भट्ट नेपाली गजलका प्रणेता मात्र नभएर कुशल शास्त्रीय गजलकार हुन् भन्ने परिश्रमीको मूल्याङ्कन रहेको छ । यसै क्रममा समालोचक परिश्रमीले भट्टका गजलहरूमा प्रयुक्त शास्त्रीय गजलहरूको निरूपण समेत गरेका छन् । कृतिभित्रको दोस्रो सामग्रीका रूपमा बालकृष्ण समको विद्याधनं सर्वधनं प्रधानम् एकाङ्की : एक विवेचना रहेको छ । बालकृष्ण सम नेपाली नाट्य साहित्यलाई आधुनिकता प्रदान गर्दै नेपाली नाट्य विधालाई विश्व नाट्य विधाको समकक्षमा पुऱ्याउने स्रष्टा हुन् । उनले पूर्णाङ्कीका साथै एकाङ्कीहरू पनि लेखेका छन् । समको प्रस्तुत विद्याधनं सर्वधनं प्रधानम् एकाङ्की चार एकाङ्की सङ्ग्रह २०२० मा सङ्कलित छ । बालकृष्ण समले नृत्य नाटक मानेको प्रस्तुत एकाङ्कीको विवेचना यस समालोचनामा गरिएको छ । षड्रागहरूको प्रस्तुति रहेको प्रस्तुत एकाङ्कीलाई एक प्रयोगशील रचना मान्दै परिश्रमीले षड्रागहरू क्रमशः मेघमल्हार, हिण्डोल, भैरव, श्री,  मालकोश र दीपकको अर्थसहित परिचय व्याख्या र विश्लेषण समेत गरेका छन् ।

विवेच्य कृतिको तेस्रो सामग्रीका रूपमा राजनीति र साहित्यको परिवृत्तमा श्यामप्रसाद शर्माको मूल्याङ्कन रहेको छ । साहित्यकार श्यामप्रसाद शर्मा नेपाली साहित्य क्षेत्रमा मार्क्सवादी चिन्तक र प्रगतिवादी सर्जकका रूमा प्रसिद्ध छन् । वैचारिक निबन्धहरू लेख्न प्रवीण मानिने शर्माका विशेषताहरू तथा उनको भौतिकवादी दृष्टिकोणलाई यस आलेखमा प्रस्तुत गरिएको छ । शर्मा आफू पग्लेर अरूलाई प्रकाश दिने बलिरहेका मैन बत्ती हुन् भन्ने परिश्रमीको ठहर छ । परिश्रमीले प्रस्तुत लेखमा श्यामप्रसाद शमालाई नेपाली प्रगतिशील साहित्यको एउटा कालखण्ड मानेका छन् । शर्माको जीवनीको पनि प्रस्तुत लेखमा विश्लेषण गरिएको छ । कृतिभित्रको चौथो सामग्रीका रूपमा रमेश गोर्खालीको निबन्धकारिता एक परिशीलनात्मक निरूपण रहेको छ । यस लेखमा परिश्रमीले रमेश गोर्खालीलाई वर्तमान पुस्ताका एक उल्लेखनीय निबन्ध स्रष्टाका रूपमा चिनाएका छन् । उनका दर्जनौँ निबन्धहरू जुन विभिन्न पत्रपत्रिकाहरूमा छिरल्लिएर प्रकाशित भएका छन् तिनको सारतत्वलाई केलाउँदै समालोचक परिश्रमीले गोर्खालीको समीक्षा पद्धतिको समेत चर्चा गरेका छन् । कृतिहरूका गुण पक्षहरूलाई मात्र केलाउने हुनाले गोर्खाली आलोचक नभएर समीक्षक मात्र हुन् भन्ने परिश्रमीको ठहर छ । परिश्रमीले प्रस्तुत लेखमा गोर्खालीका अठार ओटा निबन्धहरूको समीक्षा गरेका छन् । कृतिको पाँचौँ समीक्षात्मक सामग्रीका रूपमा समका ऐतिहासिक नाटकहरूमा पाइने

राष्ट्रिय चेतना रहेको छ । प्रस्तुत लेखमा बालकृष्ण समको जीवनी प्रस्तुत गरिएको छ। समका भक्त भानुभक्त र अमरसिंह नाटक तथा रणदुल्लभ र नालापानीमा एकाङ्कीमा पाइने राष्ट्रिय चेतनालाई प्रस्तुत गरिएको छ । यस लेखमा बालकृष्ण समलाई राष्ट्र र राष्ट्रियताप्रति अत्यन्त सचेत, राष्ट्रिय गौरव र अखण्डतालाई जोगाई राख्नु पर्दछ भन्ने मान्यताका पक्षधर साथै राष्ट्रिय प्रवृत्ति संस्कृति र राष्ट्रभाषा नेपालीप्रति अति नै श्रद्धा र आस्था प्रकट गर्ने स्रष्टा भनेर उच्च मूल्याङ्कन गरिएको छ । बालकृष्ण समको उच्च साहित्यिक योगदानलाई नेपालीहरूले कहिल्यै भुल्न हुँदैन भन्ने प्रस्तुत लेखको निष्कर्ष रहेको देखिन्छ । प्रस्तुत कृतिको छैटौँ समालोचनात्मक सामग्रीका नेपाली गजलमा उर्दू र हिन्दीको प्रभाव रहेको छ । यस समीक्षात्मक लेखमा गजलको सैद्धान्तिक स्वरूपलाई प्रस्तुत गरिएको छ । गजल अरब भूमिबाट उत्पति भई विश्व साहित्यमा ख्याति प्राप्त विधा हो भनिएको छ । परापूर्व कालदेखिका उर्दू र हिन्दीका गजलहरूलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै प्रमुख प्रमुख स्रष्टाका गजलहरूलाई विषय, भाव आदिका आधारमा तुलनात्मक विश्लेषण गरिएको छ । नेपाली गजलले पनि भाषिक रूपमा कथ्य वस्तुको चयन र संरचनात्मक शैलीमा उर्दू र हिन्दीको प्रभाव ग्रहण मोतीराम भट्टकै पालादेखि गरेको देखिन्छ भनेका छन् । नेपाली गजल उर्दू र हिन्दीका गजलको तुलनामा धेरै पछाडि छ तापनि विकासको गतिशील यात्रामा रहेकाले गजलका लागि लागिपर्नेहरूको निरन्तरता जरुरी छ भन्ने प्रस्तुत लेखको सार मान्न सकिन्छ । कृतिको सातौँ रचनाको शीर्षक बुँद रानाका गजलहरूको संक्षिप्त अध्ययन रहेको छ । प्रस्तुत आलेखमा पनि गजलको सैद्धान्तिक पृष्ठभूमिलाई केलाउँदै नेपाली गजलको उद्भव, उठान र विकासको प्रक्रियालाई प्रस्तुत गरिएको छ । बुँद राना नेपाली गजलको पुनर्जागरण काल (२०३६) पछिका प्रगतिशील धाराका एक कुशल एवं सशक्त स्रष्टा हुन् । उनका प्रकाशित गजल सङ्ग्रहहरूभित्रका गजलहरूमा पाइने क्रान्ति चेतना, प्रजातन्त्रप्रतिको आस्था, राष्ट्रभक्ति, श्रमिक वर्गप्रतिको सहानुभूति आदि विषयलाई प्रस्तुत समालोचनामा विश्लेषणका आधार बनाइएको छ । समालोचक परिश्रमीले बुँद रानालाई सरल भाषामा गहिरो भाव व्यक्त गर्ने गजलकार हुन् भन्दै नेपाली गजलको प्रगतिवादी गौरवलाई उनले उर्वर र हरितिमामय बनाएका छन् भनेका छन् । कृतिको आठौँ समीक्षात्मक सामग्रीका रूपमा नेपाली साहित्यको सेरोफेरोलाई नियाल्दा रहेको छ । कपिल लामिछानेका विभिन्न समयमा फुटकर रूपमा प्रकाशित २० वटा समीक्षात्मक लेखहरूको सङ्ग्रह नेपाली साहित्यको सेरोफेरो भित्रका सामग्रीहरूलाई प्रस्तुत शीर्षकमा समीक्षात्मक चर्चा गरिएको छ। कपिल लामिछाने समसामयिक नेपाली समालोचना क्षेत्रका एक क्रियाशील साधक हुन् भन्दै उनका समालोचकीय गुण र विशेषताहरूलाई यहाँ प्रस्तुत गरिएको छ । लामिछाने पाण्डित्य प्रदर्शनीबाट मुक्त रहँदै प्रभाववादी व्याख्यात्मक, प्रगतिवादी, तुलनात्मक र निर्णयात्मक समालोचना प्रवृत्तिका मिश्रण हुन् भन्ने परिश्रमीको ठहर छ। यहाँ कृति भित्रका २० वटै रचनाहरूको सारलाई केलाउने काम परिश्रमीले गरेका छन्। विवेच्य कृतिको नवौँ सामग्रीका रूपमा मधुकलशको रसमा डुब्दा रहेको छ। वर्तमान युवा पुस्ताका छन्दवादी कविहरू मध्येमा

एक सुदिप भद्र खनालको प्रथम पुस्तकाकार कृतिका रूपमा प्रकाशित मधुकलश कविता सङ्ग्रह भित्रका ५५ वटा कविताहरूलाई केलाउने काम प्रस्तुत लेखमा गरिएको छ। शास्त्रीय छन्दमा रचिएको यस सङ्ग्रहका कविताहरूमा प्रयुक्त छन्दहरूको निरूपण सहित गद्य कविताहरूको बाढी चलिरहेको वर्तमान परिप्रेक्ष्यमा खनालको उक्त कविता सङ्ग्रह नेपाली कविता साहित्यमा नयाँ आयाम हो भन्ने समालोचकको ठहर रहेको छ। यति मात्र नभएर समालोचक परिश्रमीले कविता सङ्ग्रह भित्रका कविताहरूमा रहेको देशप्रेम, मानवीय संवेदना, प्रकृति प्रेम, सौन्दर्य चेतना आदिलाई खोतलेका छन्। प्रकृतिलाई मानवीकरण गरेर प्रस्तुत गर्न खनाल सिपालु छन् भन्दै परिश्रमीले खनालको कवित्वको उचित मूल्याङ्कन गरेका छन् । खनालको जन्मभूमिको सम्झनामा शीर्षकको कवितामा भने वालकृष्ण समको इच्छा कविताको छाप परेको छ भन्ने समालोचकको ठम्याइ छ।

समालोचक परिश्रमीको विवेच्य कृति भित्रको दसौं सामग्रीको रूपमा होरेस तथा उनको औचित्य सिद्धान्त रहेको छ । होरेस (ईसापूर्व ६५-८) रोमेली कवि व्यङ्ग्यकार तथा आलोचक थिए। उनी साहित्यमा परम्परावादी तथा शास्त्रीयतावादी विचारक मानिन्छन्। उनी ग्रिसेली साहित्य, काव्य दर्शन र संस्कतिप्रति अत्यधिक मोह राख्थे । आर्स पोएटिका (काव्यकला) उनको सर्वाधिक चर्चित र महत्वपूर्ण कृति हो। काव्यका सन्दर्भमा होरेसले नाटक सम्बन्धी विशेष चर्चा गरेको पाइन्छ। होरेसका यिनै विविध सन्दर्भहरूलाई समालोचक परिश्रमीले यहाँ चर्चा गरेका छन् । होरेसको काव्य विषयक विचार, अनुकरण सम्बन्धी धारणा, काव्य प्रयोजन, काव्य हेतु, सत्कार्य सम्बन्धी विचार तथा औचित्य सिद्धान्तलाई पनि चर्चा गरिएको छ। औचित्यका सन्दर्भमा चर्चा गर्दै विषयको औचित्य, चरित्रको औचित्य, शब्द तथा भाषा शैली र छन्दको औचित्य बारे प्रकाश पारिएको छ। होरेसले स्थापना गरेका मान्यताहरूले समग्र परिष्कारवादी साहित्य तथा स्रष्टाहरूलाई आज पनि मार्ग निर्देशन गरिरहेको भन्ने निष्कर्षमा समालोचक पुगेका छन् । कृतिभित्रको एघारौं सामग्रीका रूपमा देवकोटाका महाकाव्यहरूमा नायकको प्रयोग एक अध्ययन रहेको छ। देवकोटाको महाकवित्वको चर्चा तथा पूर्वीय र पाश्चात्य मान्यताका आधारमा महाकाव्यको परिचय सहित प्रस्तुत लेख अघि बढेको छ। यसमा देवकोटाका महाकाव्यहरू शाकुन्तल, सुलोचना, महाराणा प्रताप, वनकुसुम, प्रमिथस, पृथ्वीराज चौहान, शाकुन्तल (अङ्ग्रेजी) का लेखन र प्रकाशन समय प्रस्तुत गर्दै महाकाव्यमा नायकमा हुनुपर्ने विशेष गुणहरूको चर्चा गरिएको छ । शाकुन्तल महाकाव्यको नायक दुष्यन्त-धीरोदात्त नायक, सुलोचना महाकाव्यको नायक अनङ्ग वीरत्व र धीरत्वहीन नायक, वनकुसुम महाकाव्यको नायक नरेन्द्र धीरललित नायक, प्रमिथस महाकाव्यको नायक प्रमिथस धीरोदात्त नायक, पृथ्वीराज चौहानको नायक पृथ्वीराज चौहान धीरप्रशान्त र धीरोदात्त नायकका रूपमा रहेको उल्लेख गरिएको छ। नेपाली महाकाव्य परम्परामा देवकोटाले प्रस्तुत गरेको नायकत्वमा विविधता दृष्टिगत हुन्छ भन्दै नायकत्व दृष्टिले देवकोटा परम्परा र नवीनता प्रयोगका समन्वयकर्ता हुन् भनिएको छ। विवेच्य कृतिको बाह्रौं सामग्रीको शीर्षक ग्रिसेली कवयित्री सफ्फोको गितिकला रहेको छ । इसापूर्व सातसय वर्ष पहिले ग्रिसको लेसबस नामको टापुमा सफ्फो जन्मिएकी थिइन् । बाल्यकाल राम्रैसँग बिताए पनि उनको युवा अवस्थाको जीवन सहज हुन सकेन त्यसैले कामुकता र यौन असन्तुष्टिलाई

सफ्फोले आफ्ना रचनामा प्रस्तुत गर्न थालिन् । समालोचक परिश्रमीले उनका यस्तै प्रवृत्ति तथा विशेषतालाई यस आलेखमा प्रस्तुत गरेका छन् । सफ्फोका कतिपय गीतहरूको भावानुवाद पनि यहाँ प्रस्तुत गरिएको छ । कवियत्री सफ्फोको व्यक्तिगत जीवन असफल भए पनि उनको साहित्यिक जीवन भने सफल रहेको थियो भन्ने प्रस्तुत लेखको ठम्याइ रहेको देखिन्छ । कृतिभित्रको तेह्रौँ सामग्रीका रूपमा शास्त्रीय छन्दसम्बन्धी सैद्धान्तिक विश्लेषण गरिएको छन्द निरूपण नामक समालोचना रहेको छ । छन्द पूर्वीय साहित्य तथा पाश्चात्य साहित्य दुबैतर्फ परापूर्व कालदेखि प्रचलित विषय हो । पूर्वीय साहित्यमा छन्दको विशेष महत्व देखिन्छ । यही छन्दको महत्वलाई परिश्रमीले यस आलेखमा प्रस्तुत गरेका छन् । छन्द शब्दको व्युत्पत्तिलाई केलाउँदै यसको अर्थ र परिभाषालाई यहाँ प्रस्तुत गरिएको छ । वैदिक (संस्कृत) छन्दशास्त्रका चारवटा, लौकिक (संस्कृत) छन्दशास्त्रका १६ वटा र नेपाली छन्दशास्त्रका ११ वटा प्रमुख ग्रन्थहरूको नाम पनि यहाँ उल्लेख गरिएको छ । पौराणिक किम्वदन्ती अनुसार वाल्मीकिको मुखबाट शोकयुक्त पद्य निःसृत हुनु, ब्रह्मा प्रकट भएर छन्द प्रकट भएको स्वीकार गर्नु जस्ता प्रसङ्गहरू यहाँ उल्लेख गरिएको छ । रामायणमा १३ वटा लौकिक छन्द, महाभारतमा १८ वटा र श्रीमदभागवत्मा २५ वटा शास्त्रीय छन्दहरू प्रयोग भएको उल्लेख गरिएको छ । छन्दका शुभ अशुभ वर्णहरूको पनि उल्लेख गरिएको छ । छन्दका भेदहरू वार्णिक छन्द र मात्रिक छन्दको चर्चा गरिएको छ । वार्णिक छन्दमा एक अक्षरको एक चरण हुने छन्द उक्था देखि छब्बीस अक्षरको एक चरण हुने छन्द आकृतिको समेत चर्चा गरिएको छ । यी सबै वार्णिक छन्दका भेदहरूको समेत यहाँ चर्चा गरिएको छ । गति र यति लघु -गुरु सिद्धान्त आदिको चर्चा गरिएको छ । गणको परिचय गराउँदै गण, गणाधार, गण संकेतका उदाहरणहरू प्रस्तुत गरिएको छ । गणफलकको चर्चा गर्दै वार्णिक छन्दका इन्द्रव्रजा, वसन्ततिलका, तोटक, मन्दाक्रान्ता आदिलाई उदाहरण सहित प्रस्तुत गरिइएको छ । मात्रिक छन्दका पादाकुलक, चौबोला, आर्या आदिलाइ पनि उदाहरण सहित परिश्रमीले यहाँ प्रस्तुत गरेका छन् । शास्त्रीय छन्द वार्णिक र मात्रिक दुबैको लक्षण र उदाहरण सहित चर्चा गर्दै गद्य छन्दको समेत चर्चा गरिएको प्रस्तुत आलेखमा लोकलयको भने सामान्य चर्चा समेत गरिएको छैन । छन्दको बारेमा सरल, स्पष्ट रूपमा चर्चा गरिएको प्रस्तुत समालोचना महत्वपूर्ण देखिन्छ ।

कृति भित्रको चौधौँ तथा अन्तिम सामग्रीका रूपमा साहित्यिक प्रतिक्रिया र यसको महत्व रहेको छ । जहाँ क्रिया हुन्छ त्यहाँ प्रतिक्रिया हुन्छ भन्ने विज्ञानले समेत प्रमाणित गरेको विषय हो । साहित्यिक प्रतिक्रिया भनेको कुनै पनि सृजना गरिएको रचनाको गुण, अवगुण छुट्याएर गरिने अभिव्यक्ति हो । साहित्यिक समालोचनाका क्षेत्रमा यसको ठुलो महत्व रहेको देखिन्छ । साहित्यिक रचनाको दर्शन, श्रवण वा पठनबाट मानव हृदयमा कुनै न कुनै प्रभाव परेकै हुन्छ । पाठकले गरेको प्रतिक्रियाबाट स्रष्टाले आफ्ना मूल्य र महत्व थाहा पाउँछ । योग्य वा प्राज्ञिक पाठकबाट भएका मूल्याङ्कनले समालोचना जन्मिन्छ । यही कारण विश्वस्तरका विभिन्न पत्रपत्रिकाहरूमा प्रतिक्रियाको स्तम्भ समावेश गरिएको हुन्छ भन्नेजस्ता विषयमा प्रस्तुत लेख आधारित देखिन्छ । साहित्यिक पत्रत्रिकाहरूले कस्ता रचनाहरूलाई समावेश गर्ने, नवोदित स्रष्टाहरूलाई कस्तो ठाउँ दिने, नाम चलेका स्रष्टाहरूका स्तरहीन रचनाहरूलाई पनि स्थान दिइने तर ओझेलमा

परेका स्रष्टाहरूका राम्रा लेख रचनाहरूले पनि ठाउँ नपाउने जस्ता प्रवृत्तिहरूको यहाँ चर्चा गरिएको छ। साहित्यिक प्रतिक्रियाको लागि अध्ययन, मनन र चिन्तन आवश्यक पर्ने, सतही प्रतिक्रिया, नामका लागि प्रतिक्रिया र स्तरहीन प्रतिक्रिया साहित्यिक प्रतिक्रियाका लागि नसुहाउने कुरा हुन् भनिएको छ। प्रस्तुत आलेख समालोचनाका क्षेत्रमा पाइला चाल्न चाहने, केही सिक्न चाहने र समीक्षाको क्षेत्रमा अघि बढ्न चाहने नवोदित स्रष्टाहरूका लागि उचित पाठ सिकाउन सफल देखिन्छ। परिश्रमीले साहित्यिक प्रतिक्रियाको उचित आँकलन यस आलेखमा गरेका छन् ।

३. मूल्याङ्कन तथा निष्कर्ष :

समालोचना कार्य जटिल कार्य हो । यसका लागि समालोचकमा गहन अध्ययन, ज्ञान, दर्शन, चिन्तन, मनन एवं निर्णयात्मक प्रस्तुतिको क्षमता हुनु आवश्यक मानिन्छ । यसर्थ जो कोहीबाट समालोचना कार्य सम्भव हुँदैन । यसैले समालोचना क्षेत्रमा भएका कार्यहरू साहित्य सिर्जनाका तुलनामा न्यून देखिन्छन् तापनि साहित्यलाई मूल्याङ्कित गर्ने कार्यमा समालोचकको प्रमुख भूमिका रहन्छ र कतिपय विशिष्ट स्रष्टाहरू आफना कृतिको मूल्याङ्कनयोग्य समालोचकहरूबाट होस् भन्ने चाहन्छन् । यस अर्थले पनि समालोचनाको महत्व दिनानुदिन बढ्दो छ भने समालोचनात्मक कार्य विधिमा पनि नवीन दृष्टिकोणहरू देखा परेका छन्। जीवन अनुभवजन्य अभिव्यक्तिको विविधाङ्गी रूपहरूले साहित्यलाई पनि प्रभाबित पार्दै लगेको यथार्थताभित्र परम्परित समालोचना सिद्धान्तहरू साहित्यानुकूल बन्दै नयाँ नयाँ पद्धति र शैली अन्तर्गत विकसित हुँदै गइरहेका छन्। पूर्वीय र पाश्चात्य दुबै स्थितिमा नेपाली समालोचनामा अनेकौं नवीन धारणा र दृष्टिकोणले प्रभाव पारिरहेको देखिन्छ।

विक्रमीको पचासको दशकबाट नेपाली समालोचनाको गर्भ र मर्मलाई सतर्क ढङ्गमा हृदयङ्गम गर्दै आधुनिक समालोचनात्मक विशेषतालाई उभ्याएर प्राज्ञिक सञ्चेतना र तीक्ष्ण दृष्टिका माध्यमले व्यक्तित्व एवं कृतित्वको समालोचनातर्फ लागेमा परिश्रमी वर्तमान पुस्तामा सशक्त र विवेकशील समालोचकका रूपमा खारिँदै गइरहेका छन् । संस्कृत साहित्याचार्यको योग्यताले उनमा पूर्वीय साहित्यको प्रशस्त ज्ञान भरिदिएको छ भने प्राज्ञिक कार्यमा उनी अहोरात्र खटिरहेका छन् । त्यसैले उनमा पाश्चात्य साहित्याध्ययनको अनुभव सघन भइरेको छ । मूलतः प्रगतिवादी सञ्चेतनासहितको साहित्य सिर्जना र समालोचनामा साधनारत परिश्रमीको यो प्रवृत्ति समालोचनात्मक कार्यमा देखिए पनि यथार्थतः स्वतन्त्र रूपमा सैद्धान्तिक र व्यावहारिक समालोचनात्मक पद्धति अँगाल्दै कृति र कृतिकारका पक्षमा आवश्यक्ता अनुसार व्याख्या, विवेचना, विश्लेषण एवं मूल्याङ्कन विधिद्वारा तत्पक्षीय दृष्टिकोणहरू मुर्त्याउन उनी सफल देखिन्छन् ।

प्रस्तुत विवेच्य कृति साहित्य निरूण परिश्रमीको आफ्नो प्राज्ञिक तथा विश्लेषणमूलक समालोचनात्मक कार्यव्यापारको उपजका रूपमा चौधवटा अति मार्मिक लेखहरूको सङ्ग्रहको रूपमा रहेको देखिन्छ। नेपाली साहित्यको माध्यमिक कालमा नेपाली गजल परम्पराका पनि प्रवर्तक एवं महान प्रतिभा मोतीराम भट्टका गजलहरूको अध्ययन विश्लेषणदेखि सुरु भएर चौधौं लेखका रूपमा रहेको साहित्यिक प्रतिक्रिया र यसको महत्व शीर्षकको सैद्धान्तिक समालोचनात्मक

लेखमा पुगेर प्रस्तुत कृति टुङ्गिएको छ । प्रस्तुत कृतिमा विषयसूची सहितको पूर्व भाग र सन्दर्भसूची सहितको पश्चभाग पनि छँदै छ। मन्तव्यको रूपमा रहेको प्रा.महादेव अवस्थीको विश्लेषणात्मक भूमिकाले यस कृतिको गरिमा र महत्वलाई चरमोत्कर्षमा पुऱ्याएको छ । नेपाली राष्ट्रिय साहित्यको माध्यमिक कालका प्रतिभा मोतीराम भट्टदेखि नाट्य सम्राट वालकृष्ण सम हुँदै वर्तमान समयका कपिल लामिछाने, सुदिपभद्र खनालका कृतिहरू, इसापूर्व सातौं सताव्दीकी ग्रिसेली कवियत्री सफ्फोको गीतिकला तथा होरेसको औचित्य सिद्धान्तको व्याख्या र विश्लेषणले समालोचक परिश्रमीको समालोचकीयता विश्वजनिन स्तरसम्म रहेको पुष्टि हुन्छ । प्रस्तुत कृतिभित्रका ६वटा समालोचनाहरू स्रष्टापरक अध्ययनका रूपमा रहेका देखिन्छन् । मोतीराम भट्टका गजलहरूको अध्ययन र विश्लेषण, राजनीति र साहित्यको परिवृत्तमा श्यामप्रसाद शर्माको मूल्याङ्कन, रमेश गोर्खालीको निबन्धकारिता एक परिशिलनात्मक निरूपण, बूँद रानाका गजलहरूको संक्षिप्त अध्ययन, देवकोटाका महाकाव्यहरूमा नायकको प्रयोग एक अध्ययन र ग्रिसेली कवयित्री सफ्फोको गीतिकला यस प्रकारका समालोचनाहरू हुन्। यस कृतिअन्तर्गतका ३ वटा समालोचनाहरू कृतिकेन्द्री देखिन्छन् । समको विद्या धनं सर्व धनं प्रधानम् एकाङ्की : एक विवेचना, नेपाली साहित्यको सेरोफेरोलाई नियाल्दा र मधुकलशको रसमा डुब्दा कृतिकेन्द्री समालोचनाहरू हुन् । नेपाली गजलमा उर्दू र हिन्दीको प्रभाव तुलनात्मक प्रवृत्तिको समालोचना हो । समका ऐतिहासिक नाटकहरूमा पाइने राष्ट्रिय चेतना, होरेसको औचित्य सिद्धान्त, छन्द निरूण र साहित्यिक प्रतिक्रिया र यसको महत्वलाई सैद्धान्तिक समालोचनाका रूपमा लिन सकिन्छ । परिश्रमीको समालोचकीय प्रवृत्तिलाई प्रस्तुत कृतिका आधारमा हेर्दा उनी सिद्धान्तपरक समालोचकका साथै स्रष्टापरक, कृतिकेन्द्री र तुलनात्मक प्रवृत्तिका समालोचक हुन् भनेर मूल्याङ्कन गर्न सकिन्छ । भाषिक हिसाबले संस्कृतिनष्ठ तत्सम शब्दहरूको अधिक प्रयोगकर्ताका रूपमा उनी देखिन्छन् । उनका समालोचनाहरू सामान्य पाठकले बुझ्न कठिन हुने देखिन्छ । वास्तवमा उनका समालोचना बौद्धिक र प्राज्ञिक पाठकका लागि उपयुक्त खुराक बन्न सक्छन् । नेपाली साहित्य र समालोचना क्षेत्रले उनीबाट अझ धेरै उत्कृष्ट कृतिहरू पाइरहने छ भन्ने अपेक्षा गर्न सकिन्छ ।

सन्दर्भ सूची


ढकाल, घनश्याम (२०६२), यथार्थवादी नेपाली समालोचना, गण्डकी साहित्य सङ्गम पोखरा ।

परिश्रमी, घनश्याम न्यौपाने (२०६२) आधुनिक नेपाली व्याकरण दीक्षान्त पुस्तक लुम्वनी स्टुडेन्ट कर्नर ।

परिश्रमी, घनश्याम न्यौपाने (२०६३), गजल भूमिकावली भाभा पुस्तक भण्डार चावहिल काठमाडौं ।

परिश्रमी, घनश्याम न्यौपाने (२०६४), गजल सौन्दर्य मीमांसा सन साइन उच्च मा.वि.रूपन्देही ।

परिश्रमी, घनश्याम न्यौपाने (२०६९), साहित्य निरूपण, शव्दार्थ प्रकाशन काठमाडौं नेपाल ।

पौडेल, अर्जुनप्रसाद (२०५८) घनश्याम न्यौपाने परिश्रमीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन (अ.प्र.शोधपत्र) त्रि.वि.वि ।.

बस्याल, कृष्णप्रसाद डा.घनश्याम परिश्रमीको गजलकारिता (अ.प्र शोधपत्र) त्रि.वि.वि.।

· cgbej / cgbelt

# डा. जीवेन्द्र देव गिरी

**– यशु श्रेष्ठ**

नेपाली भाषा, साहित्य र संस्कुतिका परिपक्व अध्येता हुन् डा. जीवेन्द्र देव गिरी । भाषा, भाषिका एवम् लोक साहित्यको खोज, अध्ययन र अनुशीलन मात्र नभएर प्रायः जीवनीपरक एवम् कृतिपरक समालोचनातर्फ पनि सक्रियताकासाथ कलम चलाउँदै आइ रहेका बहु आयामिक प्रतिभा हुन् डा. गिरी । उनले नेपाली भाषा, साहित्य र संस्कृतिको संवर्धनमा प्राज्ञिक सिर्जना र साङ्गठनिक सक्रियताबाट नेपाली प्राज्ञिक समुदायमा उल्लेखनीय योगदान दिँदै आएका छन् । विद्यार्थी जीवनबाटै साहित्यिक र राजनीतिक जीवन सुरू गरेका उनका यी दुवै जीवनको पाटो लुकामारीका हिसाबले चलि रह्यो । अझ प्राज्ञिक परिचयले राजनीतिक परिचयलाई पटुकीभित्र हालि दिएको देखिन्छ ।

वि.सं २००८/०३/०८ गते सुर्खेत जिल्ला सिम्ता काप्रीचौरमा जन्मेका गिरीको साहित्यिक जीवन गीत तथा कथा लेखनबाट अगाडि बढ्यो । वि.सं. २०३३ मा काठमाडौंबाट प्रकाशित हुने पत्रिका 'मातृभूमि' साप्ताहिकमा पहिलो पटक 'मुटुले ढ्याङ्ग्रो ठोक्दै छ' कथा प्रकाशित भएको उनका हाल दर्जनभन्दा बढी ओजनदार कृतिहरूले मुहार देखाइ सकेका छन् भने अझै उनी सृजनशील कार्यमा सक्रियतापूर्वक साधनारत छन् । वि.सं. २०६५ मा त्रिभुवन विश्व विद्यालयबाट विद्या वारिधि प्राप्त गरेका उनी हाल त्रि.वि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुरमा कार्यरत छन् । नेपाल प्रज्ञा प्रतिष्ठान, प्रगतिशील लेखक सङ्घ, जन साहित्यिक मञ्च, त्रि.वि प्राध्यापक सङ्घ, नेपाल बाल साहित्य समाज आदि दर्जनौं सङ्घसंस्थामा उनको संलग्नता रहेको छ । प्रज्ञा, वाङ्मय, प्रलेस, बाल साहित्य, साहित्यकार जनक प्रसाद हुमागाईं : स्रष्टा एक द्रष्टा अनेक, कलाकार कुलमान सिंह भण्डारी स्मृति ग्रन्थ, स्मृतिमा कमल आदि दर्जनौं कृतिका सम्पादक डा. गिरी नेपाल विद्याभूषण (क), त्रि.वि.दीर्घ सेवा पदक, शिक्षा दिवस पुरस्कार, सुर्खेती प्रतिभा पुरस्कार, झर्रो नेपाली विशिष्ट विद्वान् सम्मान, सुर्खेत इन्टेलेक्चुयल फोरम सम्मान आदि जस्ता पुरस्कार र सम्मानबाट सम्मानित छन् ।

**पहिलो पटक साहित्य सिर्जना गर्दाको अनुभव ?**

रेडियोमा गीतहरू खुबै सुनिन्थ्यो । त्यसकै प्रभावले होला, मैले पहिलो पटक गीतहरू सिर्जना गरेको थिएँ । वि.सं. २०२० सालतिर कक्षा ६मा पढ्दै थिएँ । 'जुन अवस्थामा छौ दाजुभाइ, यसको श्रेय सहिद चारलाई' भन्ने गीत लेखेको थिएँ । प्रायः सिर्जनाहरू स्कुलको शुक्रबारे कार्यक्रममा सुनाउनका लागि गरिन्थ्यो ।

म अलि अन्तर्मुखी स्वभावको थिएँ । आफ्नो रचना अरूले नै सुनाइ दिए पनि हुने जस्तो लाग्थ्यो । गीतहरू लेखेपछि 'ओहो म पनि लेख्न सक्ने रहेछु ' भन्ने लागेको थियो ।

**पहिलो पटक रचना पत्रिकामा छापिँदा कस्तो लाग्यो ?**

त्यसबेला 'मातृभूमि' साप्ताहिक पत्रिका खुब चर्चित थियो । वि.सं.२०३३ सालतिर 'मुटुले ढ्याङ्ग्रो ठोक्दै छ' भन्ने कथा सहित गीत, कविता 'प्रदेशी' छद्म नाम राखेर हुलाक मार्फत पठाएको थिएँ । कथा चाहिँ छापिएछ । छापिएपछि गजब खुसी लाग्यो । छापिएको पत्रिका हेरि रहन मन लाग्यो । हेर्‍यो, फेरि हेर्‍यो । फेरि पनि दोहोर्‍याई, तेहेर्‍याई पटक पटक पढ्न मन लाग्यो ।

तर त्यो पत्रिका अहिले मसँग छैन । राजनीतिक माहौलले कहिले वारेन्ट जारी, कहिले पक्राउ पर्ने खतरा र कहिले घर खानतलासी हुने अवस्था भएकाले कता कता पर्‍यो ।

**पहिलो पुस्तक प्रकाशन ?**

'नेपाली साहित्य शृङ्खला', भाग १ र २ वि.सं. २०५२ मा मेरा गुरुहरु प्रा.डा. वासुदेव त्रिपाठी, ठाकुर पराजुलीहरूसँग मिलेर सहलेखन गरें । मेरै पुस्तक चाहिँ 'भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण' वि.सं. २०५३ सालमा प्रकाशन भएको हो । पुस्तक प्रकाशन गर्न साह्रै गाह्रो । आफूसँग पैसा पनि नभएको । अरूले गरि देलान् भन्न कोहीसँग त्यस्तो चिनजान, सम्पर्क पनि थिएन । श्रीमतीलाई प्रकाशक बनाएर त्यो पुस्तक छापें । कृतिकार भएपछि गजबको खुसी लाग्दो रहेछ । झोलामा हालेर बाँड्दै हिँडे । बेच्दै हिँडे । जे होस् लागेको खर्च सबै उठायो किताबले । आनन्द लाग्यो ।

**नेपाली साहित्यलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

नेपाली साहित्यमा विविध विधाका रचनाहरू आएका छन् । अन्तर्राष्ट्रिय रूपमा दाँजिने रचनाहरू पनि छन् तर हाम्रो साहित्यले नेपाली जन जीवनलाई राम्ररी समेट्न नसकेकै हो भन्ने लाग्छ । साँच्चै मानवलाई छोइ राखेका सामाजिक समस्या, त्यसको चिन्तन, कसरी मानिसले समस्याबाट मुक्ति पाउन सक्छन् भन्ने जस्ता जनमुखी साहित्य पर्याप्त मात्रामा लेखिएका छैनन् । देवकोटाले मुनामदन लेखे, समस्या उठान गरे, लोकप्रिय पनि भयो तर त्यस समस्या उठानसँगै समाधान पनि आए अझ लोकप्रिय हुन्थ्यो होला भन्ने लाग्छ । उठान एकदम ठिक थियो तर समस्याको समुचित निदान त्यहाँ पनि  आउन सकेन ।

वास्तवमा नेपाली साहित्यले नेपाली समाजका समस्याका  जरा छिमल्नु पर्छ र सडेगलेका चिन्तनबाट समाजलाई मुक्त पार्नु पर्छ । सर्जकहरुका प्रगतिशील रचनाहरुले यस दिशामा विशेष योगदान गरेका छन् ।

अहिले नेपाली राजनीतिमा परिवर्तन आएर पनि समाजलाई विकार र विकृतिले नछाडेकामा विरोधको चर्को आबाज साहित्यमा उठेको छ । यसरी आबाज उठ्नु स्वाभाविक छ तर नकारात्मक चित्रणले मात्र समाजलाई अगि बढाउन सक्तैन भन्ने कुरा पनि बुझ्न जरुरी छ । यतिखेर पनि खराब कुरालाई समाप्त पार्न कैयौं असल मान्छेका प्रयत्नहरु जारी छन् तर हाम्रा  रचनामा त्यस्तो मान्छेको उठान छैन, जो असल चरित्रको होस् । धेरै जसो नकरात्मक पाटोलाई मात्र लिएर साहित्य रचना हुने गरेको छ । असल र सकारात्मक पात्र र कामका रचना कमै आएका छन् । साहित्यमा सकारात्मक पाटो ओझेल नपरोस् भन्नेतिर पनि हाम्रो ध्यान जान आवश्यक  छ ।

**यी आएका विभिन्न वादहरूलाई कसरी हेर्नुहुन्छ ? के कुनै वादले साहित्यलाई**

**अगाडि बढाउन सक्छ त ?**

जुनसुकै वाद भनिए पनि लेखिने दुई कुरा मात्र हुन् -एउटा पक्षले उच्च वर्गको ओकालत गरि रहन्छ भने अर्को निम्न वर्गको ओकालत गरि रहेको हुन्छ। यथार्थवाद बाहेक अरू वादहरूले त मानिसलाई रनभुल्लमा पार्ने मात्र हो । यथार्थलाई भुमरीमा पार्ने मात्र हो। यी आएका विभिन्न वादहरू आआफ्ना ठाउँमा चर्चित होलान् तर यथार्थवाद नै महत्त्वपूर्ण कुरा हो। यथार्थमा पनि प्रतिलिपिमूलक, आलोचनात्मक र समाजपरक यथार्थवाद हुन्छन्। समाजपरक यथार्थवादले भोलिसम्म देख्न सक्ने क्षमता राख्छ । भएको लेख्ने, आलोचना गर्ने अनि त्यसको मुक्ति, निवारणका लागि लेख्ने वादका रूपमा त्यो परिचित छ। उत्तर आधुनिकतावाद जस्ता वादहरूले मानिसहरूलाई निराश, रनभुल्ल पार्ने बाहेक समाजलाई, साहित्यलाई अगाडि बढाउन सक्दैनन्। त्यसैले त्यस्तो वादको कुरामा के अर्थ छ र ?

**नेपाली साहित्य अगाडि बढ्न केले असर गरिरहेको छ त ?**

मानवद्वेषी लेखनले नै साहित्यलाई जन्जालमा पारि रहेको छ। नेपाली साहित्य अगाडि बढ्न नसकेको भने पटक्कै होइन। राम्रा पुस्तक पनि लेखिएका छन्, प्रकाशनमा आएका छन् र अत्यन्त लोकप्रिय भई संस्करणका संस्करण छापिएका पनि छन् भन्ने कुराका उदाहरणका रूपमा प्रश्रित,पारिजात आदिका रचनालाई लिन सकिन्छ। तर जस्ता रचनाले नेपाली साहित्य भरिपूर्ण हुनु पर्ने हो, त्यो हुन सकि रहेको छैन । नेपालका विभिन्न भाषामा अनुवादको काम तीव्र गतिमा हुनु पर्ने हो र असल साहित्यलाई अनुवादका माध्यमबाट भए पनि त्यहाँसम्म पुऱ्याउने चेष्टा हुनु पर्ने हो ,लुकि रहेका राम्रा रचनाहरूको खोजी हुनु पर्ने हो, त्यो हुन सकि रहेको छैन । सञ्चारमा जसको पहुँच छ, जसले हल्लाखल्ला गर्न सक्छ, उसकै पाइला अगाडि छ। राम्रो समीक्षा हुन सकि रहेको छैन । नेपालभित्र धेरै जातजातिहरू छन्, तिनीहरूको पनि साहित्य, कला, संस्कृति अगाडि आउन गाह्रो भइ रहेको छ।। यस्ता विविध कारणहरू छन् ।

**साहित्यलाई अनुत्पादक क्षेत्र भनिन्छ नि, यहाँको विचार ?**

बारीमा बिउ छऱ्यो भने त त्यसको फल पाउन केही समय पर्खनु पर्छ भने साहित्य त यस्तो बिउ हो, जसमा मानिसलाई थाहा नपाईकन परिवर्तन गरिदिने शक्ति हुन्छ । साहित्यले मान्छेमा दया माया, त्याग, सेवा, सच्चा भावना ल्याउन मलजल गरिदिन्छ। साहित्य जस्तो मान्छेका आँखा खोलिदिने, साँच्चैको मान्छे बन्न प्रेरित गर्ने र मुलुक तथा समाजलाई परिवर्तन गर्ने मानव उत्पादन गर्ने क्षेत्रलाई अनुत्पादक भन्ने त मूर्ख हो ।

**चोरी गरेर नै नेपाली साहित्य अगाडि बढिरहेछ भनिन्छ, हो त ?**

होइन, नेपाली लेखकहरू इमानदार छन् । आफूसँग प्रतिभा नभएका केही मानिसहरूले छिट्टै चर्चामा आउन 'अरूलाई के थाहा हुन्छ र ?' भनेर बद्मासी गरेका छन् भन्दैमा सबैलाई आक्षेप लगाउनु उचित हुँदैन । हो, एकदुई लाइन तलमाथि गर्ने, एकदुई लाइनै उडाइ दिने, हुवहु उतार्नेहरू पनि छन् । तर ती एकदुई जनाका सीमित कृति हेरेर सबैलाई यसो भन्न मिल्दैन । देवकोटा, सम जस्ता हाम्रा अग्रज स्रष्टाहरूलाई पनि दोष लगाइएको छ । कहिले कहीँ भाव मिल्यो भनेर पनि दोष लगाइन्छ तर के कुरा हेक्का राख्न आवश्यक छ भने मान्छेको भावना मिल्दोजुल्दो पनि हुन सक्छ । यही पृथ्वी हो, जमिन, आकाश, माटो यही हो, मानवीय दुःखसुख उस्तै उस्तै हुन्, पीडा उही हो, महसुस गर्ने पनि उस्तै नै हुन्छन्, त्यसैले

कहीँ कतै मिल्नु, प्रभाव परेको देखिनुलाई ठाडै चोरी भन्न मिल्दैन ।

जहाँ पनि राम्रो नराम्रो कुरा हुन्छ । यस्तैमा केही चोरी भएका पनि होलान्, यो नराम्रो पक्ष हो तर नेपाली साहित्यमा राम्रा पक्ष नै धेरै छन् ।

**कसरी पठन संस्कृति बढाउन सकिन्छ होला ?**

पठन सस्कृति बढ्न लेखन र सरकारी नीति दुवै राम्रो हुनु पर्छ । यहाँका धेरै लेखकहरू मेहनती भएर जनताका काखमा पुग्न सकि रहेका छैनन् भन्ने आक्षेप छ । त्यसैले नेपाली जनताका समस्यालाई उठाएर, उनीहरुलाई छुने किसिमले लेख्न नसकि रहेको स्थिति एकातिर छ भने लेखेका कुरा पनि पाठकसम्म पुग्न समस्या छ । त्यसैले सबै पक्ष इमानदार हुनु जरुरी छ ।

सरकारले साहित्यको लागि एउटा राम्रो नीति तर्जुमा र लागु गर्नु पर्छ । गा.वि.स. स्तरसम्म पुस्तकालय र वाचनालयहरू स्थापना गरिनु पर्छ । साहित्यको लागि बजेट नै छुट्याइनु पर्छ । साहित्यकार भइदिन मात्र केही लेखि दिने परिपाटीले कम गुणस्तरको साहित्य सृजना हुन पुग्छ, जसले गर्दा पाठकमा वितृष्णा पैदा गरि दिन्छ । राम्रा साहित्य सृजना हुनु पर्‍यो, त्यसलाई प्रकाशनको असुविधा हुनु भएन, पाठकसम्म पुग्नु पर्‍यो ।

**कस्तो साहित्य लेखिनु पर्छ त ?**

रूप र अन्तर्वस्तुको राम्रो संयोजन, विचारमा सुन्दर, कला पक्ष राम्रो भएको हुनु पर्छ । उदाहरणका रूपमा हाम्रा गीतकारहरुबाट हाम्रो देशको समाज र प्रकृतिमा विद्यमान किसिम किसिमका विषय र लयलाई आत्मसात् गर्न सक्नु पर्छ, ती लयहरूलाई समातेर सुरुचिकर रचनाहरू दिन सक्नु पर्छ । देशको जन जीवनलाई छोएर साहित्य रचिनु पर्छ । हाम्रा रित्तिएका गाउँहरुमा कसरी प्राण सञ्चार गर्ने हो भन्नेतिर ध्यान पुर्‍याउन अबेर भइ सकेको छ । यसरी नै विगतको युद्धले पारेका घाउहरुमा मलम लगाउने जुक्ति खोज्नु परेको छ ।

**नेपाली साहित्य लेखेरै जीविकोपार्जन गर्न सक्ने दिन देखिएला त ?**

म आशावादी छु । केही लेखकहरूले राम्रै विक्री गरेर कमाइ गरि रहेका समाचार पनि सार्वजनिक छन् । मानिसको चेतना अनि आर्थिक अवस्था माथि उठेपछि, देशमा औद्योगीकरण भएर काममामको व्यवस्था भएपछि त साहित्यले गति लिइ हाल्छ नि । अहिलेको जस्तो उमेर पुगेको जनशक्तिले काम नपाउने अनि छोरानातिसम्मका लागि बाबुबाजेले सोचि दिनु पर्ने, कमाएर राखि दिनु पर्ने अवस्थाबाट छुटकारा नपाउने अनि साहित्यबाट टाढा रहि रहने दिन सधैँ कहाँ रहला र ?

**नेपाली साहित्यकारहरूले किन लेखिरहेका छन् जस्तो लाग्छ ?**

थरीथरीका लेखक छन् हाम्रो देशमा । थरीथरीका चिन्तन, भावना, समाजका कुराहरू लिएर यहाँ लेख्ने गरिन्छ । कोही लेखेर चर्चित भइन्छ भनेर लेख्छन् । कोही रहरले लेख्छन् । कोही समाज परिवर्तनका लागि लेख्छन् । कोही धार्मिक हुन,कोही साहित्यकार कहलाउन र कोही पछिसम्म कृति रहन्छ भनेर पनि लेख्छन् ।

**तपाई किन लेख्नु हुन्छ ?**

नेपाली समाजको उत्थानमा केही सहयोग पुर्‍याउन सकिन्छ कि भनेर जन जीवनका पक्षलाई उजागर गर्न मैले साहित्यका गीत,कविता,निबन्ध र समालोचनामा कलम चलाउने गरेको छु । यसरी नै मैले जनभाषाका रूपमा रहेका नेपालीका भाषिका तथा राजी, थारु, मुस्लिम आदिका भाषाबारे लेखेको छु । साथै लोक भावनालाई जीवित राख्ने लोक साहित्यका बारेमा पनि केही लेखेको छु ।

**नेपाली साहित्यमा लेखक बढी, पाठक कम छन् भनिन्छ नि ?**

भावमा बगेर होइन, वस्तुगत रूपमा हेर्नु पर्छ । जति शिक्षा बढ्यो, चेतना बढ्दै गयो, मानिसमा केही लेख्ने र पढ्ने जाँगर बढ्दै जान्छ । कलम चल्दै जान्छ । पढ्नु पर्छ भन्ने भावना पनि बढ्दै जान्छ । लेखक पनि पाठक नै हुन् । अतः लेखकका तुलनामा पाठकको सङ्ख्या कम छ भन्ने भनाइ हचुवा भनाइ हो जस्तो लाग्छ । जति लेखनको मात्रा बढ्दै जान्छ, उति गुणात्मकता पनि बढ्दै जान्छ । त्यसैले लेखकको सङ्ख्या बढ्यो भनेर टाउको दुखाउनु पर्ने केही देख्दिन । मात्रात्मक विकासले नै गुणात्मक विकासलाई आमन्त्रण गर्छ ।

**अहिले दिइ रहेका पुरस्कार र सम्मानलाई कसरी हेर्नु हुन्छ ?**

केही पुरस्कार तथा सम्मानहरू छन्, जुन पाउँदा मानिस गौरवान्वित हुन्छन् । थोरै पुरस्कार राशि भए पनि तिनले स्रष्टाको उचाइ बढाइ दिएका हुन्छन् । सही मूल्याङ्कन गरेर दिइएका पुरस्कार र सम्मानले स्रष्टामा जाँगर थपि दिन्छन् ।

राज्यको ढुकुटीबाट प्रदान गरिने पुरस्कारहरु पनि छन् । तिनको राम्रो मापदण्ड बन्नु पर्छ र प्रदान गर्ने संस्था निष्पक्ष एवम् गम्भीर हुनु जरुरी छ ।

केही पुरस्कार लिन असल स्रष्टा हिचकिचाएको पनि देखिन्छ । तिनका स्रोत र स्वार्थबारे प्रश्न उठ्ने गरेका छन् । केही पुरस्कार उच्च वर्गीय स्वार्थसँग पनि गाँसिएका छन् जुन जनताका लेखकहरुका निम्ति होइनन् । फेरि अहिले पुरस्कार र सम्मान दिने थरीथरीका बाटाहरू बनेको चर्चा छ । पुरस्कार राशि नै बाँडफाँड हुने, आफैंले सम्मानको व्यवस्था मिलाउने र आफैं सम्मानित हुने चलन पनि छ भन्ने सुनिन्छ । यस्ता पुरस्कार जनताका निम्ति लेख्ने असल स्रष्टाद्वारा तिरस्कृत छन् ।

मलाई के लाग्दछ भने नेपालका सबै पुरस्कारको राम्रो विश्लेषण हुनु पर्छ । कुन पुरस्कार कस्तो हो भन्नेबारे छलफल गरेर त्यसप्रतिको दृष्टिकोण निर्माण गर्नु आवश्यक छ ।

**तपाईँको पुर्खामा कोही साहित्यिक क्षेत्रमा हुनु हुन्थ्यो ?**

मेरा बाजे कृष्ण गिरी सिर्जनाभन्दा पनि लोक साहित्यका जानकार हुनु हुन्थ्यो, श्लोकका ज्ञाता नै हुनु हुन्थ्यो । उहाँ लेख्नु हुन्थ्यो,त्यसैले उहाँ स्थानीय समाजमा बहिदारबा रूपमा परिचित हुनु हुन्थ्यो । पिता नारायण गिरी आफैं लोक गायक हुनुहुन्थ्यो, लोककथाहरु पनि सुनाउनु हुन्थ्यो । उहाँले गीत सिर्जना गर्नुहुन्थ्यो र छन्द कविताहरू पनि राम्रो वाचन गर्नु हुन्थ्यो । उहाँको लोक साहित्यिक सम्पत्ति र सिर्जना सङ्कलन गरेर राख्न पाएको भए ! भन्ने अहिले पनि मलाई लागिरहन्छ । पुस्तकाकार कृति प्रकाशित गर्ने मेरा वंशमा म नै पहिलो हुँला ।

**जीवनमा गरेको कुनै बदमासी सम्झनु पर्दा ?**

सुर्खेतमै हुँदा, हामी गोठाला गएका थियौं । मलाई आरु चोर्न लगाए साथीहरूले । म पनि आरु चोर्न गएँ तर साथीहरूले यो कुरा घरधनीलाई भनि दिएछन् । मलाई घरधनीले लखेटे । आरु चोरेर हत्तार हत्तार साथीहरूलाई दिदैं म भागें । घरमा थाहा पाउँछन् भनेर अँध्यारो हुँदासम्म पनि एउटा मन्दिरमा लुकेर बसें । पछि बज्यै आएर 'त्यसो नगर्नू पर्ने, अबदेखि नगर्नू है ?' भन्दै लिएर जानु भयो ।

**कुनै नारीसंग आकर्षित हुँदा, प्रेम प्रस्ताव कसैलाई वा कसैले राख्दा ?**

वि.सं. २०२४ सालमा स्कुलको शिक्षक भएँ। लायकदार केटो, जागिरे, धेरैले आँखा गाडे होलान् भन्छु । नाचगान गर्न, हाँसखेल र ठट्टा गर्न म अगाडि नै थिएँ। गीत पनि लेख्थें। यसले गर्दा आकर्षित भए नै होलान् तर म निश्चित दूरीमै बस्दथें । बिहा अगाडि कसैसँग केही लसपस भएन।

**अनि विवाह गर्दा नि** ?

वि.सं. २०३१ सालमा मेरो विवाह भएको हो । पहिला जुन घरको केटी मागेर टुङ्गो लगाइएको थियो, त्यही केटीसँग मेरो विवाह हुन सकेन । खै किन हो ? पहिला केटी दिए तर टुङ्गो लगाइ सकेपछि उनलाई अन्तै विहा गरि दिने सम्भावना भएको मैले देखें। यस घटनाले आफ्नो अनि परिवारको स्वाभिमानमा पनि चोट पुगेको मैले अनुभव गरें । अनि त्यो केटीको भन्दा पनि पहिला मैले अर्कै केटीसँग विवाह गरें ।

**राजनीतिमा प्रवेश कसरी र किन** ?

पञ्चायती व्यवस्थाले जनतालाई ठिक गरेको छैन भन्ने लागि रहेको बेलामा नेपाल कम्युनिस्ट पार्टी क्रियाशील छ, यो पार्टी मजदुर किसानको हितका लागि हो भन्ने थाहा पाएपछि वि.सं. २०२८ सालमा तुलसी लालद्वारा नेतृत्व गरिएको नेपाल कम्युनिस्ट पार्टीको सदस्यता लिएँ। एक वर्षपछि पुष्पलालद्वारा नेतृत्व गरिएको नेकपामा भेरी अञ्चल सङ्गठन कमिटीको सचिवसम्म बन्न पुगेँ। राजनैतिक परिवर्तनमा सहभागी हुने भनेर लागें।

**साहित्य र राजनीति एक आपसमा कतिको मिल्ने विषय हो** ?

साहित्य र राजनीतिमा अन्योन्यश्रित सम्बन्ध छ । म राजनीतिमा नहोमिएको भए यति साहित्य लेख्दैन थिएँ हुँला । राजनीतिले गर्दा जनताको माझमा गइयो, समस्या बुझियो र केही लेखियो। राजनीतिबाट त को पो अलग होला र ? कुनै न कुनै विचारले त लेख्नै पर्छ। त्यसैले साहित्य र राजनीति अलग अलग हुनु पर्छ भन्नेमा मेरो विमति छ । राजनैतिक विचारले साहित्यिक अभिव्यक्तिलाई दृष्टिकोण प्रदान गर्दछ । साहित्यको आफ्नो विशिष्टता र अभिव्यक्ति शैली हुन्छ, त्यसलाई ख्याल गरेर साहित्य सिर्जना गर्ने हो। राजनैतिक सङ्गठनमा लाग्नेले साहित्यबाट टाढा रहनु पर्छ भन्ने होइन। सिर्जनशील मानिसलाई राजनीतिले साहित्य सिर्जनामा र साहित्यले राजनीतिमा ऊर्जा थपि दिन्छ।

**कस्तो लागि रहेको छ जीवन र समय ? हाल के के गर्दै हुनु हुन्छ** ?

जीवन गतिशील र सङ्घर्षशील छ भने समय परिवर्तनशील छ । यी दुवैप्रति म आशावादी छु । हाम्रो देशमा परिवर्तन भर्खरै भयो। यो संस्थागत र स्थापित हुन सकि रहेको छैन। अहिलेको समय अलि कष्टकर छ , जन जीवन केही पीडाग्रस्त छ,। उत्साहमा बस्न सक्ने अवस्था नभएर होला प्रतिभा पलायन डरलाग्दो रूपमा देखा परेको छ । तर भविष्य यस्तो रहि रहने छैन । हाम्रा अगुवाहरूले अहिलेको अवस्थालाई यथाशीघ्र चिरेर अगाडि बढे हुन्थ्यो । कुरा बुझेका मान्छेहरू नअलमलिए हुन्थ्यो र सबैले परिवर्तित नेपाली समाज र राष्ट्रको जीवन सार्थक तुल्याउन क्षमता प्रदर्शन गर्ने वेला आएको म ठान्दछु।

अहिले म पूर्ववत् प्राध्यापन कार्य गरि रहेको छु । साथै साथीहरुले दिनु भएको राष्ट्रिय जन साँस्कृतिक महासङ्घको उपाध्यक्षको जिम्मेवारी पनि वहन गरि रहेको छु। साँस्कृतिक साहित्यिक क्षेत्र नै मेरो मुख्य कार्यक्षेत्र भएको छ । भाषा साहित्यसँग सम्बन्धित सिर्जना र लेखनका कामहरु पनि गर्दै छु। नेपालीका भाषिकाहरुको शब्दकोश निर्माण गर्ने र आफ्ना साहित्यिक सिर्जनालाई प्रकाशमा ल्याउने पनि रहर छ ।

●

• sljtf

# कहिल्यै छिचोल्न नसकिने महाकुम्भका कुम्भकर्ण पर्वतहरू

– केदार गुरुङ

ती सबै भुलै-भुलहरूको
भुल्भुलेमा भुलेर भएका भुलहरू
कसैका निम्ति फूल भए, कसैका निम्ति शूल भए
तर कसै-कसैले भने
यसैलाई त्रिशूल बनाएर
त्रिनेत्रधारी पर्वतेश्वर तथा
कैलाशपति किरातेश्वर
महादेवले झैं ताण्डवनृत्य गर्दै
महाप्रलयको भूकम्प सृजना गरे जस्तै
तिनैलोक थर्काएर चर्काएर
महाशक्तिहरूको प्रदर्शन गराएझैं
स्वर्ग र नर्कझैं कल्पित र वर्णित नभए पनि
यो मर्त्य-लोक कि धर्तीमा भने
अनेकौं व्यक्तिवादी, परिवारवादी
गुटवादी र समूहवादी वादी-प्रतिवादीहरूले
मानव विकासको इतिहासको सुरुदेखि आजसम्म
कहिले गाँसको निम्ति, कहिले बासको निम्ति
कहिले साहसको निम्ति, कहिले सासको निम्ति
गृहयुद्ध, स्वतन्त्रताको निम्ति युद्ध लडे भने
धेरैले धेरैचोटि सत्ता र भत्ताकै निम्ति मात्र युद्धहरू लडे
गोलमेज-पिठ्ठु, मेजपिठ्ठु, शयनपिठ्ठु बुद्धिजीवी तथा
अव्यावहारिक टपरटुइँया परगमनकारी पिठ्ठुहरूले
राम्रो, नराम्रो, साँचो, झूटो र आफ्ना, अर्का नछुट्याई
साला-खालामै भाला-बर्छा र गोली-गठ्ठा भएसम्म
प्रयोग गर्न लाएर नाटकीय अभिनयसहित
रोएका, हाँसेका, शोकपर्व मनाएका दर्शनले त
साँच्चै यो जीवनर जगत शंकराचार्यले
भने जस्तै-मिथ्या, अनिश्चित साथै
अर्थहीन, संवेदनहीन र विवेकहीन पनि
प्रमाणित गराएरै छाड्दा रहेछन् !
यद्यपि सत्य सधैं तीतो र
अनन्तकालीन हुन्छन् भने
असत्यहरू चुहेर स्वयं
निष्कासित र विस्थापित हुँदै
सधैं अन्त्यको पनि अन्तातिरै
लम्किँदै जाँदा रहेछन् ।

---

# झरी

– प्रवीण खालिङ

छाता भुलेछु
तिमीसितै ओतिन्छु
तिमी आधा भिज म आधा
नभिजेको आधा आधा एक हुन्छ
यो झरीले कति मन छुन्छ ।

बाँच्नलाई निहुँ चाहिन्छ
त्यसैले झरीमा छाता भुल्छु
तिमीलाई हेरेको कहाँ हो र ?
मैले त मोक्ष खोजेको
त्यसैले यत्रो भिडमा पनि तिम्रै छाता रोजेको ।
झरीमा ट्याक्सी पर्खनुको मजै अर्को हुन्छ
झरी परिरहोस् ट्याक्सी नआओस् पटक्कै नआओस्
ट्याक्सी त छाताको दुस्मन जस्तो हुन्छ
प्रतीक्षाले पनि यहाँ मन छुन्छ
एकापट्टि तिमी भुटभुटिनु
अर्कोतिर म
बोल्नु भन्दा अनुभव गर्नु
मोक्षै हो यसरी मर्नु ।
बेस्सरी परिदियोस् यो झरी
छयाङ्ग हुन्छ नि दिन
छयाङ्ग हुन्छ नि मन
आधा आधा भिजेको हाम्रो भाव
त्यही त हो अर्धनारीश्वर महादेव ।

# मेरो जिन्दगी

- कर्णदास लिम्बू

मेरो जिन्दगी खै जिन्दगी
जन्मदेखि मृत्युसम्म
सपनादेखि विपनासम्म
कल्पनाको सरोबरमा डुब्यो जिन्दगी ।

दिन रात आज भोलि भन्दै
समयरूपी कराहीमा पाक्यो जिन्दगी
छोटो जीवन धेरै इच्छा
पुरा नभई थाक्यो जिन्दगी ।

बनाउँदा बनिने भए जिन्दगी
दाँत राखी बन्दगी
बनाउने थिएँ जिन्दगी

उफ ! बनाउँदा पनि नबनिने
भिरको चिन्डो भयो जिन्दगी

सबै थोक नयाँ खोज्दा खोज्दै
पुरानोको भण्डार भयो जिन्दगी
सेतो केश हरियो मन लिएर
तै पनि नौलोको आशिक
छ यो जिन्दगी
कहिले आँसु बनी छल्क्यो जिन्दगी
कहिले हाँसो बनी झल्क्यो जिन्दगी
मन बुझाउने केही छैन
तै पनि खै केमा केमा पल्क्यो जिन्दगी

चौरासीको चक्कर काटी
जुट्यो जिन्दगी
सयौं चोटी लडी-लडी
उठ्यो जिन्दगी
तर हिजोआज भोलिले
लुट्यो जिन्दगी लुट्यो जिन्दगी

# जब भोक लाग्यो

– विप्लव ढकाल

जब भोक लाग्यो-
मैले सुत्केरी श्रीमती खाएँ
यो धर्तीमा मुस्कुराइरहेको
नवजात शिशुको सपना खाएँ
आफ्नै छातीमा प्वाल पारेर
काँचो रगतको इतिहास खाएँ !

तिमीहरूले हेर्दाहेर्दै
मैले माटो कोपर्ने नङ
र नाम्लो अड्याउने कपाल खाएँ !
जीवन ढाक्ने छाला
र करङका हड्डीहरू खाएँ !
सपना देख्ने मस्तिष्क खाएँ
संसार हेर्ने आँखा खाएँ
माया लुकाउने मुटु खाएँ !

जब भोक लाग्यो-
तिमीहरूले हेर्दाहेर्दै
मैले आफ्नै आँसुको इतिहास खाएँ !

अब मसँग
कुनै कलात्मक हिंसा बाँकी छैन
विचार बाँकी छैन
संवेदना बाँकी छैन
केवल एउटा
पेट मात्र बाँकी छ !

हे आदिम पुर्खाहरू !
अब म
यही पेट खान चाहन्छु ।

# मर्नकै प्रसङ्ग लिएर

– वीरभद्र कार्की ढोली

मैले भने त
मेरो दुस्मन कोही छैन। कतै छैन।
जसले मार्न सक्छ। मलाई
तड्पाइ तड्पाइ बुर्कुसी मार्दै प्राणमा

मर्नु कै सन्दर्भ लिएर
झरिरहन्छ, झरिरहन्छ, तप्प तप्प
गाला मास्तिर बग्दै बग्दै
तिम्रै ओंठसम्म
तिम्रै आँसु घोप्टिएर

कहाँ मरेको हुन्छु र, म
जन्मन्दै मरेका हुन्छन्, मर्नेहरू
बाँच्नेहरू, बाँचेकाहरू हजारबार
मारिएर मारिएर पनि
बाँचेका छन् हजारबारै।

छैन, साँघु त के भो,
तर्नु त्यो खोला !
साहस छ त, त्यत्रो तिमीमा
त्यो पानी।
अस्ति अस्ति बगिरहने
हुँदै होइन त्यो बगाई ! त्यो वेग !

नडराऊ तर्नुका भ्रमसित फेरि
भ्रम उपज तिमी नै हौ आतङ्कको
मैले भने त
खुल्ला हिमाल, सोच बाँच
भय कतै छैन, भ्रम कतै छैन।

फर्क, त्यो उदासीनता पलायनबोधदेखि
खोई, कहाँ मरेको छु र, लास म

खोइ, कुन सूर्यले
कुन हिमाल उडाएको छ देखाऊ !
डढाउँछ भने तिमीलाई
तिम्रै मनले डढाउँछ, जलाउँछ डढेलो
सताउँछ भने पनि उत्ति नै
आफ्नै मनले सताउँछ। पिरोल्छ। तड्पाउँछ।

मर्न कै प्रसङ्ग लिएर
अब उसो, बगेर नअडियोस्
कतै त्यो आँसु
तिम्रै ओंठसम्म पुगेर।

पग्लिन्छ फगत हिमाल !
मैले भने त खुल्ला
कहिले रोएकै हुँदैन त्यो हिमाल !
आफ्नो आँसु आफै पिउन
जस्तै पीडामा पनि
राजी बन्दैन हिमाल !

हिमाल हेर र रुनको कुराहरू
भुल अब भुल चट्ट
त्यो वीर ! त्यो भद्र हिमाल !
जहिल्यै पनि हेर, देख
कहिल्यै कहिल्यै मर्न खोजेको हुँदैन।
कहिल्यै मरेको हुँदैन।
अहँ, हुँदै हुँदैन, हुँदैन।

## गजल

– गोविन्द ढकाल 'ढुङ्गेली'

हत्या हिंसा विहीन यहाँ रात पाउनै गाऱ्हो
नेपालीले थालभरि भात पाउन गाऱ्हो

आफू–आफैं लडी बाझी मारकाट गर्छन्
शान्तिप्रिय पुर्खाको त्यो जात पाउनै गाऱ्हो

सधैंभरि बाह्य बाटो ताकी बस्ने मात्रै
कर्मठ र सृजनशील हात पाउनै गाऱ्हो

काम गर्ने कोही हैनन् डम्फु मात्र बज्ने
केही गर्छु भन्नेले त साथ पाउनै गाऱ्हो

बिर्सिएछन् आफ्नोपना निदाएर उठदा
वसन्तमा पनि नयाँ पात पाउनै गाऱ्हो

• sljtf

# मेरी मोना

– अर्जुन 'यावा'

१

कुरा कहाँबाट के भनी कोट्याऊ ?
मनमनै मनपराएकी मेरी मोना !
ल म यसै भनिदिन्छु तिमीलाई ।
गाउँमा सँगै खेल्थ्यौं हामी
उकाली–ओराली कति सँगै हिंड्यौं पनि
सायद तिमीले बिर्सिसक्यौ ।
गाउँ आजभोलि शून्य–शून्य लाग्छ तिमीबिना
मेरी मोना तिमीलाई त खबर पनि छैन होला ।
तिमी त आजभोलि...
व्यस्त सहरमा व्यस्त छौ'रे
चिल्ला कारमा हिँड्छ्यौ'रे
मखमलयुक्त कुर्सीमा बस्छ्यौ'रे
आजभोलि 'लोरियन'–को लालि चढेको सुन्छु
तिम्रो रूपमा 'ऐश्वर्या'–कै जस्तो
छक्क पर्छु मोना, मेरी मोनै हौ तिमी ?

२

'ग्लोबलाइजेसन' हुँदैछ भन्छन् आज
संसार 'ग्लोबल भिलेज' बन्दै छ रे ।
'ग्रिन रिभोल्युसन'–को
कुनै 'इफ्याक्ट' नपरेरै हो कि !
'ग्लोबल वार्मिङ' – को प्रभाव
हाम्रो गाउँले पनि झेल्नु पर्छ रे ।
दिल्ली, कोलकाता र मुम्बईको 'हट टेम्परेचर'
यतै भोग्न पर्ने दिन आउँदैछ पनि भन्छन् ।
मेरी मोना ! 'ग्लोबल वार्मिङ'–को
हावाले कतै
तिमीलाई पनि 'हट टेम्परेचर'– मा पाऱ्यो कि...
आजभोलि 'फेसबुक'–मा '
अनलाइन' पनि भेट्दिनँ
तिम्रो 'प्रोफाइल' पनि अपडेट गरेकी छैनौ ।
किन हो, तिम्रा कुनै सुन्दर तस्बिरलाई पनि
आजभोलि कसैले 'लाइक' गरेका छैनन् ।
नयाँ 'एकाउन्ट'–बाट 'फ्रेन्ड एड' गरेको थिएँ
'कन्फर्म' गर्नेसम्म समय पाइनौ सायद ।

३

आज–भोलि 'ग्लोबल वार्मिङ' –को हावाले
गाउँमा 'हट टेम्परेचर' सिर्जना गर्न थालेको सुन्छु
'ग्रि रिभोल्युसन' –का लागि लगाइएका बिरुवाहरू
गाउँमा मर्दैछन् प्रतिदिन यहाँ
साँच्चै संसार 'ग्लोबल भिलेज' बन्दै त रै'छ
गाउँ बुढाहरू, तन्नेरी–तरुनी सबै भेला गरी
समयमै सचेत गराउनुपर्छ, होसियार गाउँ...
'हट टेम्परेचर'–ले गाउँलाई पनि व्यस्त बनाउन सक्छ ।

# गीत

– डिल्लीरमण नेपाल

कसले भन्छ तिमी मऱ्यौ
फूलबाट झऱ्यौ
धर्तीदेखि जूनतिर
डेरा मात्र सऱ्यौ

तिर्खा धाउँछ भन्थे मान्छे
खोला आफैं धायो
पत्थरले फूलसित फेरि प्रित लायो

कसले भन्छ तिमी मऱ्यौ
हाँगाबाट झऱ्यौ
छोटो थियो तिम्रो यात्रा
लामो खोला तऱ्यौ

शीतजस्तो जिन्दगानी
बाँच्न सक्नुपर्छ
देह मरे पनि कृति साँच्न सक्नुपर्छ
कसले भन्छ तिमी मऱ्यौ
आँखाबाट झऱ्यौ
दुनियाँले सम्झीदिने
ठूलो काम गऱ्यौ ।

# कहाँ छ मान्छेको अधिकार

– मञ्जु काँचुली

कहाँ छ मान्छेको अधिकार ?
अनाहक मारिएका हजारौं नौजवान
एउटा मनमा सन्तति शोकको अतास बोकेर
अर्को हातमा जीवनचर्याको राहतका नाममा
त्यो भन्दा बढी जीवनदानका लागि पसारेर
खोलानाला, हिमाल, पहाडका
स्तब्ध ती मजदुरी हातहरू
एकनास टोलाएका छन्
मौनता टाढासम्मको समुन्द्र र महासागरमा
फैलिएको छ
ढले ती सहिद सन्तति कहिले नउठने गरी
तर उठे तिनीहरूका विचारका झन्डा
कहिले नढल्ने गरी
पृथ्वीको एउटा हिस्सा अझै शोकाम्य छ
तर खै के जित्यौं भन्नु
यो उराठलाग्दो समयमा
सुगन्ध पनि हारेको छ
फैलिएका छन्
विस्फारित शोकहरू
एउटा माटोदेखि अर्को माटोसम्म
कहिले नअस्ताउने गरी
कसले बिर्सन सक्छ त्यो समय
रगतै रगतको ! कोलाहलको ! वर्षातको !
वेदना बिछ्याइएको दिनको !
मौनता ओढाइएको रातको !
मौनता मै स्तब्ध चउर र सडकपेटीका ओठहरू !
ए अपराध स्वीकार नगर्ने
नरसंहारका सर्जकहरू !
कहिले स्वीकार गर्ने हो अपराध ?
हिमाल यही सेतो प्रश्नचिन्ह फैलाएर
उभिएको छ
यही प्रश्नचिन्ह को आकारमा
यो देशको नक्सा पूर्व देखि पश्चिमसम्म
तेर्सिएको छ
कहाँ छ मान्छेको अधिकार ?

# प्रिय

– राधा कार्की

मेरो बगैंचामा
थरिथरी फूल मुस्कुराए भने
तिमीले हाम्रो सफलता भन्ठान्नु
मेरो बगैंचामा ब्वाँसाहरू गर्जे भने
तिमीले स्वाभाविक खतरामा
परेको महसुस गर्नु

तिमी माया गर बगैंचाको
बगैंचा मै जस्तो स्वाभिमानी छ
तिमी विश्वास गर माटोको
माटो मै जस्तो मलिलो छ
तिमी पसिनाको थोपा बहाउँदै जाउँ
म करेसा बारीमा फूलका बेर्ना
हुर्काउदै जानेछु
बिचारका यात्राहरूमा
आफ्नोपनका बेर्नाहरू सेपिनु हुन्न
आधुनिकताहरूमा
लालिगुराँस मखमली सयपत्री र क्यातुकेहरू
स्वतन्त्र फक्रिनपाउनु पर्छ
मानव कर्तव्य र विश्वासको धरातलमा
के तिमी पनि मसँगै उभिन तयार छौ ?

# विश्वास

सन्ध्या पहाडी

धुम्बाराही, काठमाडौं, नेपाल

तिमी मेरो जीवनमा
यसरी आयौ
जसरी सपनामा
कुनै एउटा दृश्य उदाउँछ
र भित्रसम्म
भिजाएर जान्छ ।
एउटा तरल सम्भावना
मान्छेको विश्वासमा हुन्छ
जुन पोखिएर
खेर जाँदैन,
किन भने
प्रेमको स्पर्श दिने हुन्छ र
मान्छे त्यही स्पर्श नपाएर
युद्धरत छ
छट्पटमा छ
उसको जीवनको सन्तुलन
तराजु जस्तै हल्लिएको छ
उसको आत्मा
उ बाट
उच्छिटिएर
उसैलाई गिज्याइरहेछ
यस्तोमा
मेरो तिम्रो हाम्रो
के यही कर्तव्य होईन
हामी आफू भित्रको त्यही
तरल विश्वासलाई
एकपटक फेरि बग्न दिउँ
मानिसलाई त्यसको शीतलतामा
भिज्न दिउँ ।

---

# पर्खालबाहिर

–दीपेन्द्रसिंह थापा

सतत सत्य बनेर
सतत स्वीकार्य तथ्य बनेर
पर्खालबाहिर नै
परिवर्तनका पहारिला घामहरू
सखारै पाइला टेक्न आइपुग्छन्
पर्खालबाहिर नै
समयका ओजपूर्ण आलोकहरू
सखारै सम्भावना देख्न आइपुग्छन् ।

अरनिकोलाई साक्षी राखे पनि
सीता र भृकुटीलाई दृष्टान्त बनाए पनि
पर्खालबाहिर नै
'वसुधैव कुटुम्बकम्' का गीतहरू
लेखिएका हुन्छन्
पर्खालबाहिर नै
मान्छे मान्छेका विभाजित रेखाहरू
मेटिएका हुन्छन् ।

नित्य नयाँ परिष्कार भएर
नित्य नयाँ आविष्कार बनेर
पर्खालबाहिर नै
निर्भयसाथ
जीवनका सबै ढङ्गहरू बाँच्न सकिन्छ
पर्खालबाहिर नै
बिना कुनै सङ्कोच
जीवनका सबै रङ्गहरू हाँस्न सकिन्छ ।

बुद्धत्व प्राप्त गर्नेहरू
ऋषित्व आर्जन गर्नेहरू
पर्खालबाहिर नै
दृष्टिदेखि दृष्टिसम्म यात्रा गर्न सक्छन्
पर्खालबाहिर नै
सृष्टिदेखि सृष्टिसम्म उज्यालो छर्न सक्छन् ।

# जीवनको वरण

– पितामबरा पियूष

**कामी रहेका पाउ घिसारेर**
**तिम्रो घरमा पुगेकी थिए**
**तिम्रो द्वार बन्द भयो**
**मेरा चिसिएका पैतालाले**
**शरीरको भार धान्न सकेनन्, घुँडा टेकेँ**
**अनि शिर अडयाएँ, त्यही बन्द ढोकामा**
**मैले शिर भुकाएकी थिइन**
**शिर स्वयम् नुही दियो**
**अनि भुकेको भुक्यै अडियो**
**त्यही ढोकामा, बन्द ढोकामा ।**
**सुस्तरी न्यानो हातले मेरो चिउँडो समायो**
**अनि भुकेका शिर उठायो, कानमा फुसफुसायो**
**"आमा ! उठ"**
**म बिउँभिएँ अनि हेरेँ**
**बन्द ढोका होइन**
**सामुमा आफनै छोरा थियो ।**
**टलपलाउँदो आँखा र पिलाउँदो अनुहार लिएको**
**मेरो आफ्नै छोरा ।**
**मैले उसलाई नमन गरेँ –अनि**
**अनन्तको पल्लो छेउतिर लम्केका**
**आफ्ना पाउलाइ तन्काएँ**
**अनि जीवनतिर फर्काएँ**
**ममता सामु, मृत्यु हार्‍यो**
**मैले जीवनको वरण गरेँ ।**

# लामो ऐठन पछि

– प्रमोद स्नेही

भोको बाघले
आफ्नै शरीर चाटेर
घाउ बनाउँदै
आफ्नै रगत पिएर
आनन्द लिए जस्तै
म आनन्द लिइरहेछु
यो अध्यारो आकांक्षामा
उज्यालोको चङ्गा उडाएर
रगतको लालीगुँरासले
 फूलदानमा आत्महत्या गरेर
अमलेख गर्न बाँकी
थुप्रै हस्ताक्षरहरू
बिफर जस्तै महामारी फैलिएको छ ।
देशमा जता त्यतै
अविश्वासको
खग्रास लागेको छ
इतिहासको सिङ्गो कालखण्डमा
र मुक्ति खोजिरहेछन्
मान्छेका सोचहरूले
प्रश्नै प्रश्न छ जता त्यतै
तर देश अनुत्तरित छ ।
लामो ऐठनपछि !
देश हारिरहेछ
कहिले नजित्ने यात्रामा
उभिएर ।

# हाइकु

– सुनील पुरी

**सत्ता मोहमा**
**कुर्सीलाई सलाम**
**देश बन्दैन**

**कालो पाटीमा**
**फूलको चित्र कोर्दा**
**बास्ना खै त ?**

**धर्मग्रन्थमा**
**खोज्दैछन् ईश्वर**
**अन्धो छ मान्छे**

**कविको घर**
**किच किच श्रीमती**
**कविता स्वर**

**विद्रोह स्वर**
**समय विरूद्धमा**
**परिवर्तन ॥**

# सदाबहार आशा

– पून्य गौतम विश्वास

मेरा पुर्खालाई
हाँसीखुसी बाँच्न प्रतिबन्ध लगाउने
परपीडक शिकारीजस्तो
राज्यसँग सावधान मान्छेहरू
कछुवाले खोलभित्र
नाजुक शरीर लुकाएझैं
विवश छन्
चम्किला विचार र इच्छाहरू

मनभित्रै भूमिगत राख्न,
र पनि, बलीसकेको मैनबत्ती मुन्तिर
शहिदको रगतझैं
दुईचार थोपा मैन सञ्चीत रहेजस्तै
ज्यूँदै छ सुन्दर संसारको सदाबहार आशा ।

हुँडारको मितजस्तो राज्यले
हत्कडी सहित जतिबेला पनि
कोच्नसक्छ मलाई गोलघर
तर मुक्तिको मिठो सपना
र न्यायको न्यानो कल्पनालाई
कैद गर्न असंभव छ त्यतिकै
टयाङ्करबाट पानी ओसारेर
सप्तकोशी रित्याउन खोजे जतिकै ।

राज्यसँग पुस्तौनी अन्यायको
अशोभनीय ब्यालेन्स सिट हेर्दा
जन्मिन्छ म भित्र
अन्तिम हिसाब किताबको बदलाभाव ।
ओठहरू टालिदेउ सुपरग्लु ले
वा थुत मेरो जिब्रो
तर मनमनै मुर्दावाद भन्न
रोक्ने कसले मलाई ?

अँध्यारोलाई प्रेम गर्ने
खानदानी आदतका शासकहरू
असफल छन् किन
उज्यालोको स्वागतार्थ बास्ने
भालेको डाँक रोक्न ?
आजसम्म सकेनन् किन बिहानीमा
चरा -चुरुङ्गीहरूको चिर्बिराहट खोस्न ?
तिम्रो इच्छा विरूद्ध पूर्व क्षितिजमा
चढ्नेछ लाली मिर्मिरेमा ।

आजन्म भागिरहयौ प्रकाशसँग
थर्थर कामिरहेको बुढो हातले
थुन्यौ हैन,
पूर्वपट्टिको झ्याल ढोका ?
मिल्यो होला सायद
मिथ्था अहमलाई सन्तुष्टि ।
नभुल, पश्चिमी झ्याल-ढोकाको
अन्तर-कुन्तरबाट अपरान्हमा
घाम छिर्नेछ कोठामा
किनकि ठन्डीले कठ्याङ्ग्रिएर
निदाउन नसकेका
कलिला बच्चाहरूलाई
ममतामयी आमाजस्तो
न्यानो उज्यालोले चुम्नुछ छिट्टै ।

# गजल

-विद्याप्रसाद घिमिरे

ती कोमल अङ्गमा सुगन्ध बनूँ म
अँगालो बन्धनमा अनुबन्ध बनूँ म ।

गीत र गजलको सरगम बनूँ कि
कविताका शृङ्गार छन्द बनूँ म ।

सुकुमारी मनकी मनमोहनीलाई
मदहोस नयनमा बन्द गरूँ म ।

प्राण प्यारो भन्दै आँखा तर्नेको
अन्तरङ्ग बिथोल्ने द्वन्द्व बनूँ म ।

होसमा म छैन तिमी बेहोस छ्यौ
यो प्रेम-मदिरा केही मन्द गरूँ म ।

# हनुमान नाच बागलुङको सांस्कृतिक पहिचान

**– खिमानन्द पोखरेल**

समाजमा राम्रो काम गरी नाम कमाउने मानिस कम हुन्छन् । काम यो त्यो जे पनि हुन सक्छ जस्तै साहित्य कला आदि आदि । हामीले आफ्नो साहित्य कला संस्कृतिलाई सकेसम्म जोगाउने प्रयास गर्नुपर्छ । हाम्रो आफ्नो संस्कृति जोगियो भने कलाकारिता जोगिन्छ । परम्पराबाट चल्दै आएको चालचलन र भेषभूषाहरूसँग पहिचान हुन गाह्रो पर्दैन । सांस्कृतिक परम्पराले पुराना कुराहरूको सम्झना दिलाउने गर्छ । यसरी आफ्नो संस्कृतिलाई जोगाउन सकियो भने हामीबाट यो परम्परा लोप हुन पाउदैन । जब संस्कृति लोप हुन्छ तब हामीलाई यसको अवशेष पाउन कठिन र धौ-धौ पर्छ । हामीले हाम्रो आफ्नै संस्कृतिलाई जोगाउँदै लैजान सकेको खण्डमा इतिहास बनाउनेहरूका लागि यसले निकै ठुलो मद्दत पुऱ्याउन सक्छ । आज यस बखत यस्तो व्यक्तिलाई यहाँ प्रस्तुत गरिएको छ जसले बागलुङको सांस्कृतिक पहिचान हनुमान नाचलाई सविस्तार वर्णन गर्न पछि पारेका छैनन् ती हुन् प्रेम छोटा ।

प्रेम छोटालाई केही दशकयता कविकै रूपमा नचिनिंदै आएको पनि कहाँ हो र ? मोफसलमा रहेर पनि आफूलाई स्थापित कविका रूपमा पहिचान गराउँदै आएको नाम हो प्रेम छोटा । तर आज कवि कवितामा मात्र सीमित नरहेर बागलुङको सांस्कृतिक पहिचानलाई जोगाउनु पर्छ भन्ने कुराको पुष्टिलाई यो पुस्तक प्रकाशनले सत्य साबित गरिदिएको छ । हनुमान नाच बागलुङको सांस्कृतिक पहिचान हो । यो नाच २७५ वर्ष देखि चल्दै आएको पुरानो नाच हो । आर्थिक हिसाबले यो नाचलाई अति खर्चालुको रूपमा लिन सकिन्छ । यो नाच बेजोड वर्षमा नचाइने गरिन्छ । योनाच नाच्दा बेजोड अंक १३, १५, १७ का जोडीलाई हनुमानको स्वरूप खेल्ने कलाकारका रूपमा नाचमा सहभागी गराइन्छ । यो पुस्तकको पृष्ठ संख्या २०९ रहेको छ । बागलुङबासीहरूको सांस्कृतिक पहिचान बोकेर तयार पारिएको यो पुस्तकलाई पहिलो, दोस्रो, तेस्रो र चौथो गरी जम्मा चार परिच्छेदमा बिभक्त गरिएको छ भने यस पुस्तकको अन्त्यमा हनुमान नाचको पूजा विधिलाई पनि यसैगरी आठ परिच्छेदमा विभक्त गर्दै परिशिष्ट खण्डमा राखिएका विषय बस्तुहरूका बारेमा जानकारी गराउने उद्देश्य राखी यो पुस्तक तयार पारिएको देखिन्छ ।

खासगरी भन्ने हो भने हनुमान नाच नेवारी संस्कारमा परम्परादेखि चलाउँदै आएको धार्मिक रीतिरिवाजअन्तर्गत पर्ने नाच हो । यसमा हनुमान नचाउँदा हनुमान नाचका गीतहरू समेत यहाँ प्रस्तुत गरेको देखिन आउँछ । बागलुङ जिल्ला धवलागिरीमा पर्ने भएको हुँदा सर्वप्रथम धवलागिरीकै बारेमा परिचय दिएर लेखिएका सांस्कृतिक कुराहरूलाई सान्दर्भिक नै मान्नुपर्छ ।

धवलागिरीका सांस्कृतिक कुराहरूलाई उठान गर्ने संस्कृतविद्हरूमा सर्वश्री सत्यमोहन जोशीदेखि लिएर अन्य व्यक्तिहरू क्रमशः कालीभक्त पन्त, सारदाप्रसाद दाहाल र स्वयम् प्रेमछोटाको नाम विशेषतः उल्लेख्य नै देखिन्छ। बागलुङ धवलागिरीको प्रसिद्ध व्यापारिक केन्द्र पनि हो। धवलागिरीभित्र पर्ने प्रसिद्ध तीर्थस्थलहरू जस्तै- मुक्तिनाथ, कागबेनी, गलेश्वर, पाङ आदिआदि ख्यातिप्राप्त तीर्थस्थलहरू पनि यसैमा विद्यमान छन् भन्ने कुरा पनि यो पुस्तकले पुष्टि गर्दछ। यो पुस्तकमा सांस्कृतिक कुराहरूदेखि लिएर त्यतिखेर राज्यले गर्नुपर्ने कुराहरूलाई समेत यहाँ देखाइएको छ। यहाँ पश्चिम गण्डकी प्रदेशको पर्वत प्रदेशमा मगरहरूको बाहुल्यताका विषयहरूमा कुरा उठान गरिएता पनि खस राज्यका बारेमा उठेका कुराहरूको सान्दर्भिकतालाई पनि जोडिएको देखिन्छ। यहाँ बिद्यमान अन्य तीर्थस्थलहरूमा बागलुङको कालीका भगवती मन्दिर, ढोरपाटन, तातोपानी आदिआदि पर्ने कुरा उल्लेख्य देखिन्छ। यहाँको लोकनृत्य पनि आ-आफ्नै किसिमको फरक शैलीबाट प्रचलनमा ल्याइएको कुरासमेत यहाँ प्रस्तुत गर्ने क्रममा छुटाइएको देखिंदैन।

बागलुङको कला संस्कृति र परम्परालाई जोगाउनु पर्छ भन्ने उद्देश्य राखी लेखिएको यो पुस्तकमा प्रेमछोटा अगाडि लेख्छन् यो ठाउँ लोकगीत र झाम्रे गीतको प्रमुख उत्पादक स्थल हो भन्ने भनाइ उनको रहेको देखिन्छ। हुनत यहाँ बसोबास गर्दै आएका गुरुङ मगर र छन्त्यालहरूले पनि आफ्ना संस्कृतिका कुराहरू जोगाउने क्रममा लाक गीतदेखि लिएर मारुनी तथा सोरठी नाचलाई पनि जीवन्त दिने कामसमेत भएको कुरा यहाँ उल्लेख भएको देखिन्छ। पृथ्वीनारायण शाहले भक्तपुर बिजय गरेपश्चात् काठमाडौंबाट केही नेवारहरू आफूसहित आफ्नो सांस्कृतिक हनुमान नाच, घण्टाकर्णसमेतका केही पुराना संस्कृतिहरूलाई भित्र्याएको कुराहरू पनि बर्णनयोग्य देखिन्छन्। यस्तै यहाँको पाङ भन्ने ठाउँ ज्योतिष शास्त्रमा कहलिएको ठाउँ हो र नेपाली पात्रो निकाल्नका लागि यस्ता ज्योतिषीहरूले प्रयास गरी सफल भएको ठाउँ पनि हो भन्ने कुरा उल्लेख गरिएको छ यहाँ। यस्तै पश्चिमाञ्चलको मर्स्याङ्दी नदीदेखि प्युठानसम्मको भागलाई मगरक्षेत्र उल्लेख गरिएका कुरा यहाँ सविस्तार वर्णन गरिएको देखिन्छ। यो क्षेत्रलाई मंगोलियनको आदिवासी क्षेत्रका रूपमा लिन सकिन्छ भन्ने कुरालाई पनि यहाँ देखाउन खोजिएको छ। बागलुङ शब्द पचलनमा आएदेखिनै यसक्षेत्रका कतिपय यस्ता ठाउँहरूमा बाङ अन्त्यानुप्रास जोडी नामाकरण गरिएका कुराहरूलाई पनि सविस्तार वर्णन गर्ने क्रमलाई छुटाइएको छैन। यस्तै म्याग्दीमा बसोबास गर्ने छन्त्यालहरूको पुर्खौली पेशा खानी संचालन गर्नु हो। त्यसैले पनि कतिपय यस्ता गाउँहरूलाई नामाकरण गर्ने सिलसिलामा खानी अन्त्यानुप्रास जोडी नामाकरण गरिएको कुरा अत्यन्त रोचक पाराले प्रस्तुत गरिएको कुरा देखिन आउँछ।

बागलुङ जिल्लाको वृत्तचित्र झण्डै-झण्डै सम्पूर्ण नेपालको वृत्तचित्र जस्तो देखिन्छ। बागलुङ शब्दको व्युत्पत्ति १८ थरिका भाषा भाषीहरूले आ-आफ्नै किसिमले व्याख्या गरेको कुरा पनि यस पुस्तकको अध्ययनपश्चात् पुष्टि हुन्छ। प्रेमछोटाद्वारा लेखिएको यो सांस्कृतिक पहिचानको पुस्तक हनुमान नाचले बागलुङको सांस्कृतिक पहिचान र इतिहास बोकेको कुरालाई कदापि नकार्न सकिंदैन।

यसको उद्देश्य नै यहाँको पुरानो संस्कृतिलाई उजागर गर्नु हो । सांस्कृतिक परिचय बोकेर हिंडेको यो पुस्तकले बागलुङको इतिहासलाई उचाली दिएको कुरा तथ्यगत हिसाबले पुष्टि हुन्छ। बागलुङ जिल्लाको पुरानो इतिहास भन्नु नै नेवारी समुदायको सांस्कृतिक नाच हनुमान नाच नै हो भन्ने कुरालाई यस पुस्तकले स्पष्टतः छर्लङ्ग पारिदिएको छ । नेवारहरू नेपालका आदिवासी हुन् भन्ने कुरा त पुस्तक अध्ययन गर्नेले नै स्वतःजानकारी प्राप्त गर्न सक्छ नै । नेवारी संस्कृति र परम्पराअनुसार प्रत्येक ३ वर्षमा एकपटक हनुमान नाच नचाइने प्रचलन रहँदै आएको कुरा तथ्यगत रूपमा साबित नै देखिन्छ । इतिहासविद् डिल्लीरमण रेग्मीका अनुसार नेपालमा ७२५ जाति भएको कुरा तथ्य सावित भएको देखिन्छ ।

यसै सिलसिलामा हनुमान जोगाई राख्ने प्रक्रियालाई नजर अन्दाज लगाउने क्रममा यो पुस्तक पढ्दै जाँदा भादगाउँ र बनेपाबाट विस्थापित भैआएका नेवारहरू( चौधरी) जसलाई त्यस बखतको तालुक मुखिया कहलिएका व्यक्तिले हरेक वर्ष रक्षा बन्धनको भोलिपल्टदेखि कृष्ण अष्टमीसम्मको अवधिमा त्यस भेकमा नचाइने हनुमान नाचदेखि लिएर त्यहाँ प्रचलित खास-खास नाचहरूलाई नचाउँदै आइरहेका कुरा पनि यस पुस्तकबाट अवगत गर्न सकिन्छ। हनुमान नाचका प्रधानकाजीहरू विक्रम सम्बत् २०१३ साल देखि बिक्रम सम्बत् २०६३ सालसम्म जम्मा १० व्यक्तिले प्रधान काजीको रूपमा आफ्नो कार्यभार सम्हाल्दै आएको देखिन्छ भने उपयुक्तमध्ये नारायण श्रेष्ठ र ओमकारप्रसाद गौचनबिचमा दोहोरिएर आएका प्रधान काजीहरूमध्ये पर्न आउँछन् । यसैगरी बागलुङका नेवार जातिहरू म्याग्दीको बेनी बजारमा बसाइँ सराइ गरी सहरिया जीवन बिताउने क्रममा त्यस क्षेत्रमा पुगे पनि आफ्नो संस्कृतिलाई बिर्सन नसकि त्यहाँ नचाइने हनुमान नाचदेखि लिएर अन्य कतिपय यस्ता नाचहरू नचाइनाले नै पुष्टि गरेको देखिन आउँछ । यसैगरी पर्वतको कुष्मामा पनि यस किसिमको रीतिरिवाज प्रथालाई कायमै राखेको देखिन्छ ।

यो सांस्कृतिक पुस्तकको चौथो परिच्छेदमा हनुमान नाचको संरक्षण र यसको सम्बर्द्धन कसरी गर्न सकिन्छ भन्ने कुरालाई अगाडि सारिएको छ। यसरी नै यो नाच करिब ३०० वर्षदेखि यता सांस्कृतिक प्रचलनका रूपमा नचाइँदै आएको कुरा यहाँ देखाउन खोजिएको छ। यो नाच प्रचलनले आउने पिँढीलाई समेत मार्ग प्रसस्त गर्ने कुरा यहाँ उल्लेख गरिएको छ । यसरी गरिने यो नाच प्रचलनले लोक सांस्कृतिका बारेमा चेतना जगाउने काम समेत भएको देखिन्छ। बागलुङबासीहरूले यो हनुमान नाच संरक्षणका लागि संस्था स्थापना गरेको र सोही संस्थाले अन्य सामाजिक कार्यहरू गर्दै आइरहेको कुरालाई समेत यहाँ उल्लेख गरेको देखिन्छ। हनुमान नाचको पूजाविधिलाई संरक्षण गर्ने उद्देश्यले यो संस्थाले आफ्नो पूजा कार्य सञ्चालन गर्ने सिलसिलामा प्रारम्भदेखि लिएर बिसर्जन कार्यसम्मका लागि नौ परिच्छेदमा आ-आफ्ना कार्य विभाजन गरेको कुरा पनि देखिन आउँछ । यो संस्थाले विधिवत् रूपमा आफ्नो विधान परिचालन गरेको देखिन्छ। हनुमान नाचको प्रधान काजी नेवार जातिबाट मात्र नलिएर अन्य जातिबाट समेत लिने गरिएका कुराहरू पनि यहाँ पहिले नै उल्लेख भैसकेका छन्। तसर्थ परिशिष्ट खण्डको अन्त्यमा आएर यसले हनुमान नाचका फोटाहरू राखेको छ भने यसै सिलसिलामा हनुमान नाचका पुराना लेखोट यसले राख्न समेत भ्याएको देखिन्छ।

●